# मोहन कोइरालाका कृतिहरूको विवरणात्मक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
नेपाली केन्द्रीय विभागको एम.ए. दोस्रो वर्षको
दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी
जीवनकुमार काफ्ले
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर


२०६४

मोहन कोइरालाका कृतिहरूको विवरणात्मक अध्ययन – जीवनकुमार काफ्ले

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह द्वितीय वर्षका छात्र श्री जीवनकुमार काफ्लेले **मोहन कोइरालाका कृतिहरूको विवरणात्मक अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । मिहिनेतपूर्वक तयार पारिएको उहाँको शोधकार्यमा म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०६४/०६/

.........................

रामहरि पौडेल

उपप्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# कृतज्ञताज्ञापन

प्रस्तुत **मोहन कोइरालाका कृतिहरूको विवरणात्मक अध्ययन** शीर्षकको शोधपत्र मैले आदरणीय गुरु उप.प्रा. रामहरि पौडेलज्यूको कुशल निर्देशनमा तयार पारेको हुँ । आफ्नो विविध कार्यव्यस्तताका बाबजुद पनि मलाई शोधकार्यमा आवश्यक निर्देशन प्रदान गरी शोधकार्य पूरा गराउनु भएकोमा सर्वप्रथम म उहाँप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको शीर्षक चयनमा आवश्यक प्रेरणा र सुझाव दिनुका साथै स्वीकृति प्रदान गर्नुहुने विभागीय प्रमुख प्रा. घनश्याम उपध्यायप्रति आभारी छु । शोधकार्यका लागि आवश्यक पुस्तक, पत्रपत्रिका, शोधपत्र आदि सामग्री उपलब्ध गराई सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालयप्रति पनि आभारी छु । यसैगरी प्रस्तुत शोधपत्र तयार पार्नका निम्ति आवश्यक वातावरण मिलाइदिने पिता ऋषिराज काफ्ले माता शोभा काफ्लेप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । यसैगरी शोधकार्यका सिलसिलामा सामग्री सङ्कलन तथा अन्य कार्यमा सहयोग पुऱ्याउनुहुने प्रचण्ड, लक्ष्मी, बुना, प्रकाश, दिपेशलगायत सम्पूर्ण सहयोगी र साथीहरूलाई धन्यवाद दिन चाहन्छु ।

शोधकार्यको टङ्कन कार्यमा सहयोग गर्नुहुने ‘जी’ कम्प्युटर सेन्टर, कीर्तिपुरका जितेन महर्जन र विवेक महर्जनप्रति पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मिति : २०६४/०६/

जीवनकुमार काफ्ले
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६२/०६३

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

मितिः २०६४/६/

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र श्री जीवनकुमार काफ्लेले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि तयार गर्नुभएको **मोहन कोइरालाका कृतिहरूको विवरणात्मक अध्ययन** नामक शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| ........................................ | ........................................ | ........................................ |
| प्रा. मोहनराज शर्मा | उपप्रा. रामहरि पौडेल | प्रा. घनश्याम उपाध्याय |
| वाह्य निरीक्षक | शोधनिर्देशक | विभागीय प्रमुख |

# विषयसूची


पृष्ठ

**परिच्छेद एक**

शोधपत्रको परिचय १–६

**१.१ शोधशीर्षक** १

**१.२ शोधकार्यको प्रयोजन** १

**१.३ विषयपरिचय** १

**१.४ समस्या कथन** १

**१.५ उद्देश्यहरू** २

**१.६ पूर्वकार्यको समीक्षा** २

**१.७ शोधकार्यको औचित्य** ५

**१.८ शोधकार्यको सीमाङ्कन** ६

**१.९ शोधविधि** ६

**१.९.१ सामग्री सङ्कलन विधि** ६

**१.९.२ सामग्रीविश्लेषण विधि** ६

**१.१० शोधपत्रको रूपरेखा** ६

**परिच्छेद दुई**

मोहन कोइरालाको जीवनी र व्यक्तित्त्व ७–१६

**२.१ मोहन कोइरालाको जीवनी** ७

**२.१.१ जन्म, जन्मस्थान र बाल्यकाल** ७

**२.१.२ शिक्षा–दीक्षा** ८

**२.१.३ पारिवारिक जीवन** ९

**२.१.४ रुचि र स्वभाव** ११

**२.१.५ भ्रमण** ११

**२.१.६ सम्मान र पुरस्कार** १२

**२.१.७ लेखन** १२

**२.१.७.१ लेख्ने प्रेरणा र प्रभाव** १२

**२.१.७.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी** १३

**२.२ व्यक्तित्त्व** १३

२.२.१ साहित्यकार व्यक्तित्त्व १३
२.२.२ साहित्येत्तर व्यक्तित्त्व १३
२.२.२.१ शारीरिक व्यक्तित्त्व १३
२.२.२.२ जागिरे व्यक्तित्त्व १४
२.२.२.३ सामाजिक व्यक्तित्त्व १५
२.२.३ जीवनी, व्यक्तित्त्व र साहित्य लेखनबीच सहसम्बन्ध १५
२.२.४ जीवनदर्शन १६
परिच्छेद तीन
मोहन कोइरालाका कविताहरूको अध्ययन १७-६८
३.१ मोहन कोइरालाको कविता यात्रा १७
३.२ मोहन कोइरालाका कवितायात्राको चरण विभाजन १७
३.२.१ प्रथम चरण १७
३.२.२. द्वितीय चरण १८
३.२.२.१ पहिलो उपचरण १९
३.२.२.२ दोस्रो उपचरण २०
३.२.३ तृतीय चरण २१
३.३ मोहन कोइरालाका कवितागत प्रवृत्ति २२
३.३.१ स्वच्छन्दतावादी प्रवृत्ति २२
३.३.२ प्रयोगवादी प्रवृत्ति २३
३.३.३ दुर्बोध्यता २४
३.३.४ विसङ्गतिवादी प्रवृत्ति २५
३.३.५ विम्ब र प्रतीक प्रयोग २५
३.३.६ बौद्धिकता २५
३.४ समसामयिक कविहरूको सापक्षेतामा कवि कोइराला २६
३.५ मोहन कोइरालाको स्थान ३३
३.६ मोहन कोइरालाका केही कविता र काव्यहरूको अध्ययन ३५
३.६.१ सारङ्गी कविताको अध्ययन ३५
३.६.२ “यो परिवेश हिजोको” लामो कविताको अध्ययन ३९
३.६.२.१ संरचना पक्ष ३९
३.६.२.२ भाषाशैली ४०

३.६.२.३ विषयवस्तु ४०

३.६.२.४ पात्र ४०

३.६.२.५ उद्देश्य ४०

३.६.२.६ दृष्टिबिन्दु ४१

३.६.२.७ परिवेश ४०

३.६.२.८ समष्टि अध्ययन ४०

३.६.३ “नीलो मह” काव्यको अध्ययन ४६

३.६.३.१ संरचना पक्ष ४७

३.६.३.२ चरित्र तथा पात्रविधान ४७

३.६.३.३ परिवेश ४९

३.६.३.४ उद्देश्य ५०

३.६.३.५ भाषाशैली ५१

३.६.३.६ दृष्टिबिन्दु ५१

३.६.३.७ कथावस्तु ५१

३.६.३.८ सामाजिकता ५५

३.६.३.९ आर्थिक विपन्नता ५५

३.६.३.१० सांस्कृतिक पक्ष ५६

३.६.३.११ विसङ्गतिवादी जीवनदृष्टि ५६

३.६.३.१२ कारुणिकता ५६

३.६.३.१३ मूल भाव ५७

३.७ मोहन कोइरालाको प्रकाशित फुटकर कविता र कृतिहरूको विवरण ५८

३.७.१ कविताहरूको विवरणको सूची ५८

३.७.२ काव्य र कृतिहरूको विवरणको सूची ६७

परिच्छेद चार

मोहन कोइरालाका कथाहरूको अध्ययन टढ(डद्ध

४.१ कथाकार मोहन कोइराला ६९

४.२ मोहन कोइरालाको कथा यात्रा ६९

४.३ कथाकार मोहन कोइरालाको कथागत प्रवृत्ति ७०

४.३.१ यथार्थवादी प्रवृत्ति ७०

४.३.२ मनोविश्लेषणवादी प्रवृत्ति ७०

४.३.३ शहरी परिवेशको चित्रण ७१

४.३.४ नारी चरित्रलाई प्रमुखता दिने ७१

४.३.५ सरल भाषा प्रयोग ७१

४.३.६ कम पात्रहरूको प्रयोग ७१

४.४ मोहन कोइरालाका कथाहरूको विश्लेषण ७२

४.४.१ पानीको घाउ कथाको विश्लेषण ७२

४.४.२ 'सकसक' कथाको विश्लेषण ७३

४.४.३ 'स्वामिलालको डेरा' कथाको विश्लेषण ७४

४.४.४ 'सुपारी पसल' कथाको विश्लेषण ७५

४.४.५ 'तटस्थता' कथाको विश्लेषण ७७

४.४.६ 'रुमालको गन्ध' कथाको विश्लेषण ७८

४.४.७ 'डाक्टर बज्र' कथाको विश्लेषण ७९

४.४.८ गोरेटोको खोजीमा मीना कथाको विश्लेषण ८०

४.४.९ मानिस, कदम र आवाज कथाको विश्लेषण ८१

४.५ कथाकार मोहन कोइरालाको स्थान ८२

४.६ मोहन कोइरालाका कथाहरूको विवरणको सूची ८४

परिच्छेद पाँच

मोहन कोइरालाका एकाङ्कीहरूको अध्ययन ८५-९२

५.१ नाटककार मोहन कोइराला ८५

५.२ मोहन कोइरालाको नाट्यकारिता ८५

५.३ मोहन कोइरालाको नाट्य प्रवृत्ति ८६

५.४ मोहन कोइरालाका एकाङ्कीहरूको अध्ययन ८७

५.४.१ 'भिङ्गे दाउ' एकाङ्की अध्ययन ८७

५.४.२ 'ग्रीन-बिस्कुट' एकाङ्कीको अध्ययन ८९

५.५ कोइरालाका एकाङ्कीको विवरणको सूची ९२

परिच्छेद छ

मोहन कोइरालाका समीक्षाहरूको अध्ययन ९३-१०४

६.१ गद्य समीक्षक मोहन कोइराला ९३

६.२ मोहन कोइरालाको समीक्षात्मक लेखको अध्ययन ९३

६.२.१ कवितामा स्वका प्रकारान्तर स्वरहरूको अध्ययनः ९४

६.२.२ पुराना नेपाली कविताको एक अध्ययन ९५
६.२.३ करुण रसका केही नेपाली कविताको अध्ययनः ९६
६.२.४ नेपाली गद्य कविताको प्रारम्भ ९६
६.२.५ कवितामा चर्चित भएका भौगोलिक स्थलहरूको अध्ययनः ९७
६.२.६ नेपाली कवितामा केही हास्य प्रयोग अध्ययनः ९८
६.२.७ नेपाली कविताको विश्व सन्दर्भको अध्ययन ९८
६.२.८ निष्कर्ष ९९
६.३ मोहन कोइरालाका लेख, निबन्धको संक्षिप्त अध्ययन १००
६.४ मोहन कोइरालाका सम्पादकीय दृष्टिको अध्ययन १०१
६.५ मोहन कोइरालाका गद्य समीक्षा, लेख र सम्पादित कृतिहरूको सूची १०२
परिच्छेद सात
निष्कर्ष र उपसंहार १०५-१०९
७.१ निष्कर्ष १०५
७.२ उपसंहार १०८
सन्दर्भसामग्रीसूची ११०-११३

# सङ्क्षेपीकृत रूप

| संक्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| डा. | - | डाक्टर |
| वि.सं. | - | विक्रम सम्वत् |
| सम्पा. | - | सम्पादक |
| पृ. | - | पृष्ठ |
| उप.प्रा. | - | उप-प्राध्यापक |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञाप्रष्ठिान |

# परिच्छेद एक

# शोधपत्रको परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'मोहन कोइरालाका कृतिहरूको विवरणात्मक अध्ययन' रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागमा स्नातकोत्तर तहको दसौँपत्रको परिपूर्तिको प्रयोजनका लागि प्रस्तुत गरिएको हो ।

## १.३ विषयपरिचय

मोहन कोइराला (वि.सं. १९८३-२०६३) नेपाली साहित्यको कविता, कथा, नाट्य, एकाङ्की र गद्य समीक्षा विधामा कलम चलाउन सफल नेपाली साहित्यकार हुन् । यस शोधपत्रमा कोइरालाले नेपाली साहित्यका विविध विधामा लेखिएका प्रकाशित कृतिहरूको आधारमा उनको रचनाधर्मिताको विश्लेषण गरी उनको प्रकाशित रचना र कृतिको विवरण प्रस्तुत गरिएको छ । उनको कविता, कथा, नाट्य एकाङ्कीको र गद्य समीक्षाको प्राथमिकताका आधारमा अध्ययन गरी उनका विधागत प्रवृत्तिहरूको विवरणात्मक निरूपण गरिएको छ ।

## १.४ समस्या कथन

प्रस्तुत शोधपत्रको समस्याकथन निम्नलिखित रहेका छन् :

(क) मोहन कोइरालाको रचनाधर्मिता कस्तो रहेको छ ?

(ख) मोहन कोइरालाका विधागत रचना के कस्ता रहेका छन् ?

(ग) मोहन कोइराला विधागत आधारमा उनका के-कस्ता प्रवृत्तिहरू रहेका छन् ।

(घ) प्रकाशित कृति र रचनाहरूको विवरण के-कस्तो छ ?

## १.५ उद्देश्यहरू

प्रस्तुत शोधपत्रको उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) मोहन कोइरालाको रचनाधर्मिताको अध्ययन गर्नु,

(ख) मोहन कोइरालाका विधागत कृतिहरूको निर्धारण गर्नु,

(ग) मोहन कोइरालाका प्रकाशित कृति र रचनाहरूको विवरण प्रस्तुत गर्नु,

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार मोहन कोइरालाका बारेमा विभिन्न विद्वानहरूले विभिन्न पुस्तकहरूमा तथा पत्रिकाहरूमा आ-आफ्नो विचार प्रकट गरेका छन् । यी विचारहरू मोहन कोइरालाका कवितासँग मात्र सम्बन्धित रहेको छ । उनको कथा नाट्य एकाङ्की र गद्य समीक्षामा कुनै समालोचना भएको छैन । अतः मोहन कोइरालका कवितासँग सम्बन्धित केही दृष्टिकोण र अन्य विधामा प्रकाशित पुस्तक र शोधमा भएका परिचयात्मक टिप्पणी तल प्रस्तुत गरिएको छ ।

विभिन्न समालोचना ग्रन्थहरूमा कवि कोइरालाका बारेमा अध्ययन गरिएका समालोचना ग्रन्थहरूमा मुख्यतः सिंहावलोकन[१], नेपाली काव्य र कवि[२], नेपाली कविताका प्रवृत्ति[३], अनुभव र अनुभूति[४] र कविता चर्चा[५] रहेका छन् ।

समालोचक वासुदेव त्रिपाठीले सिंहावलोकनमा ‘नेपाली कविताको नवीनतम् धारा : परम्पराको सापेक्षतामा’ शीर्षक समालोचनात्मक लेखमा कवि मोहन कोइरालाले

---

[१] वासुदेव त्रिपाठी, सिंहावलोकन, द्वितीय संस्करण (ललितपुर : साझा प्रकाशन, २०३२), पृ. २८७-३४१ ।

[२] राममणि रिसाल, नेपाली काव्य र कवि (ललितपुर : साझा प्रकाशन, २०३१), पृ. ४४४-४९ ।

[३] रमेश श्रेष्ठ, नेपाली कविताका प्रवृत्ति, तेस्रो संस्करण (ललितपुर : साझा प्रकाशन,२०४९), पृ. २१४-२२९ ।

[४] उत्तम कुँवर, अनुभव र अनुभूति (काठमाडौं : रूपायन प्रेस, २०३९), पृ. ६४-६८ ।

[५] कुमार बहादुर जोशी, कविता-चर्चा (ललितपुर : साझा प्रकाशन, २०४०), पृ. १३७-१५२ ।

नेतृत्व गरेको आधुनिक कवि मण्डलीको चर्चा गर्दै कवि कोइरालाको फर्सीको जरा र सूर्यदानका कवितांश उद्धृत गर्दै कविताको स्वर तथा शैलीगत नवीनतालाई उद्घाटन गरेको पाइन्छ । सिंहावलोकनमा नै कवि कोइरालाको 'लेक' प्रणय काव्यको विश्लेषण र उनको प्रयोगशील कवित्वका विवेचना पाइन्छ ।

राममणि रिसालले 'नेपाली काव्य र कवि' को 'आधुनिक कवि र कविता' मा कवि मोहन कोइरालालाई आधुनिक नेपाली कविहरूमा मुर्धन्य कविको रूपमा चर्चा गरेका छन् । उनले कवि कोइरालाका 'कार्टुनको शहर', 'पलङ नँ २१', 'सारङ्गी', 'फर्सीको जरा', 'मेरो व्यङ्ग्य चित्र' आदि कविताहरूको उल्लेख गर्दै समसामयिक युगीन व्यथा र कथालाई कोइरालाका कविताले प्रतिनिधित्व गरेको चर्चा गरेका छन् ।

नेपाली कविताका प्रवृत्तिमा समालोचक रमेश श्रेष्ठले मोहन कोइरालका 'सडकमा हुस्से', 'घाइते युग', 'म देवता बन्न नसकेकोमा', 'सूर्यदान', 'लेक' आदि कविता काव्यका अंशहरू प्रस्तुत गर्दै शहरीया जीवनको कुण्ठा, निराशा, उच्चाट र तुच्छताले उनका कवितामा व्याख्या पाएको चर्चा गर्दै नेपालको शहरी परिवेशलाई कवितात्मकता दिन चेतना प्रवाहशीलता र प्रभाववादका मूलभूत प्रवृत्तिलाई कविले आत्मसात गरेको उल्लेख पाइन्छ ।

उत्तम कुँवरद्वारा लेखिएको 'अनुभव र अनुभूति ग्रन्थमा' यस युगका उपलब्धि र उपेक्षित स्रष्टा दुई लेखहरू कवि मोहन कोइरालासँग सम्बन्धित पाइन्छन् । पहिलो लेखमा कवि कोइरालाको २४ वर्ष देखि नेपाली साहित्य सेवाको उचित मूल्याङ्कन नभएको उल्लेख गर्दै उनलाई यस युगाका महान उपलब्धिको रूपमा अङ्गीकार गरिएको छ भने दोस्रो लेखमा कविको आर्थिक दुरावस्थासँग दिन-दिनै संघर्ष गर्नु पर्ने यथार्थता उल्लेख गरिएको छ ।

कुमार बहादुर जोशीद्वारा लिखित 'कविता चर्चा' को कवि मोहन कोइराला र उनको र उनको गङ्गा प्रवास लेखमा कवि कोइरालाको संक्षिप्त जीवनी प्रस्तुत गर्दै गङ्गा प्रवासलाई एक कारुणिक काव्यको रूपमा विवेचना गरेका छन् ।

कविता सम्पादनका क्रममा बासुदेव त्रिपाठी, डा. ताराप्रसाद जोशी, समालोचक चुडामणि बन्धुले कोइरालाको कविता लेखनको विशेषता र आधुनिक गद्य कवितामा पुऱ्याएको योगदानको चर्चा गरेको पाइन्छ ।

विभिन्न पत्रपत्रिकाहरूमा आधुनिक कवितासम्बन्धी लेखहरू र मोहन कोइरालाका कविताबारे लेखिएका समालोचनाहरूमा मोहन कोइरालाको कविता लेखनको विशेषता र उनको प्रयोगधर्मिताको चर्चा पाइन्छ भने आक्षेप पनि लगाइएको पाइन्छ ।

मोहन कोइरालाका कविता सम्पादनमा डा. ईश्वर बरालले कवि मोहन कोइरालाका (२०२८ सम्म) प्रकाशित कविताहरूको सम्पादनको सिलसिलामा मोहन कोइरालाका कविताको अभिवीक्षा[६] मा कवि कोइरालाको संक्षिप्त जीवनीलाई रेखाङ्कित गर्दै उनको काव्ययात्रा र काव्य प्रवृत्ति तथा शैलीको विवेचना गरेको पाइन्छ । कवि कोइरालाको काव्ययात्रा स्वच्छन्दतावादी प्रगतिवादी धाराबाट आरम्भ भएको चर्चा गर्दै आधुनिक युगका विभिन्नतालाई गहन बौद्धिकताका साथ कोइरालाका कविताले प्रस्तुत गरेको पाइन्छ । यसै सन्दर्भमा कोइरालाका शैलीगत त्रुटि र कमजोरीलाई पनि डा. बरालले औंल्याएको पाइन्छ ।

मोहन कोइरालाका कविता बाहेक अन्य विधामा समालोचना भएको पाइदैन । तर पनि नेपाली विषयको अप्रकाशित शोधपत्रमा उनको विधागत सामान्य टिप्पणी भएको पाइन्छ ।

चूडामणि काफ्लेले कवि मोहन कोइरालाको जीवनी व्यक्तित्त्व र प्रारम्भिक कविताको अध्ययनमा कविताका अलावा कथा र गद्य समीक्षाको अति संक्षिप्त परिचयात्मक विश्लेषण गरेका छन् । उनले[७] मोहन कोइरालाको 'पानीको घाउ' र 'सक सक' कथाको संक्षिप्त विश्लेषण गरेका छन् । मोहन कोइरालाको कथा लेखन तात्क्षणिक र परावर्तित दुवै कथारेखा प्रयोग गरेको चर्चा गर्दै पात्रको खास चरित्र अङ्कन

[६] ईश्वर बराल, (सम्पा.) मोहन कोइरालाका कविता (ललितपुर : साझा प्रकाशन, २०३०)

[७] चूडामणि काफ्ले, मोहन कोइरालाको जीवनी, व्यक्तित्व र प्रारम्भिक कविताको अध्ययन (त्रि.वि., २०४२), पृ. २१ ।

भन्दा आन्तरिक तथा मानसिक विश्लेषणमा कुशलता प्राप्त गरेको भनेका छन् । त्यस्तै 'सिउँडीमा' सम्पादकीय टिप्पणीमा सम्पादकले[८] कोइरालालाई विवादास्पद कथा लेखक भन्दै 'पानीको घाउ' कथालाई सर्वथा नौलो कथाको रूपमा उभ्याएका छन् ।

गद्य समीक्षामा उनले लेखेका लेखहरूको बारेमा खासै अध्ययन र समालोचना भएको पाइँदैन । शोधकर्ता चूडामणि, काफ्लेले उनको गद्य समीक्षक गद्य लेखक व्यक्तित्त्वको साधारण अध्ययन गरेको पाइन्छ । काफ्लेले कोइरालाको समीक्षात्मक गद्य लेखनका सम्बन्धमा उनले यस्तो टिप्पणी गरेका छन् । "कविताका कृतिको सैद्धान्तिक चर्चामा कृतिहरूको आन्तरिक र बाह्य संरचनाका दुवै पक्षबाट नियालेर प्रयोगपरक समीक्षामा विधागत रूपमा कृतिको मूल्याङ्कन गर्ने प्रयास कोइरालाका समीक्षाहरूमा पाइन्छ" भन्ने उल्लेख गरेका छन् ।[९]

तुलसीप्रसाद गौतमले 'मोहन कोइरालाका केही कविताको वस्तुपरक अध्ययन' मा मोहन कोइरालाको जीवनी र साहित्यिक व्यक्तित्त्वको अध्ययनको क्रममा उनले कथाकार, नाटककार र सम्पादक लेख निबन्धकार व्यक्तित्त्वको परिचय प्रस्तुति गर्दै लेख, निबन्ध, एकाङ्की, कथाको नाम उल्लेख गरेका छन् ।

मोहन कोइराला नेपाली साहित्य जगत्का एक वरिष्ठ साहित्यकार हुन् । उनको कवि व्यक्तित्त्वको मात्र अध्ययन र विश्लेषणले उनले लेखेका अन्य साहित्य रचना भने छिपेको पाइन्छ । हुनत उनको मूल ख्याति कवितामा नै रहेको छ । तर उनको समग्र साहित्यिक मूल्याङ्कन कविताले मात्र गर्दैन । उनले लेखेका कथा, समीक्षात्मक लेख, एकाङ्की आदिमा उनको लेखकीय विशेषताको यस शोधपत्रमा अध्ययन गरिएको छ ।

## १.७ शोधकार्यको औचित्य

नेपाली साहित्यमा स्थापित साहित्यकार मोहन कोइरालाको छुट्टै पहिचान छ । उनको योगदानले नेपाली साहित्य जगतमा विशेष महत्त्व राख्दछ । उनले लेखेका

---

[८] सिउँडी, सम्पादकीय, टिप्पणी वर्ष २ (२०२६), पृ. १७-२१ ।

[९] चुंडामणि काफ्ले पूर्ववत्, पृ २५ ।

साहित्यिक रचना तथा कृतिको विधागत रचनाहरूको विवरण प्रस्तुत गर्दै ती विधागत प्रवृत्तिहरूको निरूपण गर्नु यस शोधकार्यको औचित्य रहेको छ ।

### १.८ शोधकार्यको सीमाङ्कन

मोहन कोइरालाले लेखेका प्रकाशित विधागत कृति र रचना आदिको विवरणको सूची प्रस्तुत गर्दै ती रचनाहरूको अध्ययन गरी उनको विधागत प्रवृत्तिको विश्लेषणमा यो शोध कार्य केन्द्रित भएको छ । यस शोधपत्रमा कविताको छोटो एउटा र लामा कविता दुईओटा गरी अन्य प्राप्त हुन आएका कथा, एकाङ्की र समीक्षात्मक लेखहरू आदिको अध्ययनमा यो शोध कार्य केन्द्रित रहेको छ ।

### १.९ शोधविधि

#### १.९.१ सामग्री सङ्कलन विधि

मोहन कोइरालाका प्रकाशित कृतिहरू, उनको बारेमा भएको शोधकार्य, उनको बारेमा भएका समालोचना र नेपाली समालोचनाका पुस्तकहरूको पुस्तकालयीय अध्ययनलाई सामग्रीसङ्कलनको मूल आधार बनाइएको छ ।

#### १.९.२ सामग्रीविश्लेषण विधि

यसरी सङ्कलित सामग्रीहरूलाई वर्णनात्मक एवम् विश्लेषणात्मक पद्धतिद्वारा अध्ययन गरी यो शोधकार्य पूरा गरिएको छ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसार सात परिच्छेदहरूमा विभाजन गरिएको छ :

परिच्छेद एक : शोधपत्रको परिचय
परिच्छेद दुई : मोहन कोइरालाको जीवनी र व्यक्तित्त्व
परिच्छेद तीन : मोहन कोइरालाका कविताहरूको अध्ययन
परिच्छेद चार : मोहन कोइरालाका कथाहरूको अध्ययन
परिच्छेद पाँच : मोहन कोइरालाका एकाङ्कीहरूको अध्ययन
परिच्छेद छ : मोहन कोइरालाका समीक्षाहरूको अध्ययन
परिच्छेद सात : उपसंहार तथा निष्कर्ष

यसरी अन्तमा सन्दर्भसामग्रीसूची पनि रहेको छ ।

**परिच्छेद दुई**

# मोहन कोइरालाको जीवनी र व्यक्तित्त्व

## २.१ मोहन कोइरालाको जीवनी

### २.१.१ जन्म, जन्मस्थान र बाल्यकाल

मोहन कोइरालाको जन्मदिनका सम्बन्धमा केही विवाद देखिन्छ । ईश्वर बरालका अनुसार वि.सं. १९८३ मंसिर २९ गते भएको हो[१], बासुदेव त्रिपाठीका अनुसार वि.सं. १९८३ मंसिर ११ गते भएको हो[२], तुलसी प्रसाद गौतमले स्नातकोत्तर नेपाली विषयको शोधपत्रको प्रयोजनको लागि कोइरालासँग लिएको अन्तर्वार्तामा कोइरालाले १९८३ मंसिर ११ गते[३] उल्लेख गरेबाट कोइरालाबो जन्म वि.सं. १९८३ मंसिर ११ गते र मृत्यु २०६३ फागुन १० गते भएको हो ।

उनको जन्म काठमाडौंको डिल्लीबजार ठटुनटी टोलमा (धोविधारा नजिक) भएको हो ।[४] कोइरालाको पिताको नाम ईश्वरीप्रसाद कोइराला र माताको नाम मिश्रप्रिया कोइराला हो ।[५]

ईश्वरीप्रसाद संस्कृतका विद्वान र पेशासले जागिरे थिए । उनका तीन छोरा र एक छोरी मध्ये उनी माहिलो सुपुत्र हुन् । ठटुनटीमा बाह्र-चौध रोपनी जग्गासहित विशाल घर थियो । सिन्धुली जिल्लाको दुम्जामा खेती थियो । जागिरबाट आएको तलब र खेतीको आम्दानीले परिवारको गुजारा चल्दथ्यो ।[६]

कोइरालाका जिजुबाजे रंगनाथ कोइरालाका दुइटी श्रीमती थिए । कान्छी जिजुबज्यै जनककुमारी श्री ५ पृथ्वी वीरविक्रमकी बुबुधाई थिइन् । उनले सिन्धुली जिल्लाको माम्ती खोलादेखि झाँगाझोली भन्ने ठाउँसम्मको करिब चारकोषजति जग्गा

---

[१] ईश्वर बराल, पूर्ववत्, पृ. च ।

[२] बासुदेव त्रिपाठी र अन्य (सम्पा.) नेपाली कविता भाग-२ (काठमाडौं : साझा प्रकाशन, २०४८) पृ. २६४ ।

[३] तुलसीप्रसाद गौतम, मोहन कोइराला केही कविताको वस्तुपरक अध्ययन (त्रि.वि.वि. शोधपत्र, २०५४) पृ. १०७ ।

[४] ऐजन, पृ. १०७ ।

[५] ऐजन ।

[६] ऐजन ।

विर्तामा पाएकी थिइन । उनका छोरा नभएर छोरीहरू मात्र थिए । जिजुबज्यै जनक कुमारीले आफ्ना छोरीहरूलाई मात्र सम्पूर्ण सम्पत्ति दिने र छोराका सन्तान ( ईश्वरीप्रसाद कोइरालाहरू) लाई केही नदिने विचार गरेकोले ईश्वरी प्रसादले कौशल अड्डामा मुद्दा दायर गरे । त्यसबेला जुद्धशभशेर श्री ३ थिए । उनले जिजुबज्यैलाई मुद्दा जिताइदिएकाले ईश्वरीप्रसादले मुद्दा हारे । त्यसपछि घरवारविहीन भई उनी नक्सालमा डेरा सरे, केही समय नक्साल बसेपछि पुनः कालिकास्थानको सरकारी घरमा डेरा सरेको जानकारी पाइन्छ ।[७]

ईश्वरीप्रसाद कोइराला सम्पन्न अवस्थाबाट विपन्न अवस्थाम ओर्लनुपरे पनि वि.सं. १९९७ मा आर्थिक सङ्कलन गरी मैतीदेवी चोकबाट दक्षिण घट्टेकुलो चोकबाट उत्तर हाल घर भएको जग्गा किनी त्यहीँ घर बनाएपछि डेरामा बस्नु पर्ने बाध्यताबाट मुक्त भएको देखिन्छ ।[८]

### २.१.२ शिक्षा–दीक्षा

उनले अक्षारम्भ आफ्नै पिताबाट पाए । शुरुमा संस्कृत पाठशाला तीनधारामा पिताले नै भर्ना गरिदिए । पिता ईश्वरीप्रसाद आफू स्वयं संस्कृत पढेका र स्वभावैले संस्कृतप्रेमी भएकाले छोरालाई पनि संस्कृतको विद्वान बनाउन चाहन्थे । घरमा पढाउने गुरु चाहिँ पद्मप्रसाद आचार्य थिए ।[९]

पिताको इच्छाअनुसार कोइरालाले आफ्नो अध्ययनलाई अगाडि बढाउन सकेनन् । वि.सं. १९९४ सालमा कोइराला विराटनगरको आदर्श माध्यमिक विद्यालयमा भर्ना भई अध्ययन गर्न थाले । त्यहाँ पनि मन नलागेपछि पुनः काठमाडौं फर्की डिल्लीबजारको रात्री स्कूलमा केही समय अध्ययन गरे ।[१०]

---

[७] ऐजन, पृ. १०८ ।

[८] ऐजन ।

[९] ऐजन, पृ. ११० ।

[१०] ऐजन ।

पढ्दा पटक्कै आउँदैनथ्यो भनी स्वीकार्नुहुने कोइराला अन्तमा औपचारिक शिक्षाबाट विदा लिए पनि उनी साहित्यप्रेमी थिए । त्यसताका भारतबाट प्रकाशित हुने 'हंश', 'कल्याण' आदि पत्रिकाहरू नेपालमा पनि आउँथे । 'हंश' पत्रिकामा सागर, नागार्जुन बच्चन आदि कविहरूका रचना र डी.एच लरेन्सका अनुवाद गरिएका कविता हुन्थे । त्यसैताका नेपालबाट 'शारदा' पत्रिका प्रकाशन हुन्थ्यो । त्यस पत्रिकामा देवकोटा, सिद्धिचरण, रिमाल आदिका कविताहरू बढो रुचिसाथ उनले अध्ययन गरेको थाहा हुन्छ ।[११]

यसरी साहित्यकार मोहन कोइरालाले औपचारिक शिक्षा भन्दा अनौपचारिक शिक्षा र स्वः अध्ययनबाट शिक्षा आर्जन गरी साहित्य साधनामा आफूलाई समर्पित गरेको बुझिन्छ ।

### २.१.३ पारिवारिक जीवन

२०१४ साल असार ९ गते ३१ वर्षको उमेरमा काठमाडौं न्यूरोडमा बस्ने मदन अर्यालकी कान्छी सुपुत्री सावित्री अर्यालसँग बैदिक परम्परा अनुसार विवाह सम्पन्न भएपछि दुई दम्पत्ति र पाँच जना छोराछोरी गरी सात जनाको परिवार रहेको छ ।[१२]

पिताकै अभिभावकत्वमा साहित्यकार बनेर बसेका मोहन कोइरालालाई पिताको देहावसान नहुन्जेलसम्म गाँस-बासका लागि भौतारिनु परेको थिएन । वि.सं. २०१६ पुस १७ गते पिताको स्वर्गवास भयो र २०१७ असार १६ गते माताको पनि स्वर्गवास भएपछि कोइरालालाई आर्थिक समस्याले सताएको देखिन्छ ।[१३]

परिवारको पालन-पोषण गर्नुपर्ने सम्पूर्ण दायित्व कोइरालाको टाउकामा आएपछि उनले सर्वप्रथम वि.सं. २०१८ सालतिर हेटौँडाको पद्ममपोखरी प्राथमिक विद्यालयका शिक्षक भई जागिरे जीवनमा प्रवेश गरेको पाइन्छ ।[१४] एक वर्षजति शिक्षक

---

[११] ऐजन ।

[१२] ऐजन, पृ. १११ ।

[१३] ऐजन, पृ. १०९ ।

[१४] ऐजन ।

भई काम गरेपछि कोइराला पुनः काठमाडौं फर्के । त्यसैताका भाइ शंक पनि अलग भएको थाहा हुन्छ ।[१५]

नोकरी र व्यवसायमा रुचि नहुँदानहुँदै पनि बाध्यतावश कोइरालाले आफूलाई विभिन्न पेशामा लगाएको देखिन्छ । त्रि.वि.वि.को निर्माण गर्दा काठको केक्का लिने नरसिंहबहादुर श्रेष्ठले पद्मकन्या स्कूलको निर्माणको पनि ठेक्का लिएका थिए । यी ठेकेदारसँग ५-६ महिनाजति हेटौँडा नवलपुरमा काम गरेका कोइरालाले केही समय जिन्सीसम्बन्धी हिसाब राख्ने काम गरेको जानकारी पाइन्छ ।[१६]

केदारमान व्यथितको सहयोगबाट २०२० सालमा 'नेपाली साहित्य संस्थान' मा मासिक रु २०० पाउने गरी कार्यालयय सञ्चालकको रूपमा केही महिना काम गरेको थाहा पाइन्छ । साथै केदारमान व्यथित 'सञ्चार तथा निर्माण यातायात'मन्त्री भएपछि मन्त्रीको सिफारिस अनुसार यातायात संस्थानको सुब्बामा कोइराला नियुक्त भएपछि २०३० चैतसम्म करिब १० वर्ष कार्यरत रहे । त्यहाँ काम गर्दा कोइरालालाई विहान के खाउँ बेलुका के खाउँको समस्या चाहिँ भएन ।[१७]

वि.सं. २०३१ सालमा प्रज्ञाप्रतिष्ठानको सदस्यको रूपमा रहेका कोइराला २०४७ मा पुनः प्रज्ञाको सदस्यमा नियुक्त भएको देखिन्छ । वि.सं. २०५५ देखि २०६० सालसम्म कोइराला प्रज्ञाप्रतिष्ठानको उपकुलपतिको गरिमामय पदमा रहेको पाइन्छ ।

यातायात संस्थानमा जागिरे हुनुभन्दा अघि आर्थिक सङ्कटले सताएपनि यातायात संस्थानमा रहन्जेल उनलाई पहिला झैं गाँसको समस्या परेन । परिवारको सदस्यको वृद्धिले उनको आर्थिक स्थितिमा असर भने पारेको देखिन्छ । कोइरालाले आफूलाई बढी समय साहित्य साधनामा लगाए । उनले आर्थिक लाभ बटुल्ने कार्यमा रुचि नलिनाले उनको आर्थिक स्थिति भने कमजोर नै रहेको देखिन्छ । प्रज्ञाको उपकुलपति भएपछि

---

[१५] ऐजन ।

[१६] ऐजन ।

[१७] ऐजन ।

त्यस्तो आर्थिक संकट केही हटेको देखिन्छ । २०६३ साल फागुन १० गते उनले यस संसारबाट विदा लिए ।

### २.१.४ रुचि र स्वभाव

मोहन कोइराला गम्भीर, भावुकका साथै एकान्तप्रेमी व्यक्ति हुन् । नदीको किनारमा बसेर एक्लै पानीको धुन सुन्न रुचाउने कोइराला पानी अत्यन्त मन पराउँछन् ।[१८] महत्त्वपूर्ण पुस्तक चुनेर पढ्न मन पराउने कोइराला पुस्तक सञ्चय गर्नु र फूलबारीमा काम गर्नु आफ्नो 'हबि' को रूपमा लिन्छन् । बालककालमा अति सात्विक भोजन गर्ने उनी मासु नखाएकोमा परिवार नै चिन्तित भएको पाइन्छ । पछि मासु खान थालेपछि उनको सबभन्दा बढी मनपर्ने भोजन नै मासु र भात रहेको देखिन्छ ।[१९]

कतै हिँड्दा राष्ट्रिय पोसाक दौरा-सुरुवालमा सजिएर हिँड्ने कोइराला शान्त प्रकृत्तिका र कम बोल्ने स्वभाव उनको रहेको पाइन्छ । जति रातमा लेख्न सक्यो त्यति नै रचना राम्रो हुन्छ भन्ने कोइराला लेख्दा एकान्त ठाउँ खोज्ने र भावनामा डुब्न मनपराउँछन् । गहिराईमा पुगेर नयाँ शिल्प र शैलीको खोजी गर्दै अरू नपुगेको ठाउँसम्म पुग्न चाहने कोइराला साधनामा सदैव डुबिरहेझैँ लाग्छ ।[२०]

### २.१.५ भ्रमण

भ्रमण गर्न अत्यन्तै रुचाउने कोइराला धेरै ठाउँहरूमा नघुमे तापनि देश विदेशका विभिन्न ठाउँहरूमा गरी थुप्रै ठाउँहरूको भ्रमण गर्ने अवसर पाएका छन् । विभिन्न साहित्यिक कार्यहरूको निमन्त्रणामा अध्ययन र अध्यापन गर्न जाँदा देशका विभिन्न क्षेत्रहरूमा भ्रमण गरेको देखिन्छ । आफ्नै देशमा भ्रमण गरेका ठाउँहरूमध्ये नेपालगन्ज, पोखरा, झापा, धनकुटा, विराटनगर, जनकपुर, वीरगन्ज, हेटौँडा आदि

---

[१८] ऐजन, पृ. १११ ।

[१९] ऐजन ।

[२०] ऐजन ।

स्थलहरूको भ्रमण गरेका छन् भने त्यस्तै विदेशको भ्रमणमा चीन, भारतको दार्जलिङ, बर्माको रंगुन, हङकङ, तिब्बत आदि ठाउँहरूको पनि भ्रमण गरेको देखिन्छ ।[२१]

### २.१.६ सम्मान र पुरस्कार

ईश्वर बरालले सम्पादन गरेको 'मोहन कोइरालाका कविता' नआउन्जेलसम्म उनको पुस्तककारको रूपका कुनै पनि कृति छापिएको थिएन । सर्वप्रथम यसै कविता संग्रहका लागि कोइरालाले २०३० को साझा पुरस्करा प्राप्त गरे । त्यसपछि 'नदी किनाराका माझी' काव्यसंग्रहलाई २०३८ को मदन पुरस्कार प्राप्त भएको देखिन्छ । यसैगरी २०३५ सालमा 'रत्नश्री सुवर्ण पदकले कोइराला विभूषित भएको देखिन्छ । 'ऋतु निमन्त्रण र गरलपान' कविता संग्रहका लागि २०४० मा पुनः साझा पुरस्कार प्राप्त भएको पाइन्छ ।

### २.१.७ लेखन

#### २.१.७.१ लेख्ने प्रेरणा र प्रभाव

शुरुमा कोइरालले शंकर कोइरालाको साथ बस उठले कथा लेख्न खोजे तर कथा लेख्दा त्यति सन्तोष नभए पछि कविता लेख्न थाले ।[२२] घरको परिस्थिति र शंकर कोइरालाको सहयोगले उनी साहित्यतिर प्रवृत्त भएको बुझिन्छ । यो भन्दा महत्त्वपूर्ण प्रेरणा चाहिँ राणा शासनको अन्यायपूर्ण फैसलाले घरवारविहीन भई संघर्षमय जीवनको यथार्थ पक्षसँग नजिकिने मौका पाए । फलस्वरूप उनको अवचेतन मनमा ठूलो चोट पर्‍यो र त्यसताकाको समाजको विकृतिले पनि अभिव्यक्ति पथमा घचेडेझैँ अनुभूति हुन्छ । साथ-साथै तयस बेलाका शारदा, हंश पत्रिकामा प्रकाशित कविता-कृतिहरूबाट र अझ बढी चाहिँ गोपालप्रसाद रिमालबाट प्रभाव परेको देखिन्छ ।

---

[२१] ऐजन ।

[२२] ईश्वर बराल, पूर्ववत्, पृ-च ।

### २.१.७.२ लेखनको प्रारम्भ र प्रकाशनको थालनी

शुरुमा भाइ शंकरसँगै कथा लेख्न थाल्ने कोइरालाले कथालाई त्यागी कविता लेख्न शुरु गरे । शुरुमा नागर्जुन बच्चन आदिका ढाँचामा कविता लेखेपछि नक्कलझैँ देखिएकाले शुरुका सबै कविता च्यातेर फालेको बताउने कोइरालाको प्रथम कविता 'जाँदा-जाँदै सम्झेर' हो ।[२३] जुन २०१० सालमा प्रगति पत्रिकामा छापिएको थियो ।[२४] कोइरालाको प्रथमप्रकाशित कविता 'उनीहरूले बुझिसके' हो । जुन सात सालको शारदाको नारी अतिरिक्ताङ्कमा छापिएको थियो । यस्को रचनाकाल भने २००३ साल हो ।[२५]

## २.२ व्यक्तित्त्व

विविध व्यक्तित्त्व भएका कोइरालाको व्यक्तित्वलाई साहित्यिक र साहित्येत्तर व्यक्तित्त्व गरी दुई भागमा बाँड्न सकिन्छ ।

### २.२.१ साहित्यकार व्यक्तित्त्व

कोइराला मूलतः साहित्यकार हुन् । साहित्यका प्रायः सबै विधामा कोइरालाले कलम चलाएको पाइन्छ । उनको मूलः ख्याती कविता नै हो । तर, उनले कथा, नाटक र केही गद्य समीक्षात्मक लेख लेखेको पाइन्छ । यी सबैको यस शोत्रपत्रमा छुट्टा-छुट्टै परिच्छेदमा अध्ययन गरिएको छ ।

### २.२.२ साहित्येत्तर व्यक्तित्त्व

#### २.२.२.१ शारीरिक व्यक्तित्त्व

गोरो वर्ण सेताम्मे फुलेको कपाल, फाराकिलो निधार, सधैँ हाँसिरहेझै देखिने अनुहार, छरितो शरीर, करिब साँढे पाँचफुट अग्ला मोहन कोइराला राष्ट्रिय पोशाक

---

[२३] उत्तम कुँवर, स्रष्टा र साहित्य, चौथो संस्करण (ललितपुर : साझा प्रकाशन, २०५०), पृ. ९१ ।

[२४] ऐजन ।

[२५] बासुदेव त्रिपाठी र अन्य, आधुनिक नेपाली कविता, (काठमाडौं : ने.रा.प्र.प्र., २०२८) पृ. २७५ ।

नलगाउने हो भने झट्ट हेर्दा युरोपियन झैं देखिन्थे ।[२६] ८० वर्षको उमेरमा मस्तिष्कघातको कारणले २०६३ फागुन १० गते उनको शरीरले हामीबाट बिदा लिइसकेको छ ।

### २.२.२.२ जागिरे व्यक्तित्त्व

मातापिताको देहावसनपछि वि.सं. २०१८ सालतिर हेटौँडाको पद्मपोखरी प्राथमिक विद्यालयमा शिक्षक भई सर्वप्रथम जागिरे जीवनमा प्रवेश गरेको देखिन्छ । त्यसपछि त्रि.वि.वि.को निर्माणार्थ काठको ठेक्का लिने नरसिंहबहादुर श्रेष्ठसँग जिन्सी सम्बन्धी हिसाब राख्ने नोकरी गरेको देखिन्छ । वि.सं. २०२० सालमा मासिक रु २०० पाउने गरी 'नेपाली साहित्य संस्थान' मा केही समय कार्यालय सञ्चालनको रूपमा नोकरी गरेको देखिन्छ ।

केदारमान व्यथित 'सञ्चार तथा निर्माण यातायात'मन्त्री भएपछि उनकै सहयोगबाट यातायात संस्थानमा सुब्बासरह (लेखाफाँट) को पदमा नियुक्त भई २०३० चैत्रसम्म सालसम्म काम गरेको देखिन्छ । अरू ठाउँ भन्दा यातायत संस्थानमा सबैभन्दा बढी रहेको कुरा उनको जागिरे जीवनले देखाउँछ ।[२७]

वि.सं. २०३१ वैशाख १ मा प्रज्ञाको सदस्यमा नियुक्त भएपछि २०३५ सालसम्ममा करिब ५ वर्ष कार्यरत रहेको पाइन्छ । त्यसपछि धेरै लामो समयसम्म उनी घरमै बसी साधनाम तल्लीन रहेको कुरा उनको कृतिहरूबाट प्रष्ट हुन्छ । २०४६ सालको आन्दोलनबाट प्राप्त प्रजातन्त्र पश्चात उनी पुनः अढाई वर्ष जति प्रज्ञाको सदस्यमा रही विभिन्न कार्य गरेको देखिन्छ । २०५५ साल देखि २०६० सालसम्म ने.रा.प्र. प्रतिष्ठानको उपकुलपतिको गरिमामय पद सम्हालेको पाइन्छ ।

---

[२६] तुलसीप्रसाद गौतम पूर्ववत्, पृ. १५ ।

[२७] ऐजन, पृ. १०९ ।

### २.२.२.३ सामाजिक व्यक्तित्त्व

मोहन कोइराला कुनै संघ संस्थासँग आवद्ध भएको पाइँदैन । तर पनि उनको साहित्यिक कृतिहरूले समाजमा देखापरेको विकृति, इर्ष्या, कुण्ठा, रोग, अभाव, छलकपट, नारीपीडा, शहरको फोहोरीपन इत्यादी कुरालाई कलात्मक रूपमा नौलो पारले अभिव्यक्त गर्नु, समाज सुधारको इच्छा राख्नु नै कोइरालाको सामाजिक व्यक्तित्त्वको विशेषता रहेको पाइन्छ ।

### २.२.३ जीवनी, व्यक्तित्त्व र साहित्य लेखनबीच सहसम्बन्ध

मोहन कोइरालाको ८० वर्षको जीवनीलाई हेर्दा उनले विभिन्न संघर्षका चरणहरू पार गरेको पाइन्छ ।

उनको सम्पन्न अवस्थादेखि विपन्न अवस्था, मातापिताको निधन, भाइ शंकर अलग हुनु, परिवारको वृद्धिसँगै उनको आयस्रोतको कमी र महँगीको चपेटा आदि कठिनाईबाट उनले जीवनलाई नजिकैबाट अध्ययन गरेको देखिन्छ । जागिरको खोजि र त्यही शिलशिलामा हेटौँडासम्मको बसाइ काठको ठेक्का, कुखुरा पालन, प्रज्ञाको सदस्य हुँदै उपकुलपतिसम्म बनेका कोइरालाले आफ्नो स्वः अध्ययन र स्वः साधनालाई भने निरन्तर राखेको देखिन्छ ।

यसैगरी अध्ययन क्रममा पनि संस्कृत पाठशालादेखि विराटनगरहुँदै काठमाडौंको रात्री स्कूलमा अध्ययन गरेपनि औपचारिक शिक्षा पूरा गर्न सकेनन् । उनले आफ्नो स्वः अध्ययनबाटै काव्य साधनामा विशिष्टता हासिल गर्न पुगेको देखिन्छ ।

विभिन्न क्षेत्रमा संलग्नता रहेपनि मोहन कोइराला साहित्यक्षेत्रमा नै सफल रहेको देखिन्छ । उनले साहित्यलाई नौलो रूप र शैलीमा प्रस्तुत गरी नेपाली कवितालाई समय सापेक्ष स्थितिमा पुऱ्याई विश्वसाहित्यको निकट पुऱ्याएको देखिन्छ ।

मोहन कोइरालालाई उनको आफ्नै जीवन वृत्तबाट साहित्य लेखनलाई प्रभावित पारेको देखिन्छ । देशी-विदेशी साहित्यकारबाट प्रभावित कोइराला देवकोटा, रिमाल,

लेखनाथबाट प्रभाव ग्रहण गरी साहित्य सृजना गर्ने कोइराला विदेशमा ह्विट्म्यान, डी.एच. लरेन्स, टी.एस इलिएटबाट प्रभावितट भएको कुरा स्वीकारेको पाइन्छ ।[२८]

### २.२.४ जीवनदर्शन

मोहन कोइरालाको जीवनदर्शनलाई पनि विभिन्न पक्षले प्रभावित पारेको देखिन्छ । उनले भोगेका सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, साँस्कृतिकका विभिन्न पक्षले उनलाई प्रभाव पारेको देखिन्छ । विभिन्न देशका भ्रमणले उनको अनुभूतिमा नौला-नौला प्रयोगको जग गाडेको देखिन्छ । यस्तै आधारमा उनको जीवनदर्शन निर्माण भएको देखिन्छ ।

उनको जीवनदर्शनबारे उनकै शब्दमा "सम्पूर्णमा मेरो जीवनदर्शन नेपाली समाज हो । त्यही समाजको अध्ययन गर्नु, त्यसैलाई नौलो पाराले चिन्तन गर्नु, त्यही नौलो लेखनद्वारा समाजलाई कविताले अर्चन गर्नु मेरो जीवनदर्शन रहेको छ । मेरो दर्शन समाजदर्शन हो । समाजले बिर्सिन लागेको मार्गदर्शन नौलो भाषाले उद्बोधन गर्न खोज्नु नै मेरो प्रयास हो ।[२९]

---

[२८] ऐजन, पृ. ११० ।

[२९] एजन, पृ. ११५ ।

## परिच्छेद तीन

# मोहन कोइरालाका कविताहरूको अध्ययन

### ३.१ मोहन कोइरालाको कविता यात्रा

कवि मोहन कोइरालाले २००३ सालदेखि नै कविता लेख्न थालेका हुन् । उनले लेखेको पहिलो कविता 'जाँदा जाँदै सम्झेर' हो ।[१] प्रकाशनका दृष्टिले २००७ सालको भदौ-कार्तिक अंकमा प्रकाशित 'उनीहरूले बुझिसके' भन्ने कविता प्रकाशित भएपछि उनी नेपाली कविता फाँटमा पदार्पण हुन्छन् । उनको कविता लेखनको आधारमा २००३ सालदेखि २०६३ साल सम्मलाई आधार मानेर अध्ययन गर्दा ६० वर्षको देखिन्छ । यसै ६० वर्षको उनको काव्ययात्रालाई तीन चरणमा विभाजन गरी प्रत्येक चरणमा देखिएका उनका विशेषताहरूलाई संक्षिप्त रूपमा यहाँ देखाउने प्रयत्न गरिएको छ ।

### ३.२ मोहन कोइरालाका कवितायात्राको चरण विभाजन

प्रथम चरण (२००३-२०१६) स्वच्छन्दतावादी धाराबाट प्रयोगवाद तर्फको तयारी

द्वितीय चरण (२०१७-२०३६) प्रयोगवाद, दुरुहता र क्लिष्टता ।

तृतीय चरण (२०३७-२०६३) समसामयिकता, अजटिलता, सरलता, सम्प्रेष्यता ।

### ३.२.१ प्रथम चरण

मोहन कोइरालाको कविता लेखन २००३ सालबाट शुरुभए पनि प्रकाशन २००७ सालको 'शारदा' पत्रिकाबाट शुरु भएको देखिन्छ । वि.सं. २०१७ सालको रूपरेखामा प्रकाशित 'घाइते युग' कविताद्वारा प्रयोगवादी धारा शुरुवात भएकोले[२] २००३ देखि २०१६ सम्मको समयावधिलाई प्रथम चरण मान्न सकिन्छ । यस अवधिमा कोइराला स्वच्छन्दतावादीबाट प्रयोगवादी धारातर्फको झुकाव बढ्दै गएको देखिन्छ ।

---

[१] उत्तम कुँवर पूर्ववत्, पृ. ९१ ।

[२] वासुदेव त्रिपाठी, "रूपरेखा र मोहन कोइराला", रूपरेखा (वर्ष १२, अंक ८ २०३४) पृ. ३६२ ।

कविता लेखनको प्रारम्भिक चरणमा नै आफ्ना सहकर्मी साथीहरू भन्दा भिन्न र नौला प्रवृत्तिका कविता लेखेर आफ्नो छुट्टै शैलीको प्रारूपको तयारीमा रहेको पाइन्छ । प्रथम चरणका कविताहरूमा 'देशको परिचय', 'म पहिलो आगन्तुक हुँ', 'म तिम्री छोरीलाई प्रेम गर्छु', 'शहीद', 'सिंहिनी लालसाको अग्नि कुण्ड', 'आधुनिक नेपालको क्लब ह्विस्की', 'कार्टुनको शहर', 'म सम्झन्छु', 'प्रसूता', 'मेरो आलोक' आदि प्रमुख रहेका छन् ।

यी कविताहरूमा रहेका विम्ब र प्रतीक प्रयोगले शहरिया जीवनको दृश्य, नाटकीय एकालाप, आत्मपरक भावावेगको प्रवलता, शिल्पगत चातुर्य, लाक्षणिकता, यथार्थता जस्ता विशेषताहरूले उनी प्रयोगशिलतातर्फ उन्मुख रहेको पाइन्छ । २००७ सालको प्रजातन्त्रको उदय पश्चात लेखन क्षेत्रमा आएको नयाँ-नयाँ प्रवृत्ति र शैलीले कवि कोइरालामा पनि प्रभाव पारेको पाइन्छ । प्रकाशनको स्वतन्त्रता, नवीनताको खोजले नेपाली काव्यवृत्तमा नौलो लहर ल्यायो । अतः २००७ देखि २०१५ सम्मको राजनैतिक संक्रमणले नेपाली समाज र संस्कृतिमा ल्याएको परिवर्तनले त्यतिखेरका कवि कलाकारमा प्रभाव पर्नु स्वभाविकै थियो । कोइराला पनि आफ्ना कविता मार्फत यस चरणमा नेपाली समाज, देशभक्तिको भावना, दलित, शोषितप्रति सहानुभूति, भावुकता, सामाजिक संक्रान्तिको ध्वनि, प्रणय र वासनाको प्रगाढ रागका साथै अवचेतन मनको भावको तुमुलता, भाषाशैलीको गद्यगितात्मकता आदि जस्ता विशेषताहरूले लक्ष्मीप्रसाद देवकोटाद्वारा थालिएको स्वच्छन्दतावादबाट पूर्णतः मुक्त हुन सकेको पाइँदैन । यस चरणका उनका कविताहरूमा भाषिक शिथिलता, शब्दार्थ विचलन, वाक्य संरचनाको विचलन, स्वर्निमित भाव विम्ब, काम वृत्ति अमूर्त लेखन तर्फको आकर्षणले स्वच्छन्दतावादबाट प्रयोगबाद तर्फको यात्रा तय गरेको पाइन्छ ।

### ३.२.२. द्वितीय चरण

वि.सं. २०१६ सालको रूपरेखामा प्रकाशित 'घाइते युग' कविताद्वारा प्रयोगवादी धाराको शुरुवात भई २०३७ सालको सडक कविता क्रान्तिसम्म प्रयोगवादीले कविता

लेखन कायम भएको पाइन्छ । यस अवधिमा उनको फुटकर कविताका साथै लामो कविता लेखनले नेपाली काव्य जगतमा नयाँ शैली र प्रयोगको रूप लिएको पाइन्छ । वि.सं. २०१७ देखि २०३६ सालसम्मको जटिल दुर्बोध्य कविताले एकछत्र राज्य गरेको समयावधि पनि हो । द्वितीय चरणलाई पनि दुई उपचरणमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

पहिलो उपचरण २०१७ देखि २०२१ सम्म प्रयोगवादी कविताको प्रवर्धन

दोस्रो उपचरण २०२२ देखि २०३६ सम्म प्रयोगवादी जटिलता

### ३.२.२.१ पहिलो उपचरण

'घाइते युग' कविता रूपरेखाको २०१७ भदौ असोज अंकमा प्रकाशित भएपछि "नेपाली कवितामा रोमान्टिक प्रगतिवादी धारा तोड्दै कोइरालाले प्रयोगवादी धाराको सुरुवात गरेका हुन् ।[३] यस चरणमा अंग्रेजी साहित्यका प्रसिद्ध कवि टी.एस. इलियटको शहरी सभ्यताको प्रभाव र हिन्दी प्रयोगवादी कविहरूको अनुसरण गर्दै विसङ्गति र अस्ति□ववादी धाराका मूल प्रवृत्तिलाई आत्मसात् गरी नेपाली साहित्यका प्रसिद्ध प्रयोगवादी कविको रूपमा देखा पर्दछन् ।[४] यस समयका कविताहरूमा विश्वमा घटित घटना, नेपाली राजनीतिक अवस्था विश्वयुद्धले ल्याएका परिणाम, नेपालमा एकतन्त्रि तानाशाही व्यवस्थाको जगजगी आदि कुराले कोइरालामा ठूलो प्रभाव पारेको पाइन्छ । फलतः सोझो अर्थदिने कविता लेखनको साटो राजनैतिक व्यङ्ग्य र तत्कालीन व्यवस्थाको विरोध गर्न अमूर्तता, दुर्बोध्यता, नवीन विम्ब र प्रतीकको आदिबाट व्यवस्थाप्रतिको असन्तोष व्यक्त गर्ने माध्यम हुन पुगेको पाइन्छ । यस चरणमा अभिव्यक्तिका माध्यम झन-झन जटिल बन्न पुगे । कोइरालाले यस चरणमा विसङ्गतिमूलक जीवनदृष्टि, अस्ति□ववादी चेत, अमूर्त अवचेतन लेखन आदि मूल प्रवृत्ति रहेको पाइन्छ । 'फर्सीको जरा' (२०२१) ले उनको प्रयोगवादी नव कवित्वका

[३] ऐजन पृ. ३६२ ।

[४] नारायणप्रसाद गौतम, नेपाली खडकाव्य सिद्धान्त र विवेचना (काठमाडौं : दीक्षान्त पुस्तक भण्डार २०६१) पृ. १७० ।

मूलभूत प्रवृत्तिको अझ टड्कारो प्रस्तुति गरेको पाइन्छ । यस कवितामा विसङ्गतिवादी जीवनदृष्टिसँगै अस्तित्त्ववादी चेत पनि टुसाएको पाइन्छ भने जीवनजगतका व्यर्थता वा निस्सारता बोध सहित मानवीय अस्मिताको अपराज्य अङ्कुरण पनि प्रकट भएको पाइन्छ ।[५]

अतः 'घाइते युग'बाट प्रयोगवादी कविताको प्रर्वधन गर्ने कविता कोइराला 'सारङ्गी हुँदै', 'फर्सीको जरा' कविताबाट आफूलाई प्रयोगवाद कविको रूपमा स्थापित गरेको पाइन्छ । यस अवधिमा उनका कविताहरूले उनलाई झन जटिल, अस्पष्ट असम्प्रेष्यता जस्ता प्रवृत्ति मौलाउँदै गरेको कविको रूपमा उभ्याउने प्रयत्न गरेको देखिन्छ ।

### ३.२.२.२ दोस्रो उपचरण

मोहन कोइरालाको कविताायात्रको यो उपचरण पहिलो उपचरणको उत्कर्षको समय हो । यस उपचरणमा उनको लामो कविता लेखन, कथानकविहीन काव्य र कविता संग्रह प्रकाशित भएका छन् । 'लेक' 'मोहन कोइरालाका कविता संग्रह', 'पलङ नं. २१', 'नून शिखरहरू', 'हिमचुली रक्तिम छ', 'सारङ्गी बोकेको समुद्र' जस्ता पुस्तककार कृतिहरू प्रकाशित भएको छन् ।

यस चरणका कविताहरूमा अस्तित्त्ववादी, विसङ्गतिवादी प्रवृत्ति नै बढी पाइन्छ । अमूर्त अवचेतन लेखनको विशिष्टताका साथै सौन्दर्यचेतना पनि उत्तिकै सशक्त देखिन्छ । कतिपय कविता/काव्यमा प्रणयपरकता र यौनिक अन्तरवस्तुको व्याप्ति पनि देखिन्छ । पाश्चात्य साहित्यका अति यथार्थवादी र प्रयोगवादी लेखनलाई आत्मसात् गर्नु उनको अर्को विशेषता हो ।[६] यस उपचरणका कविताहरूमा मानवीय जीवनाका व्यर्थता, निस्सारता, निरर्थकता र सङ्गतीविहीनताको चित्रणका साथै अस्मिताबोधको

---

[५] वासुदेव त्रिपाठी र अन्य, नेपाली कविता भाग-४, (ललितपुर : साझा प्रकाशन, २०५३), पृ. २६५ ।

[६] लक्ष्मणप्रसाद गौतम, "मोहनकोइरालाका काव्ययात्रा प्रवृत्ति र योगदान", मधुपर्क (वर्ष ३५, अङ्क १२, पूर्णाङ्क ४५५, वैशाख २०६४) पृ. १५ ।

अभिव्यक्ति पाइन्छ । अति दुरुह, जटिल र असम्प्रेष्य र समष्टि प्रभाव युक्त कविता लेखन यस उपचरणमा रहेको देखिन्छ ।

मोहन कोइरालाको लामो कविता लेखनको शुरुवात र प्रयोगवादको उत्कर्षले उनलाई पाठकबाट टाढिएको लेखकको रूपमा प्रस्तुत भएको देखिन्छ । क्लिष्ट र जतिल प्रवृत्तिका कविताहरूले उनलाई दुर्बोध्य कविको आरोप पनि लागेको पाइन्छ । नेपाली कवितामा खण्डकाव्य समकक्षि गद्य लामो कविता लेखन यस चरणमा आएपछि कोइरालाले दिए । आख्यानविहीन, संरचनाविहीन प्रवृत्ति र दुरुह भाषाशैलीको विस्तार यस चरणमा कोइरालाले प्रस्तुत गरेको पाइन्छ ।

### ३.२.३ तृतीय चरण

वि.सं. २०३६ सालको सडक कविता क्रान्तिले कवितालाई पाठकले बुझ्न सक्ने बनाउन कवि साहित्यकार लागे । तत्कालीन राजनैतिक हलचलले सर्वसाधरण जनतालाई कविताको माध्यमबाट राजनैतिक चेतनाको प्रवाह गराउने उद्देश्यले त्यसबेलाका युवा कवि कलाकार सडकमा ओर्ले । फलतः जटिल र असम्प्रेष्य कविता कृतिले सर्वसाधरण जनताको चेतनाको स्तर उठाउन नसक्ने भएकाले तत्कालीन पञ्च्यायती व्यवस्थाको विरोधमा भएको क्रान्तिको समर्थनमा कवि कोइरालले भानु पत्रिकामा ‘सडकको आह्वान’ कविताले सम्प्रेष्यताको मार्ग अवलम्वन गरेको देखिन्छ ।[७] आफ्ना कविताको सम्प्रेषण सङ्कटसँग आफैँ परिचित हुँदै आए पछि मोहन कोइरालाको प्रयोगवादी कवित्वले सम्प्रेष्यता तिर ध्यान दिई संयमित हुँदै आफ्ना भाषिक र संरचनागत दुर्बलतालाई निराकरण गर्न खाजेको पाइन्छ । यस चरणका अधिकांश फुटकर कविता र लामा कविताहरूमा संवेधता सम्प्रेष्यता र प्रयोगवादी सौन्दर्यचेत खारिन पुगेको पाइन्छ । यस चरणका काव्य कृतिहरूमा ‘नदी किनाराका माझी लामा कविता संग्रह’ (२०३८), ‘ऋतु निमन्त्रण र गरलपान’ (२०४०), ‘नीलो मह’ (२०४१) ‘एउटा पपलरको पात र तीन लामा कविता संग्रह’ (२०४७) आदि कविता काव्य

---

[७] ऐजन पृ. १६ ।

प्रकाशित भएका छन् । यस चरणका कविता काव्यमा कथानकयुक्त अन्वितिको पालना, सरल भाषा, मानवीय मूल्यबोध, जनजातितर्फको झुकाव, आञ्चलिकता, शहरी जटिलताको चित्रण, निम्न स्तरका जनताको आर्थिक दुरावस्ताको चित्रण, बेरोजगारी, गरिबी आदि जस्ता कुराहरू अभिव्यक्त भएको पाइन्छ । विभिन्न विम्ब र प्रतीकको कलात्मक प्रयोग गरेर तत्कालीन सामाजिक परिवेशको स्पष्ट दृष्य आफ्ना कृतिहरूमा उतारेको पाइन्छ ।

यसै चरणको अन्तिम अवस्थामा कोइरालाको गजपथ कविता काव्य (२०५९), 'चोको पर्वत-१', 'चोको पर्वत-२' र 'आज कसैलाई विदा गर्नु छ' (२०६०) कवितासंग्रह प्रकाशित भएका छन् । यी कविता र काव्यमा युग जीवनको अभिव्यक्ति समकालीन चेतना र वर्तमानबोध पाइन्छ भने अर्कोतिर इतिहासबोध पनि पाइन्छ । यस अवधिका उनका कविता सरल भइकन पनि साङ्केतिक, प्रतीकात्मक भएर पनि सुबोध्य, कलात्मक र सौन्दर्य चेतनाका दृष्टिले पनि प्रभावकारी रहेको देखिन्छ ।

### ३.३ मोहन कोइरालाका कवितागत प्रवृत्ति

आधुनिक नेपाली कविताको तेस्रो चरणका केन्द्रीय प्रतिभा कवि मोहन कोइरालाले नेपाली कविता क्षेत्रमा विभिन्न नवीनता स्थापना गरेका छन् । उनको काव्यिक योगदानले नेपाली साहित्यमा पाश्चात्य प्रभावलाई आमन्त्रण गरी त्यस्का मूल्य र मान्यतालाई स्थापना गर्दै पाश्चात्य साहित्यमा देखिएका साहित्यिक लहर र धारलाई नेपालीकरण गर्दै संस्थागत गरेका छन् । मूलतः अवचेतन लेखन, स्वचालित, लेखन, अमूर्त लेखन, स्वप्न लेखन र अपरम्परित लेखनको आफ्नो छुट्टै लेखनशैलीको विकास गरेका कोइरालाले २०१७ सालपछि प्रयोगवादी लेखनलाई आफ्नो मूल प्रवृत्ति बनाएको पाइन्छ । अतः यिनै विभिन्न लेखनगत प्रवृत्तिको यहाँ चर्चा गरिन्छ ।

#### ३.३.१ स्वच्छन्दतावादी प्रवृत्ति

मोहन कोइरालाको कविता लेखनको प्रथम चरणमा देखा परेको प्रवृत्ति स्वच्छन्दतावादी प्रवृत्ति हो । यस चरणका उनका कवितामा प्रकृति प्रेम, मानवीयता,

पलायनता, मनका विरह र वेदनाको अभिव्यक्ति, अतितावलोकन, हार्दिकता आदि प्रवृत्तिगत् आधार भएका कविताको सृजना गरेको पाइन्छ । कोइरालाको अभ्यासिक चरण भएकाले तत्कालीन समयमा लक्ष्मीप्रसाद देवकोटा र सिद्धिचरण श्रेष्ठ जस्ता स्वच्छन्दतावादी कविहरूको कविताको ख्यातिले गर्दा कोइरालमा पनि स्वच्छन्दतावादी भावधाराका कविता लेखनमा प्रभाव परेको पाइन्छ । यस चरणका कविताहरूमा प्रकृति र मानववीचको तादात्म्यता, आत्मपरक भावावेगको प्रवलता, स्वस्फूर्त अभिव्यक्ति, सहजता, विम्ब र प्रतीकको प्रयोग, गद्यगितात्मक लय, अनियन्त्रित भाव र विम्बको स्वच्छ अभिव्यक्ति आदि यस चरणमा मूलरूपमा देखापरेका प्रवृत्तिगत विशेषता हुन् ।

### ३.३.२ प्रयोगवादी प्रवृत्ति

मोहन कोइरालाको कविता लेखनको उर्वर र सशक्त समय २०१७ सालको रूपरेखामा प्रकाशित 'घाइते युग' बाट आफूले टेकेको युगलाई नै प्रयोगवादी लेखनले परम्परागत लेखनशैलीलाई चुनौति दिँदै नेपाली कविता फाँटमा नौलो प्रयोग गरे । मोहन कोइरालाको कविता लेखनको दोस्रो चरण आमन्त्रण गर्ने यस प्रवृत्तिमा उनले स्वचालित लेखन, अमूर्त, अपरम्परित लेखन, स्वप्नको अलाप, अप्रचलित विम्ब र प्रतीकको प्रयोग, दुर्वोध्यता, अस्पष्टता, बौद्धिकता जस्ता प्रवृत्ति अंगालेको पाइन्छ । कविता र काव्य लेखनको सैद्धान्तिक मान्यतामाथि आक्रमण गर्दै पाश्चात्य कवि टी.एस इलियट, एज्रा पाउण्ड र तत्कालीन भारतीय साहित्यको प्रयोगशील लेखनको प्रभाव ग्रहण गरी नेपाली साहित्यलाई पाश्चात्य साहित्यको निकट पुऱ्याएको पाइन्छ । खासगरी प्रयोगवादी प्रवृत्तिको विकास र प्रवर्द्धन गर्न तत्कालीन नेपाली निरंकुश राजनीतिक व्यवस्था र स्वतन्त्र अभिव्यक्तिमाथिको अंकुशले मलजल गरेको पाइन्छ । त्यस बेलाको व्यवस्थाको विरोध गर्न नवीन विम्ब र प्रतीकको सहारा लिनुपर्ने बाध्यताले गर्दा कोइराला झन अस्पष्टता र दुर्बोध्यता नजिक पुगेको देखिन्छ । वि.सं. २०२१ सालको रूपरेखामा प्रकाशित 'फर्सीको जरा' कविताले झन प्रयोगवादी कविता लेखनको उत्कर्षता प्राप्त गरेको पाइन्छ । प्रयोगवादी कविता लेखनशैलीमा लामो कविता सृजना गर्ने परम्पराको विकास हुन पुग्यो 'सूर्यदान' (२०२२), 'लेक' (२०२५),

पलङ नं. २१ (२०२८), 'नुन शिखरहरू' (२०३१) आदि जस्ता कविताले प्रयोगशील लेखन अन्तर्गत खण्डकाव्य समकक्षी लामा कविताको सृजनाशैलीको विकास गरेको पाइन्छ । यी कविताकाव्य जटिल दुर्बोध्य, असम्प्रेष्य, अमूर्तशैलीको प्रयोग भएको पाइन्छ भने 'नदी किनाराका माझी' (२०३८) लामा कविता संग्रह 'नीलो मह' (२०४१) 'एउटा पपलरको पात र तीन लामा कविता संग्रह' (२०४७) ले प्रयोगवादी जटिल लेखनलाई सम्प्रेष्य कथावस्तुको प्रयोग र सरलशैलीको प्रयोग गरेको पाइन्छ । प्रयोगवादी लेखनभित्र महाकाव्य सयकक्षी लामो कविता 'नीलो मह' को लेखनले कोइरालाको भाव र संरचनामा विस्तार ल्याएको पाइन्छ ।

स्वचालित लेखन, पाश्चात्य चित्रकलामा अमूर्त चित्रकलाको प्रयोगकर्ता पिकासोको चित्रकलाको प्रभाव विश्वयुद्धोत्तर फ्रान्समा देखा परेको अस्तित्ववाद फ्रायडको यौन मनोविश्लेषण, विश्वयुद्धपछि देखापरेको विसङ्गतिवादी लेखन नित्सेको ईश्वर मृत्युको घोषणा, डार्विनको विकासवादी सिद्धान्त आदिको समष्टि प्रभाव प्रयोगवादी कवितालेखनमा परेको पाइन्छ । अतः यिनै विश्व साहित्यमा आएका नवीन मान्यताले भाषा नबुझिने, नअर्थिने, असम्प्रेष्यता, नबुझिने विम्ब र प्रतीक प्रयोग, पौराणिक मिथकलाई वर्तमानमा अवतरण, विभिन्न जातीय साँस्कृतिक परम्परालाई नौलो स्वरूप प्रदान गर्दै प्रयोगवादी जटिल लेखन कोइरालाको मूल प्रवृत्ति बनेको पाइन्छ ।

### ३.३.३ दुर्बोध्यता

मोहन कोइरालाको कविता लेखनको अर्को प्रवृत्ति दुर्बोध्यता हो । खासगरी २०१७ सालपछि प्रयोगवादी लेखनको शुरुवात गर्ने कवि कोइरालाले २०२२ सालमा 'सूर्यदान' जस्ता लामा कविता लेखनको आमन्त्रण गरे पश्चात उनी झन दुर्बोध्य बन्न पुगेको देखिन्छ । यस समयमा उनका कविताले कविताको मझौला रूप खण्डकाव्य समकक्षी लामा कविताको लेखनलाई आत्मासात् गर्दै दुर्बोध्य, जटिल, पारम्परित लेखनशैलीलाई आक्रमण गर्दै नवीनता प्रदान गर्ने हेतुले उनी पाठकबाट टाढा रहे ।

निजी वैशिष्ट्य स्थापना गर्ने खालका संरचनाविहीन लामा कविता सृजना गर्दै कवितालाई कुनै सिमानामा नबाँधि उनी एकल संवाद गर्न थाल्दछन् । यो उनको कविता लेखनको उत्कर्षको समय र सिमा दुवै  रहेको देखिन्छ । यसै प्रवृत्ति मार्फत मोहन कोइरालाको एक्लो यात्रा सुरु भई आफ्नो नितान्त भिन्न शैलीले अरूबाट अलग भएको पाइन्छ ।

### ३.३.४ विसङ्गतिवादी प्रवृत्ति

कोइरालाका कवितामा विसङ्गतिबोध भएका कविता प्रशस्त पाइन्छन् । उनी जीवनको विसङ्गत पक्षलाई आफ्ना कवितामा प्रमुखताका साथ प्रस्तुत गर्छन् । शून्यता, निराशा, मृत्युबोध, विसङ्गत समाज र संस्कृतिको प्रयोग आफ्ना कवितामा मुख्य विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ । प्रयोगवादी कवि जीवनलाई भन्दा मृत्युबोधलाई रुचाउँछन् । फलतः सम्पूर्ण संसार उसको लागि निस्सार, शून्य र निस्फल हुन्छ । आशा लाग्दो भविष्य भन्दा विसङ्गत भविष्यको चित्रण गर्न रुचाउने प्रवृत्ति कोइरालामा रहेको पाइन्छ ।

### ३.३.५ विम्ब र प्रतीक प्रयोग

कोइरालाका कवितामा विम्ब र प्रतीक प्रयोग यथेष्ट मात्रामा भएको पाइन्छ । अप्रचलित विम्ब र प्रतीक प्रयोग उनको आफ्नै पाराको रहेको पाइन्छ । उनले ‘सारङ्गी’, ‘कार्टुनको शहर’, ‘घाइते युग’, ‘सिंहिनी लालसाको अग्निकुण्ड’, ‘आधुनिक नेपालको क्लब ह्विस्की’ आदि प्रतीकले नेपालको बोध गराउँछ । जीवनका निरर्थकता, शून्यता अस्तित्वविहीनता र आफूले बाँचेको समाज र युगलाई चित्रण गर्न आफ्नै स्वनिर्मित विम्बको प्रयोग कोइरालाले गरेको पाइन्छ । अतः कोइरालाको विम्ब र प्रतीकको प्रयोग उनको अर्को मूलः प्रवृत्ति रहेको पाइन्छ ।

### ३.३.६ बौद्धिकता

मोहन कोइराला एक बौद्धिक कवि हुन् । उनको कविताले बौद्धिक पाठकको अपेक्षा गर्दछ । उनको फुटकर र लामा कवितामा जीवन र जगतका निस्सारता,

शून्यता, निरर्थकता र विसङ्गत पक्षलाई अमूर्त र स्वचालित लेखनका माध्यमबाट व्यक्त गरेको पाइन्छ । उनको आफ्नै किसिमको विम्ब र प्रतीकको प्रयोगले कविता बोध्य भन्दा दुर्बोध्य बन्न गएको पाइन्छ । भाषामाथि अतिक्रमण, व्याकरणिक त्रुटि, पदावलिको विचलन आदिले कविता नअर्थिने हुन गई जटिल बनेको पाइन्छ । अतः उनको यो अवगुणलाई बौद्धिकताले ढाकेको हुँदा उनको कविता जीवन जगत्सम्बन्धी बौद्धिक चिन्तन र त्यसलाई प्रस्तुत गर्ने शैलीको कसीमा तौलेर हेर्नु पर्ने देखिन्छ । अतः उनको कविता जटिल र बौद्धिक बनेकाले साधारण पठकबाट टाढा रहेको पाइन्छ ।

## ३.४ समसामयिक कविहरूको सापक्षेतामा कवि कोइराला

नेपाली गद्य कवितामा मोहन कोइरालासँगै सक्रिय रूपले कलम चलाउने धेरै कविहरू छन् । खासगरी कोइरालाका समसामयिक कविहरूमा भूपि शेरचन, पारिजात, मोहन हिमांशु थापा, पोषण पाण्डे, कुमार नेपाल, उपेन्द्र श्रेष्ठ, मदन रेग्मी, जगदीश शमशेर, ईश्वर वल्लभ र बैरागी काइँला प्रमुख रूपमा देखिन्छन् ।

**भूपि शेरचन-** 'नयाँ ‰याउरे' (२०१०), 'निर्झर' (२०१५) कतिवा संग्रहदेखि विकसित हुँदै गएको भूपि शेरचनको कवित्व 'घुम्ने मेच माथि अन्धो मान्छे' मा पुगेपछि परिपक्व देखिन्छ । सामाजिक वेथिति, कुसंस्कार, अनीतिपूर्ण व्यवहार देखेर शुरुमा 'नयाँ ‰याउरे' र 'परिवर्तन' नाटक लेख्ने भूपिको अभिव्यक्ति शैलीले उत्तरोउत्तर नवीनता र अनुभूतिमा संवेदनशीलता थपिँदै जान्छ । समकालीन आधुनिक कविहरूभन्दा उनका कवितामा नेपाली समाजको कथा, आशा, निराशा, जीवनवको कटु मधु यथार्थतालाई आफ्नो कविताको भाव भूमि  बनाउने कवि नेपाली गद्य कवितामा निकै लोकप्रिय बन्न पुगेका छन् । उनको कवितामा वर्तमान युगबोधको स्वर तिब्र रूपमा मुखरित भएको पाइन्छ । मोहन कोइरालाका कवितामा युगबोध र विद्रोह त्यति सशक्त रूपमा देखापरेको पाइँदैन । भूपिका कविताले सामाजिक विकृति र विसङ्गतिमाथि सरल भाव र शैलीद्वारा सशक्त व्यङ्ग्य गरेको छ । कोइरालामा अस्पष्ट भाव अमूर्त विम्ब विधान स्वचालित लेखनले व्यङ्ग्य चेत त्यति सशक्त पाइँदैन । उनले

प्रयोगशील लेखनको अभिव्यक्तिले गद्य कवितामा आफ्नो छुट्टै पहिचान स्थापित गरेका छन् । भूपिमा मूर्त भाषाशैली र कवितामा सांगीतिक चेत तीव्र रूपमा रहेको पाइन्छ । शेरचनको 'मैनवत्तिको शिखा', 'धरहरा', 'हामी', 'घुम्ने मेचमाथि अन्धो मान्छे', 'घैँटो भित्रको वटवृक्ष', 'घण्टाघर' आदि उनका लोकप्रिय कविता हुन् ।

**पारिजात**

पारिजातका कवितामा शून्यता, निस्सारता तथा कुण्ठाले अभिव्यक्ति पाएका छन् । उनी सुरुमा अस्तित्त्ववादी, विसङ्गतिवादी भावधाराका कविता सृजनागर्ने पारिजातका पछिल्ला कविताहरूमा प्रगतिवादी चिन्तन तीव्र रूपमा विकसित भएको पाइन्छ । मूर्त विम्ब प्रतीक प्रयोग सम्प्रेष्य भाषा शैलीले पारिजातका कविता बढी बोध्य बनेका छन् । नारीभित्रको अन्तरवस्तु र यौनको विद्रुप पक्षलाई चित्रण गर्ने पारिजातका कविताहरूले कोइरालाका केही प्रवृत्तिको विसङ्गतिवादी चेत र यौन विम्बसँग निकटता देखाए पनि सामाजिक विद्रोह र अस्तित्त्ववादी जीवनचेत कोइराला भन्दा पृथक रहेको पाइन्छ । कवितामा मार्क्सवादी चिन्तन र वर्गीय मुक्तीको आवाज उनको पछिल्ला कविताहरूले अभिव्यक्त गरेको पाइन्छ । कोइरालामा वर्गीय चेत सामाजिक विकृतिमाथि प्रहार नगरी यथास्थितिको चित्रण गरेको पाइन्छ । चिन्तन स्पष्टता, भावगत कोमलता र शाब्दिक सुललितता कवियत्रि पारिजातका काव्यात्मक विशेषता हुन् । 'जीवन एक वेवारिसे मृत्युको मुचुल्का' 'मेरो विश्वास मेरो अभिव्यक्ति' र 'मेरो प्राप्ति' आदि पारिजातका उत्कृष्ट कविताहरू हुन् ।

**मोहन हिमांशु थापा**

मोहन हिमांशु थापाका कविताबमा प्रतीकात्मक तथा नवरोमान्टिक शैलीको केन्द्रीयता रहेको पाइन्छ । सरल अभिव्यक्तिले भन्दा प्रतीकात्मक अभिव्यक्तिले थोरैमा धेरै भन्न सक्ने कवि हिमांशु थापाका कविता सशक्त छन् । प्रतीकात्मक अभिव्यक्तिले सौन्दर्य चेतनाको अविर्भाब हुने र सम्प्रेषणीयता समेत थपिने हुनाले उनी सौन्दर्य चेत प्रति सचेत रहेको पाइन्छ । कवि वर्तमान प्रति असन्तोष व्यक्तगर्दै जीवनको

नवमूल्यको खोज गर्छन् । हिमांशुका कवितामा नेपाली परिवेशले अभिव्यक्ति पाएको छ भने नेपाली भाषाको विशुद्ध प्रयोग रहेको पाइन्छ । सहज र स्पष्ट अभिव्यक्तिभित्र प्रतीक र विम्बको उचित समायोजन कविको निजी कवितात्मक वैशिष्यट्य हो । कोइरालाका कवितामा विम्ब र प्रतीक विधान केही खजमजिएको छ । भाषा जटिल र दुर्वोध्य बन्न गएको पाइन्छ । हिमांशुका कविता सम्प्रेष्य एवं प्रभावोत्पादक छन् भने कोइरालाका कविता समष्टिमा अर्थिने खालका छन् । कोइराला र थापाका कवितामा प्रतीकात्मक अभिव्यक्तिमा भने निकटता देखिन्छ ।

**पोषण पाण्डे**

पोषण पाण्डेका कविताहरू पनि, युगीन नैराश्यता, विरोध, विकृति र विसङ्गतिहरूका माझमा पनि सुरम्य संसार र आस्थापूर्ण भविष्य र सङ्गतिका स्वरहरू सुसेल्ने र कोमल भावानुभूति प्रकट गर्ने कवि हुन् । उनको 'बटवृक्षको उद्घाटन' (२०२५) कविता संग्रहमा राष्ट्रिय प्रेम स्वतन्त्रताको चाहना र मानवीयताले अभिव्यक्ति पाएको छ । उनको शैलीमा प्रतीकात्मक भएपनि सरल र सहज हुनका साथै कलात्मक पनि रहेको पाइन्छ । पोषण पाण्डेका कविताहरूले विसङ्गतिवादी चिन्तन प्रस्तुत गरेपनि आशापूर्ण भविष्यको कल्पना गरेको पाइन्छ । कोइरालाका कवितामा भने नैराश्यताको मात्रा बढी छ स्वतन्त्रताको चाहना र मावनीयताले पाण्डे र कोइरालाका कविताहरूमा समान रूपमा अभिव्यक्ति भएको पाइन्छ ।

**कुमार नेपाल**

कुमार नेपालका कविताहरूमा प्रशस्त नवीन प्रयोगहरू भएको पाइन्छ । यसको उदाहरणीय कृतिको रूपमा 'चर्केको पर्खाल' (२०१९) कविता संग्रह रहेको छ । कुमार नेपाल थोरै शब्दमा धेरै कलात्मक पाराले भन्ने खालका कवि हुन् । कवि नेपालका पछि पछिका कविताहरूमा वर्तमान युगका निराशा र यथार्थ जीवनका अनुभूतिहरू पाइन्छन् 'यहाँ ..........?' र 'टुकुचामा फालिएको बालकलाई दया दिन असमर्थ' कवितालाई उनका पछिका कविताहरूको नमुनाको रूपमा लिन सकिन्छ । यहाँको वायुमण्डल

दुषित छ, मानवत्व यन्त्रवत छन्, शून्य हृदयी मान्छे स्वतन्त्रताको घमण्ड गर्छ तर ऊ स्वयम् मृत्युको न्वारन गर्छ । मानव कुकृत्यमाथि क्षणिक पाशविक आवेगको परिणाम एउटा शिशुले टुकुचामा फालिनु परेको छ । ऊ समाजमा उभिन सकेको छैन । समाज उसको लागि कालको रूपमा रहेको छ । उसलाई जन्म दिने आमाले त दया दिन सकिनन् भने अरूका त के कुरा । अतः कुमार नेपाल र कोइरालाका कविताहरूले पारिवेशिक समानतालाई समेटेको पाइन्छ । कोइरालाका कविताहरूले कुमार नेपालका कतिवाहरूबाट प्रेरणा ग्रहण गरेको पाइन्छ । कुमार नेपाल वर्तमान युगीन नैराश्यता वेथितिलाई चित्रण त गर्छन तर त्यसको विकल्प र सुधार भने प्रस्तुत गरेको पाइँदैन । समाज जे छ त्यस्तै देखाउने र देखाउने क्रममा नयाँ-नयाँ प्रयोग गर्ने प्रवृति कोइरासँग निकट रहेको पाइन्छ भने सुधार र विद्रोह चेत दुवैमा कम रहेको पाइन्छ । कोइरालमा दुर्बोध्यता छ भने कुमार नेपाल सरल भाषा शैलीले जटिल विषयवस्तुलाई अभिव्यक्ति दिन सक्षम रहेको पाइन्छ ।

**उपेन्द्र श्रेष्ठ**

कवि उपेन्द्र श्रेष्ठका कविताहरूमा सामाजिक विसङ्गतिलाई विभिन्न विम्ब र प्रतीकको माध्यमले अभिव्यक्त गरेको पाइन्छ । उनले शुरुका कविताहरूमा शेरचन झैँ प्रगतिवादी र अहिले इतिहासको आवश्यकताको सापेक्षतामा आफ्ना कविता सृजना गरेको पाइन्छ । उनका कविताहरूमा अस्तित्त्ववादी चिन्तनको प्रभाव रहेको पाइए तापनि निराशावादी शोच यद्यपि कायमै रहेको पाइन्छ । यही कारण उनको कविता बढी विद्रोही बनेका छन् भने प्रयोगवादी शोच उनको अर्को मुख्य विशेषता बनेको पाइन्छ । वर्तमान युगीन विकृतिका बीचमा पनि अस्तित्त्वका अनुभूतिलाई कवितामा प्रस्तुत गर्नु कविको निजी विशेषताको रूपमा अंगिकार गर्न सकिन्छ । उपेन्द्र श्रेष्ठको प्रयोगवादी शोच र विभिन्न विम्ब र प्रतीक मोहन कोइरालाबाट अनुप्राणित र कोइराला र श्रेष्ठमा वर्तमान र युगीन विकृतिका बीचमा पनि अस्तित्त्वका पक्षमा अभिव्यक्त गर्ने खालका कविता लेखन दुवैमा समान छन भने श्रेष्ठका शैली र

कोइरालाका शैलीमा केही तात्विक भिन्नता रहे तापनि दुवैको अभिव्यक्तिले समेटेका विषयवस्तुको दुरी भने धेरै टाढा रहेको पाइदैन ।

**मदन रेग्मी**

मदन रेग्मी प्रयोगवादी कवि हुन् । उनका कवितामा प्रयोगवादी प्रवृत्तिको प्रचुरता पाइन्छ । उनका कविताले मानवीय छट्पटि, निस्सारता, मूल्यहीनता, यौनवृत्ति र विसङ्गत जीवनको चित्रण गरेको पाइन्छ । उनको आफ्नै किसिमको स्वतन्त्र चिन्तन र विचार अभिव्यक्तिले प्रयोगवादी कविता लेखनमा मलजल गरेको पाइन्छ । रेग्मी विभिन्न विम्ब र प्रतीकको प्रयोग गर्दै अमूर्त लामो कविता लेखनको शुरुवात गर्ने कवि हुनुका साथै मोहन कोइरालाका सहकर्मी कवि पनि हुन् । उनको 'आज जुजे पहाड र घाउका आँखाहरू' (२०२१) उनको लामो कविता हो । यसै कविताबाट नेपाली प्रयोगवादी गद्य लामो कविताको शुरुवात पनि भएको हो । रेग्मीका कविताहरूले परम्परा प्रति विद्रोह, अस्तित्त्वको प्रश्न, लक्ष्यहीनता र युगको अभिशाप आदि लेख्य विशेषताहरू हुन भने उनी कुनै पनि सैद्धान्तिक परिधिमा कविता लेख्न रुचाउँदैनन् र आख्यान निरपेक्ष र जटिल भाषा र शैलीले गर्दा उनका कविता दुर्बोध्य बनेका छन् । कोइराला रेग्मीबाट प्रभावित भएर लामो कविता लेखन तर्फ अग्रसर भएको पाइन्छ भने रेग्मी र कोइरालाका लेख्य शैली र भाषा प्रयोगमा समानता रहेको पाइन्छ । आख्याननिरपेक्ष र संरचनाविहीन कविता लेखन दुवैको समान खालको रहेको पाइन्छ । विम्ब र प्रतीक प्रयोगमा जटिलता दुवैमा समानान्तर रहेको पाइन्छ ।

**जगदीश शमशेर**

जगदीश शमशेरका कविताले पनि वर्तमान युगका निराशा र अनास्थालाई अभिव्यक्त गरेको पाइन्छ । प्रयोगवादी प्रवृत्ति अंगाल्ने कवि जगदीशले गद्य कवितामा 'नरसिंह अवतार' (२०३७) को रचना गरेका छन् । गद्य कविताको बृहत् रूपको सम्भावनामा प्रस्तुत कृतिले पौराणिक मिथकलाई वर्तमानको समय सापेक्षतामा प्रस्तुत गर्दै नवीन शैली र शिल्पको प्रयोग र पुराणलाई आधुनिक राजनीतिक परिवेश अनुकूल

रूपमा अवतरण गरेका छन् । शोषण, अन्याय, अत्याचार र त्यसको विरोध र आन्दोलन आदिको आक्रोश र जनविद्रोहको कल्पना आदि प्रयोग गर्दै स्वैर कल्पना र स्वप्न लेखन उनको प्रयोगधार्मिता हो भने पुराण भित्रका मन्त्रलाई वर्तमान युगमा नवीन तरिकाले प्रस्तुत गर्दै जनपक्षिय अभिव्यक्ति दिनु उनको मौलिक विशेषता रहेको पाइन्छ । कोइरालामा विद्रोह र आक्रोश जगदीश शमशेर जतिको पाइँदैन । राणा क्रान्तिकारी विद्रोही छन् भने कोइरालामा क्रान्ति र आक्रोश देखिँदैन । दुवै गद्य कवितामा वृहत रूप लामो कविता लेख्ने कवि हुन् भने अनुभूति शैली दुवैमा फरक छ । प्रयोगधर्मिता दुवैवमा समान छन् दुवै जटिल भाषा र मिथक प्रयोग गर्छन् भने विम्ब प्रयोगमा दुवैको आ-आफ्नै छुट्टै पहिचान रहेको पाइन्छ ।

**ईश्वरवल्लभ**

ईश्वरवल्लभका कवितामा आयामिक दर्शन पाइन्छ । जीवनका समग्र पक्षको चित्रण उनको कविता लेखनको मूल विशेषता हो । विभिन्न विम्ब र प्रतीकको प्रयोग गरेर जीवनलाई समग्रतामा प्रष्ट्याउने प्रवृत्ति कवि वल्लभमा रहेको पाइन्छ । मान्छेको जीवन सङ्कीर्णतामा बाँचेको छ । यस सङ्कीर्णताबाट उम्केर विशालतालाई अँगाल्ने चाहना कवि वल्लभको रहेको पाइन्छ । बाँचिएको जीवन र त्यसबाट उम्कने प्रयास, युगको जटिलताको ज्ञान, त्यस गाँठोलाई फुकाउने इच्छा, बुद्धिवादी युगले दिएको विश्वचैतन्य र जीवन मूल्यको प्रतिस्थापनको कामना बल्लभका कवितामा पाइन्छ । वल्लभ आयमेली कवि हुन् । उनमा प्रयोगवादी प्रवृत्तिको मात्रा केही कम देखिए पनि कोइरालाको प्रायोगशील लेखन आयामिक कविहरूमा परेको छ तर छुट्टै घोषणापत्र लिएर सिद्धान्त प्रतिपादन गर्दै कविता लेखन गर्ने वल्लभका भाव र विषयवस्तु जटिल छन् भाषा क्लिष्ट किसिमको प्रयोग गर्छन् । कोइरालाको प्रयोगधर्मिताको आयमिक लेखनमा प्रभाव पारेको पाइन्छ भने कोइराला पनि यस लेखनबाट प्रभावित भएको पाइन्छ ।

**वैरागी काइँला**

अर्का आयमेली कवि वैरागी काइँलाले जीवनलाई नयाँ दृष्टि र नयाँ कोणबाट हेर्नु भएको छ । उनले परम्परागत साँघुरा रुढिको विरुद्ध विद्रोहको शङ्खघोष गरेका छन् । त्यस्तै विकृति विसङ्गतिलाई औँल्याउँदै आजको मान्छेले भोग्नु परेका विवशतालाई टिपेको पाइन्छ । इतिहासबोध र वर्तमान युगीन संकिर्ण घेराबाट जीवनको व्याख्या गर्दै समग्र जीवनका पक्षको व्याख्या काँइलाका कविताले प्रस्तुत गरेको देखिन्छ ।

समसामयिक कविहरूको सापेक्षतामा कवि कोइरालाको कवित्वलाई मूल्याङ्कन गर्दा भूपि शेरचन, हिमांशु थापा, पारिजात, पोषण पाण्डे, कुमार नेपाल, उपेन्द्र श्रेष्ठको कवित्व कवि मोहन कोइरालाको भन्दा स्पष्ट सरल, सहज किसिमको देखिन्छ । यी कविका कविताहरूमा मूर्त विम्ब र प्रतीकको प्रयोग पाइन्छ । भाषा स्पष्ट र सम्प्रेष्य रहेको छ भने मोहन कोइरालामा भाषिक अस्पष्टता विम्ब तथा प्रतीकमा अमूर्तताले गर्दा कोइरालामा निकै जटिल बनेका छन् । यति हुँदा-हुँदै पनि प्रायोगिक नवीनता प्रतिकात्मक सौन्दर्यमूलक भावाभिव्यक्ति र स्वचालित लेखन प्राकृतिक मनोरमताको प्रस्तुतिमा उपर्युक्त कविहरूमा कवि मोहन कोइरालाको कवित्व निकै लाभान्वित बनेको देखिन्छ ।

जगदीश शमशेर, मदन रेग्मी र कवि कोइरालाका भाव तथा शिल्प दुवै दृष्टिबाट निकट रहेको देखिन्छ । युगीन विकृति विसङ्गतिमाथि आफ्नो असन्तुष्टि प्रकट गर्न सबै कविका कलम एकै गतिमा देखिन्छन् भने वर्तमानका अप्ठ्यारा निराशा कुण्ठा प्रतिको विद्रोह र समाजमा व्याप्त अन्याय अत्याचार भ्रष्टाचार प्रतिको रोश सबै कविका कविता लेखनका मूल विशेषता बनेका छन् । अपरम्परित नवीन विम्ब र प्रतीकको प्रयोगमा सबै कविलाई एकै कोटिमा राख्न सकिन्छ । प्रयोगवादी प्रवृत्तिका दृष्टिले पनि मदन रेग्मी, जगदीश शमशेर र कोइरालाको कवित्व एउटै सरल रेखामा अगाडि बढेको पाइन्छ भने गद्य कवितामा मध्यम तथा बृहत रूपको कृति प्रस्तुत गर्ने

मदन रेग्मी र जगदीश भन्दा पछि मात्र 'सूर्यदान' (२०२२), 'नदी किनाराका माझी' (२०३८), 'नीलो मह' (२०४१) रचना गरेको देखिन्छ । यस दृष्टिबाट हेर्ने हो भने कवि कोइरालाले कवि मदन रेग्मी र जगदीश शमशेरबाट आफ्नो खण्डकाव्यात्मक संरचनामा उत्प्रेरणा लिएको देखिन्छ ।

आयामेली कवि बैरागी काइँला गम्भीर चिन्तनको पृष्ठभूमिमा जीवनका साङ्गो-पाङ्गो पक्षलाई पाठक सामु राख्दछन् उनका कवितामा संरचनागत सु-संगठन, भावको लयबद्ध संगितात्मकता र विचारको स्पष्पटता वैरागी काइँलाका कविताहरूमा पाइन्छन् भने ईश्वर वल्लभ चाहिँ बौद्धिक जटिलतामा रूपमा लिई विम्ब र प्रतीकको भरपुर प्रयोग गर्दै भावगत अस्पष्टता उनका कवितामा पाइन्छन् । बौद्धिक दृष्टिले काइँला र नवीन प्रयोगका दृष्टिले ईश्वर वल्लभ कवि मोहन कोइरालाका कवित्व सन्निकट रहेको देखिन्छ ।

### **३.५ मोहन कोइरालाको स्थान**

आधुनिक नेपाली कवितामा प्रयोगवादी धाराको प्रवर्तन गर्ने कवि कोइराला नेपाली साहित्यमा स्वच्छन्दतावादी भाव धारालाई अन्त गर्दै प्रयोगवादी सूत्रपात गर्ने केन्द्रीय प्रतिभा हुन् । उनका थुप्रै फुटकर र लामा कविताहरू विभिन्न साहित्यिक पत्रपत्रिकामा र पुस्तककारका रूपमा प्रकासित भएका छन् । नेपाली कविता फाँटमा थुप्रै कवि आए गए तर निरन्तर रूपमा साधनारत कविहरूको संख्या ज्यादै नगन्ने रहेको पाइन्छ । मोहन कोइरालाले नेपाली कवितालाई नौलो रूपमा प्रस्तुत गरेको पाइन्छ । उनले 'घाइते युग' बाट आफ्नो स्वच्छन्दतावादी भावधारालाई अन्त गर्दै प्रयोगवादी भावधारा अंगाल्न पुगेको देखिन्छ । यो उनको नौलो प्रयोगले नेपाली कवितामा २०१७-३० सम्म एकछत्र राज्य गरेको पाइन्छ ।

रिमालबाट शुरु भएको गद्य कविता 'कविको गान' (१९९२) लाई नेपालीको प्रथम गद्य कविता मानिन्छ ।[८] यही गद्य कवितालाई आत्मसात् गर्दै भूपि, विजय मल्ल

[८] रमेश श्रेष्ठ, पूर्ववत्, पृ. १८७ ।

पारिजात, भिक्षु आदि कविहरूबाट प्रभाव ग्रहण गरी देवकोटाको स्वच्छन्दतावादी धाराबाट प्रेरित भएर आफ्नो प्रारम्भिक चरणमा स्वच्छन्दतावादी प्रवृत्तिका कविता सृजना गर्न पुगेका कोइराला पछि भने आफ्नो छुट्टै पहिचान लिएर २०१७ साल पछि देखा परे । उनको 'घाइते युग' कविताले स्वच्छन्दतावादी चिन्तनलाई छाडी आफ्नो छुट्टै प्रयोगशील लेखनलाई आमन्त्रण गरेको पाइन्छ । गद्य कविताको वृहत रूपसम्म विस्तारित कवि कोइरालाको भावनाले नेपाली काव्य जगतमा नौलो प्रारूप खडा गरेको पाइन्छ । हुनतः मदन रेग्मीले प्रयोगशील लेखन अन्तर्गत लामो कविता लेखनको शुरुवात गरेका हुन् । तर उनको लेखनले त्यति धेरै कृति दिन सकेन । जगदीश शमशेरले गद्य लामो कवितालाई महाकाव्य समकक्षि पुऱ्याएको पाइन्छ । यी दुवै कविले प्रयोगशील लेखन वरण गरेको पाइन्छ । मोहन कोइरालाले आफ्नो काव्य र कविता मार्फत समग्र जीवन र जगतको चित्रण गर्दै प्रयोगवादी नवीन शैलीको जटिलता र सहजता दुवैको समायोजन गरेको पाइन्छ ।

मोहन कोइराला नेपाली गद्य कविताको क्षेत्रमा भूपि पछि एक सफल कविको रूपमा चिनिन्छन् । गद्य कविताको जटिलतालाई वरण गर्दै स्वचालित लेखन, अमूर्त भाव विम्बको प्रयोग, विभिन्न जनजातीय संस्कृतिको अभिव्यक्तिले उनको काव्य प्रवृत्ति अरू भन्दा भिन्न किसिमको रहेको देखिन्छ । उनको लामा कविताले खण्डकाव्य देखि महाकाव्यसम्मको संरचना वहन गरेको पाइन्छ । 'नदी किनाराका माझी' (२०३८) र 'नीलो मह' (२०४१) ले कोइरालाको काव्यिक योगदानलाई उत्कर्षमा पुऱ्याएको देखिन्छ । प्रकृतिको विभिन्न अवस्थाको चित्रण, समाजको वस्तुस्थितिको अवलोकन आदिले उनको काव्यलाई सौन्दर्य थपेको पाइन्छ । वर्तमानप्रति निराशा, कुण्ठा र विसङ्गतपक्षलाई चित्रण गर्ने उनका कविताले २० औं शताब्दीको यथार्थ अवस्थालाई यथासम्भव उनले आफ्ना फुटकर कविता र काव्यमा उतारेका छन् ।

समष्टिमा मोहन कोइराला नेपाली गद्यकविताका सफल प्रयोक्ता हुन् । उनको कविताले जीवन र जगत्को व्याख्याका साथै उनको प्रंयोगवादी कविता लेखनको अग्रणी कविको रूपमा नेपाली काव्यिक क्षेत्रमा परिचित गराएको छ । उनको

प्रयोगवादी लेखनलाई हालसम्म कुनैपनि कविले चुनौती दिएर उनलाई प्रतिस्थान गर्न नसक्नुबाट नै उनको वैशिष्ट्य झल्किन्छ ।

### ३.६ मोहन कोइरालाका केही कविता र काव्यहरूको अध्ययन

यस शोधपत्रमा कवि मोहन कोइरालाको विभिन्न समयमा प्रकाशित छोटा, मझौला र लामा कविताहरूको अध्ययन गरिएको छ । जसमा छोटा कवितामा 'सारङ्गी', मझौलामा ' यो परिवेश हिजोको' र लामा कवितामा 'नीलो मह' गरी कोइरालाले नेपाली गद्य कवितामा तीन भिन्न-भिन्न शैलीमा लेखिएका कविता कृतिको अध्ययन गरिएको छ । अध्ययनका लागि यी कविताको छनौट कुनै खास आधारबाट नगरी स्वेच्छाले गरिएको छ । तर उनको लेखनमा आएको शैलीगत विविधतालाई भने ध्यानमा राखिएको छ ।

#### ३.६.१ सारङ्गी कविताको अध्ययन

'सारङ्गी' कविता मोहन कोइरालाको दोस्रो चरणमा लेखिएको प्रयोगवादी प्रवृत्ति भएको कविता हो । 'रूपरेखा' वर्ष २ अङ्क १, २०१८ असार-साउनको अङ्कमा प्रकाशित फुटकर गद्य कविता हो ।

यस कविताको बाह्य रूप ढाँचा जम्मा आठ अनुच्छेदमा क्रमशः (३ + ४ + १६ + ३ + ८ + १३ + १० + २८) गरी जम्मा ८५ हरफहरूमा कविता विस्तार भएको पाइन्छ भने यस कविताको शब्द संख्या ५२७ रहेको छ ।

कथन पद्धतिमा प्रथम पुरुष कवि निबद्ध पात्र गाइने सहिलाको प्रयोग गरेका छन् ।

यस कविताका कविले मुक्त तथा गद्य लयको प्रयोग गरेका छन् ।

यस कवितामा कविले गाइने साहिँला मार्फत समस्त कवि कलाकारको अवस्थाको चित्रण गरेका छन् । गाइने साहिँलोमा कवि स्वयं अवतरित भएको आभास हुन्छ । कविले नेपाली कला र साहित्यको स्थिति वर्तमान अवस्थामा कस्तो छ, त्यसको

ज्वलन्त उदाहरण गाइने साहिँलाबाट प्रस्तुत गर्न पुगेका छन् । कविले गाइने साहिँलाबाट समग्र नेपालको वस्तुस्थितिको चर्चा गरेको पाइन्छ । समाजमा हेय दृष्टिले हेरिने जातिलाई प्रमुख पात्रको रूपमा उभ्याएर समग्र नेपाली समाजको प्रतीकको रूपमा गाइने साहिँलालाई प्रस्तुत गरेको पाइन्छ । गाइने साहिँला व्यक्ति होइन 'टाइप' (जाती) हो । त्यसैले कविता व्यक्ति गाइने साइँलाको कथा नभई जनसाधारण नेपालीको मार्मिक कथा बनेको छ । ।[९]

प्रकृति, भोक, रोग, अभाव आदिको आक्रमणको शिकार भएका व्यक्तिको कारुणिक कथा 'सारङ्गी' कवितामा पाइन्छ । गाइने साहिँलाको अवस्था र उसले सामना गरेको परिस्थितिले समग्र कवि, कलाकार, बौद्धिक वर्ग र सर्वसाधरण नेपालीको प्रतिनिधित्व गर्छ । नेपाली राष्ट्रियता, भोक, रोग, अभावले गर्दा ती वर्गका मानिस जाडो, चिसोमा कठ्याँग्रिएर जीवन बिताउन बाध्य भएका छन् । उनीहरूले उचित स्थान पाउन सकेका छैनन् । उनीहरूको सृजनात्मकताको कदर भएको छैन । गाइने साहिँला यस्तै कारणको शिकार भएको छ । उसका गीतका पत्र छातिमा नअटाई डढेको, रीतका पत्र उसको हातबाट सारङ्गी जस्तै रेटिएको छ , हामीले फालेका हामीले बिर्सेको गाइने साहिँलाको गौरवमय हतियार जसको बलले वीरताको गीत गायो, नेपालीकोकथा व्यथा सुनायो अहिले त्यो यस्तो अवस्था पुग्यो भन्दै कवि भन्छन् :

हाम्रो कानबाट फ्याँकिएको हाम्रो हातबाट फ्याँकिएको

रिकार्डको टुक्रो बनेर अहिले उसको ओठ सडकको

अलकत्रामा फटफटिरहे छ ।"[१०]

गाइने साहिँला जस्ता व्यक्तिको कथा र व्यथा हाम्रो समाज र राष्ट्रभरी नै छ । उनीहरूको कारुणिक क्रन्दन सारङ्गी जस्तै भएर रेटिएको छ । उनीहरूका गीत न लेखियो न कसैलाई बुझाइयो । उसलाई देखेर दया जागेपनि हीनताबोध भयो । त्यसैले

---

[९] वासु रिमाल 'यात्री', "मोहन कोइरालाको कवि र कविताहरू" सिउँडी, (पूर्णाङ्क ३, २०२६, फागुन) पृ. १४ ।

[१०] मोहन कोइराला, "सारङ्गी", रूपरेखा (वर्ष २, अङ्क १, २०१८) पृ. १० ।

गाइने साहिँला समस्त शोषित पीडित गरिब नेपालीको प्रतीक हो । उसले निकाल्ने रागले गरिब, बेसहारा, भोका, नाङ्गाहरूको प्रतिनिधत्व गर्छ । उसले मीठो सपना देख्दा त्रसित हुनुपरेको छ । सपनामा स्वास्नी, बच्चा र इन्द्र चोकको डबलीमा गनेको पैसा र झुप्रो महल भएको कल्पना नहराउँदै विपना उसको अगाडि आउँछ । ऊ सपनालाई विपनाको रूपमा लिन्छ । ऊ एक्लै मनको सारङ्गी रेटेर ऊ भित्रको सुस्केरा ओकल्छ । जसलाई सुन्नेहरू गीत भन्छन् । त्यसैले उसले यी स्वप्निल विभेदलाई पहिल्याउन नसकी गीतपात्र गाउँछ । उसको गीत सुन्नेका लागि गीत भएपनि उसको लागि आँशुको भुटनमा पाकेको मुटुको बोसो हो । यो उसको हृदयको सुस्केरालाई उसले पैसामा भजाएन । सृजनालाई पैसामा बिक्री गरेन । उस्को हृदयको आवाजमा सृजनात्मकता छ, ज्ञान छ, शक्ति छ । तर गाइने सहिँलो यति हुँदा हुँदै पनि चारैतिर पहरोबाट पैरो लडेझैं उद्देश्यविहीन मानिसको उपमा भएर ऊ बाँच्छ । उसका ज्ञान, शक्ति, बुद्धि कोचिएका छन् । ऊ भित्रको अथाहा सृजना पैरो लडे झैं भएको छ । ऊ भित्रका उकुस-मुकुसले पागल र बैरागी बनेर भौतारिनु पर्ने परिस्थिति यस देशमा रहेको छ । यहाँ बोल्ने मानिस कि सामन्त हुनुपर्छ कि शासक ती वर्गका व्यक्तिले बोलेका कुरामात्र सुन्ने हाम्रो बानीले गाइने साहिँला जस्ता व्यक्तिको स्वर कहिल्यै सुनिएन उसका करुणा कसैले बुझेनन् न बुझाइयो । त्यसैले कवि भन्दछन् :

कोचिएर बसेको छ मात्र
उद्देश्य खोज्ने हो भने ऊ पागल हो
ज्ञान खोज्ने हो भने उ वैरागी
शक्ति खोज्ने हो भने निर्माणको गीत हो
वुद्धि खोज्ने हो भने गाइने साहिँलो
साधारण मानिसको सिङ्माङ् मात्र
चारैतिर पहरोबाट पैरो लडेको बीच

मानिस उद्देश्यविना पनि यसरी बाँच्न सक्छन्

मानिसको ऊ उपमा भएको छ ।[११]

गाइने सहिंला समाजका सबै अव्यवस्थालाई चिर्न खोज्छ उसले बाँचेको संसारलाई भष्म भएको चउर मात्र देख्छ । चारैतिर असमानता अन्याय अत्याचार देख्दा उसले हाम्रो समाजमा रहेका वर्गभेद छुवाछुत आदि अस्वीकार गर्दै श्रम र परिश्रम गरेर यस देशलाई सिङ्गार्न चाहन्छ । समाजका झुट्टा सत्यहरूलाई चिरफार गरी देखाउन चाहन्छ । त्यसैले उसको वेदना कत्ति गहिरो छ एक-एक ठग साधुलाई उसले चिनेको छ ।[१२] जोकेवल भन्दछन्-

'सर्वे भवन्तु सुखिन : सत्यमेव नानृतम्'

अतः 'सारङ्गी' कवितामा कविले गाइने साहिंलालाई प्रंतीकको रूपमा उभ्याएर तत्कालीन नेपालको वस्तुस्थिको चित्रण गरेको पाइन्छ । उनले कवि कलाकार र नेपाली साहित्य र संस्कृतिको अवस्था गाइने साहिँलाको अवस्था जस्नै भएको कुरा अभिव्यक्त गरेको पाइन्छ । हाम्रा बौद्धिक व्यक्ति, कवि साहित्यकारको हात चिसोले कठ्याङ्ग्रिएर केही गर्न सकेका छैनन् भन्दै कविले उनीहरूको अवस्था प्रति सहानुभूति दर्साएको पाइन्छ । गाइने साहिँला एउटा तल्लो जातको प्रतिनिधित्व गर्ने पात्र हो । पेसाले ऊ कलाकार गायक हो । उसले समाजका विभिन्न कथा र व्यथालाई सारङ्गीको तारसँगै अभिव्यक्त गर्ने गर्छ । तर, आज उसको कथा कसैले सुनेन उसको व्यथाप्रति कसैले सहानुभूति राखेनन् उसको कला हाम्रो कान र हातबाट फालिएको रिकार्डको टुक्रो जस्तै भएको छ । त्यस्तै हाम्रा साहित्यकार पनि त्यस्तै अवस्थाबाट गुज्रिरहेका छन् । उनीहरूको उचित सम्मान हुन सकेको छैन भन्दै २०१७ साल पछिको राजनीतिक परिवर्तनले झन त्यस्तो करुणाको आवाज नसुनी उनीहरूको आवाजमा झन प्रतिबन्ध लगाउने काम गरेको तर्फ कविले संकेत गरेको देखिन्छ । राज्यद्वारा अपहेलित भएका

[११] ऐजन पृ. ११ ।

[१२] आनन्ददेव भट्ट, "मोहन कोइरालाज्यूको सारंगी", रूपरेखा, (पूर्णाङ्क ३४ फागुन, २०२०), पृ. ७१ ।

जनता र साहित्यकारको एक्लो यात्राले यस देशमा फेरी समानता र छहारी ल्याउन प्रयन्तरत भएको कुरा कविले अभिव्यक्त गरेका छन् ।

भाषाशैली प्रायोगिक किसिमको भए पनि सम्प्रेष्य खालको रहेको छ । विभिन्न विम्ब र प्रतीक प्रयोगले कविता प्रभावोत्पादक बनेको पाइन्छ । कोइराले यसमा कारुणिक भाव व्यक्त गरेका छन् । तत्कालीन व्यवस्थाले छुन नसकेको जनजातिलाई विषयवस्तु बनाएर प्रयोगवादी लेखनशैलीमा नवीनता थप्नु कोइरालाको निजी मौलिकता रहेको पाइन्छ । सारङ्गीमा कवि भावुक बन्नु भो तर बन्नु पर्थ्यो आलोचक ।[१३] त्यसैले कवि भावुक बनेर कारुणिक भावको धारा बहाउनु चाहिँ पराकाष्ठा हो । यस 'सारङ्गी' कवितालाई कोइरालाको कारुणिक कविता लेखनको एक नमुना फुट्कर कविताको रूपमा लिन सकिन्छ ।

### ३.६.२ "यो परिवेश हिजोको" लामो कविताको अध्ययन

"यो परिवेश हिजोको" कवि मोहन कोइरालाको लामो कविता लेखनको दोस्रो चरणमा लेखिएको लामो कविता हो । "नदी किनाराका माझी" (२०३८) लामो कविता संग्रहमा संग्रहित एउटा मझौलास्तरको खण्डकाव्यात्मक लामो कविता हो ।

#### ३.६.२.१ संरचना पक्ष

यस लामो कविताको संरचना पक्षलाई हेर्दा जम्मा ३३ पृष्ठमा संरचित यस काव्यमा सर्ग विभाजन भने गरिएको छैन । लगभग ९० अनुच्छेदमा विभाजित यस काव्यमा अनुच्छेदै पिच्छे कहिँ ३१ पंक्ति र कुनैमा एक पंक्ति सम्मका अनुच्छेद विभाजन भएको पाइन्छ । यसरी उनको यो अनुच्छेदविधान पनि स्वचालित लेखनकै परिणाम रहेको पाइन्छ । यस्ता लामा-छोटा अनेकौं पंक्तिहरू समन्वित नभए पनि उनका ती कवितात्मक उद्गारमार्फत जुन गद्यलय प्रकट हुन्छ त्यो निश्चय नै श्रुतिमधुर र गेयगुणात्मक रूपमा देखिन्छ ।

[१३] यात्री, पूर्ववत्, पृ. १६ ।

### ३.६.२.२ भाषाशैली

यस काव्यमा कवि कोइरालाले मुक्त तथा गद्य लयको प्रयोग गरेका छन् । नाटकीय एकालापशैलीमा लेखिएको यस लामो कवितामा एकल संवाद, अवचेतन मनको फतफताहट, आख्यान चुर्णहरूको संक्षिपीकरण गरेर खण्डकाव्यात्मक मान्यताको सैद्धान्तिक नियम भन्दा पनि स्वचालित लेखनको आफ्नो निजी शैलीलाई मूर्त रूपमा प्रस्तुत गरेको पाइन्छ भने भाषामा जटिलता र दुर्वोध्यता केही हदसम्म नियन्त्रण गर्दै सम्प्रेषणीयता तिर ध्यान दिएको पाइन्छ । विभिन्न विम्ब प्रतीक र मिथकलाई प्रयोग गर्दै काव्यात्मक गरिमा यसकाव्यमा कविले थपेको पाइन्छ भने प्रचलित व्याकरणगत असुद्धि, भाषाको मनोमानी प्रयोगले दुरुह, दुर्बोध्य र सम्प्रेषण संकट ठाउँ-ठाउँमा निम्त्याएको देखिन्छ ।

### ३.६.२.३ विषयवस्तु

'यो परिवेश हिजोको' लामो कवितामा कविले शहरी परिवेशलाई विषयवस्तुको रूपमा प्रयोग गरेका छन् । यसमा शहरको डेराको बसाइ र त्यसभित्रका अप्ठ्यारा र असङ्गत पक्षलाई चित्रण गर्दै अन्धविश्वास र परम्परागत रुढिवादी मान्यताका शिकार भएका शहरी डेरा, टोल र त्यसमा विश्वास राख्ने मानिसको झुण्ड यस काव्यको विषयवस्तुको रूपमा कविले प्रयोग गरेको पाइन्छ ।

### ३.६.२.४ पात्र

यस लामो कवितामा कविले निश्चित पात्र संख्याको प्रयोग गरेका छैनन् । यसमा समष्टि पात्र प्रयोग रहेको पाइन्छ । यस काव्यमा, म, हामी, घरपटी र घर टोलमा बस्ने छिमेक आदिको पात्र प्रयोग यस लामो कविताले प्रस्तुत गरेको पाइन्छ । यसरी यस लामो कविताले पात्र प्रयोगमा प्रयोगशिलता देखाएको छ ।

### ३.६.२.५ उद्देश्य

यस लामो कविताले शहरी अस्तव्यस्तता, जटिलता, घुषखोरी र रुढिवादी परम्पराले पिरोलिएका मानिसहरुको मानसिक स्थितिको अवलोकन गर्दै डेरामा बस्ने

डेरावाल र घरपटी बीचको द्वन्द्वलाई यथार्थवादी तरिकाले प्रसतुत गर्नु रहेको छ । अन्धविश्वासले गाँजेको शहरी परिवेशको चित्रणका अलावा नेपालको प्रशासन यन्त्रको वस्तुस्थितिको अवलोकन गर्नु यस लामो कविताको उद्देश्य रहेको छ ।

### ३.६.२.६ दृष्टिबिन्दु

यस लामो कवितामा कविले आन्तरिक दृष्टिविन्दु प्रयोग गरेको पाइन्छ । कवि स्वयं डेरावाल भएर यस लामो कविताको कथ्य चुर्ण अगाडि बढाएकाले यसमा प्रथम पुरुष आन्तरिक दृष्टिविन्दु प्रयोग गरेको पाउन सकिन्छ ।

### ३.६.२.७ परिवेश

यस लामो कवितामा कविले काठमाडौं शहरको परिवेशलाई समेटेका छन् । डेरामा बस्ने डेरावालको कथा, घरपटी र अरू डेरावालबीचको गुनासो, काठमाडौं शहरको अभाव, कम तलव सुविधामा काम गर्ने कर्मचारीवर्ग, पढ्न आएका विद्यार्थी र डेरामा बस्ने मानिसका अन्धविश्वासलाई यस लामो कविताले समेटेको पाइन्छ ।

### ३.६.२.८ समष्टि अध्ययन

प्रस्तुत लामो कवितामा काठमाडौं डेरा बहाल लगाएर जीविका चलाउने घरपटी र डेरावाल बीचको द्वन्द्वले एउटा नाटकीय रूप लिएको छ । प्राचीन घरको डेरावाल आफू बसेको तर्साउने बंगला जस्तो घर कुनै पनि बेला ढल्न सक्ने स्थितिको घरलाई घरपटी ऐतिहासिक र विदेशी पर्यटकले लगाएको मोल भनेर आफैमा गर्व गर्ने र डेरावाल आफू बसेको घरमा अभावै अभाव छ भन्ने कुरा गर्छ । पानी वाथरुम, ट्वाइट भऱ्याङ आदि कमजोर स्थितिमा भए पनि बस्न बाध्य डेरावालको निरीहता र घरपटीको कच-कच, भूतप्रेत आदिको अन्धताका कारण डेरावालाहरू मानसिक यातना खेप्न बाध्य भएका छन् । यो यातना उनीहरूको गाउँमा प्रचलित भूतप्रेत प्रतिको विश्वास शहरमा पनि कसरी जरो गाडेर बसको छ । जस्तै :

"भेटे जस्तै सापकोटीनी भन्छे, भोक लाग्छ रे त्यसलाई पनि,

सोधे जस्तै देवकोटीनी भन्छे भूत सँग आमने सामने परेको कुरा,

औँसी पूर्णिमा आएपछि, रंगिएको अक्षता नखाई मनै जाँदैन,

अधिकार्नी भन्छे, नकच्चरो सहर,

रोगले पनि वली खोज्छ, भूतले वली खोज्छ,

दैवले पनि खोज्छ,"[१४]

शहरी, अस्तव्यस्ता, डेराको खोजी र न्यून तलब सुविधामा काम गर्ने कर्मचारी, पढ्न आएका विद्यार्थीहरू शहरमा एउटा अँध्यारो कोठामा बसेर आफ्नो उज्ज्वल भविष्य बनाउने योजना एउटा डेराको बसाइ र त्यसमा भएका अभावले कसरी पिरोलिएका छन ? जीवनमा डेरा खोज्ने, बस्ने र सर्ने आदि कुराले भविष्यका कठिनाईलाई कसरी प्रभावित बनाउँछ ? आदि कुरा यस कवितामा कोइरालाले प्रस्तुत गर्न खोजेको पाइन्छ । यसमा शहरी जीवनका यावत कठिनाई, बाध्यता विवशता र यस बीचबाट मान्छेले जीउने जीन्दगी कस्तो निष्क्रिय र निस्फल छ त्यो प्रस्तुत गर्न खोजेको देखिन्छ । दिनहुँ डेराको तनाव र डेरा-डेरावाल बीचको आपसी खिचातानी छेडछाडलाई जीवन्त रूपमा अभिव्यक्ति यस काव्यमा दिएको पाइन्छ । जस्तै :

"पुरानीया डेरावाल कोठामा विम्भदा न बिम्भदै हाँस्छन,

हेप्छन नयाँ डेरावाल भनेर,

(जिस्क्याएर दुरुस्त हल्ला गर्छन,) घेर्न आउँछन्,

रातमा तपाइँ कहाँ आएका थिएनि भेट्नु भयो, बरा

कोरी बाटी नै आए कि होली आउन त,

अर्की भन्छे के काम होला त्यसबेला, एक्लो लोग्ने मानिस बसेको ठाउँ

---

[१४] मोहन कोइराला, नदी किनाराका माझी, (काठमाडौं : हिमाली शिशु संस्थान, २०३८), पृ. १४६ ।

अर्की भन्छे नयाँ डेरावाल चिन्न होला, त्यसो नभन्न

मेरो कन्सिरीको रौँ ठाडो हुन्छ,

भाषा बुझ्दिन, छाती ढक्क फुल्छ,

ढोका खोलेर निस्कनु भो नि, भित्र्याउन खोज्नु भएको,

भरे पनि आउने कबुलेर गइ कि, गइन, बरा,

म भन्छु नजानेर ढोका त खोलेको हो, हेर्न,

आवाज सुनेर निस्कँदा क्यै थिएन,

रित्तो बरेण्डा छ, (मुटु झस्स गर्छ)"[१५]

मान्छेको अरूलाई उडाउने र उपहासको पात्र बनाउने प्रवृत्ति शहरी डेरावालमा भेट्न सकिन्छ र उनीहरूको मानसिक स्थितिको चित्रण प्रस्तुत पंक्तिमा पाउन सकिन्छ । यहाँ कवि कोइराला शहरी महिलाको यथार्थता औँल्याउँदै तिनीहरूको झुण्डको प्रभाव हाम्रो समाजमा कस्तो रूपमा परेको छ । त्यसको चित्रण गर्न पुग्दछन् । यो शहर भित्र बस्ता पनि सुख छैन उठ्ता पनि सुख छैन । मान्छे भित्रको संवेदनशिलता माथि बारम्बार प्रहार भइरहेको कुरा प्रष्ट रूपमा प्रस्तुत गर्न पुग्छन् ।

कवि कोइराला मान्छेको अचेतनको स्तरमा पुगेर मान्छेभित्रका मनका कुरा खोतल खातल गर्दै अनिश्चित भविष्यको कल्पना गर्न पुग्छन् । डेरा र शहर एक अर्काका पूरक हुन् । डेरामा बस्ने डेरावाल जो विविध समस्याका बाबजुद पनि जीन्दगीको यात्रा गर्न बाध्य छन् । तिनीहरूमा आएका परम्परागत रुढिले तिनीहहरूको निद्रा विथोलिएको छ । भूत, प्रेतका कुराले रातभर जागा बस्ने मानसिक विकारको शिकार भएका छन् । धामी झाँक्रीमा विश्वास बढ्दो छ । उनीहरूको चिन्तन पुरानै छ । इतिहासका लोक विम्ब उनीहरूको मानसमा अद्धावधि कायमै रहेको छ । यसैको कारण उनीहरू मानसिक रोगका शिकार भएका छन् ।

[१५] ऐजन, पृ. १४८ ।

शहरभित्र हुने भ्रष्टाचार र काम गराएवापत घुस खाने प्रथा झन दरो रूपमा रहेको कुरा तर्फ कवि सचेत रूपमा प्रस्तुत गर्न पुग्दछन् । सरकारी तलव भत्ता खाएका राष्ट्रसेवक कसरी जनतालाई दुःख दिने गर्छन् र पैसा नखाई कुनै काम नगर्ने परिपाटीको यथार्थ वस्तुस्थिति तर्फ इंगित गर्दै :-

"का.न.पा. नाममा नक्सा दर्ता गर्न पर्दा क्यै न क्यै मन्सिनै पर्छ,

कैले सि.डि.ओ.को बाटो संभ्केर

कैले अञ्चलाधिशको भरेङ संभ्केर,

स्यावजी बाँड्छ ।"[१६]

शहरी परिवेशमा कालोलाई सेतो बनाएर व्यापार गर्ने व्यापारी र सामानको विक्रीमा किरिया हालेर नक्कली कमतौल र विग्रिएका सामान ग्राहकलाई भिडाउने कुराले शहर एउटा संकीर्ण घेरा भन्दा माथि उठ्न सकेको छैन । ग्राहकहरू दिनहुँ ठगिनुनै परेको छ । शुद्धताको खोजी गर्दा-गर्दै अशुद्ध खाद्यपदार्थ खान बाध्य भएका छन्- शहरी मान्छे । यसले मान्छेको विवशता र उनीहरूको लाचारीलाई इंगित गर्छ :-

पसलमा किनमेल गर्दा साहुले भनेजति पैसा तिरेको छ,

हेर्दा लुगा कोठीमा नाप अनुसार माल हात परेको पनि हो

घरमा पुग्दा फकाउँदा नाप्दा

पाँच मीटरबाट घटेर, त्यो माल, साढे चार भन्दा बढी हुन्न,

बीचमा हातको हात कसरी घट्छ माल

चम्सुर ल्यायो पालुंगो पर्छ, पालुंगो ल्यायो चम्सुर पर्छ,

धरोधर्म बोकाको मासु भनेर ल्याएको

बाटामा ल्याउँदा ल्याउँदा बाखाको बन्न जान्छ कसरी, कसरी,

[१६] ऐजन पृ. १५४ ।

आलु सद्दे छानेर ल्याएको, तौलेको,

साहुले किरिया खाएको साँच्चै हो, झुठो होइन

कसले बाटामा भेद गर्छ, घरमा हेर्दा सबै आलुमा किरा हुन्छ।"[१७]

नेपालको प्रशासनयन्त्रमा कर्मचारी वर्गलाई सताउने भूत प्रेत प्रशस्त छन् । ती भूत तर्साउने भन्दा पनि कर्मचारीका विवशतामाथि प्रहार गर्छन् । उनीहरूलाई पैसा दिएर मात्र मन्साउनु पर्छ । यी भूतले कर्मचारी वर्गमा त्रास र डर पैदा गराई आफ्नो स्वार्थ सिद्ध गर्ने परिपाटी बसेको छ । उनीहरू जागीर जाँदा पैसा खाई थमौति गर्ने र जागिर दिन पनि पैसा नभई नहुने प्रवृत्ति कायम रहेको छ । यी सजीव भूतले मान्छेलाई दिनहुँ तर्साउने गर्दछन् । यस्ता भूतलाई दिनहुँ मन्साउन पर्ने बाध्यता रहेको छ । यसरी शहर भूतहरूको वस्ती हो, अभावै अभावको भिड हो । मानवीयता हराएको र अस्तव्यस्त जीवनशैलीको एउटा कारखाना हो । मान्छेभित्र रहेका रुढि परम्परा र भूत प्रेतहरूको काल्पनिक कुरामा विश्वास गर्ने कमजोर मानसिक स्थिति भएका मान्छेहरूको राजधानी हो । न भूत छ न झारफुकले नै मान्छेको मानसिक रोग ठीक गर्छ । यो त मान्छे स्वयंमा रहेको डर र त्रास मात्र हो:-

"नवलीले न अक्षताले न झार फुक र झार फुकले ई पन्सेकाछन् मानवतामा

भूत मानव मस्तिष्ककै परिकल्पना हो, बाँच्छ मानव बाँच्दा,

मर्छ भने मर्छ भूत मानव सँगै मर्छ"[१८]

यो परिवेश हिजोको लामो कविताले शहरी जटिलतालाई इंगित त गरेकै छ । यसले नेपालमा बस्ने नेपाली जो घरवारविहीन भएर एउटा राम्रो डेराको कल्पनामा रमाउन पाउने इच्छा पनि पूर्ति हुन सकेको पाइँदैन । यो कविता पूर्णतः शहरी परिवेशमै लेखिएको छ । यसमा प्रयोग भएका कथ्यले शहरी जीवनको यथार्थ भोगाइको चित्रण गर्दै "एउटा टोल र एउटा खोजीमा एउटा व्यक्ति कसरी अन्ध विश्वासमा

---

[१७] ऐजन पृ. १६५ ।

[१८] ऐजन पृ. १७३ ।

जकडिन खोज्छ । यस काव्यमा प्रस्तुत भएको छ । त्यो डेराको खोज अन्धविश्वासको एउटा विश्वास पनि हो । यथार्थमा यो आधुनिक युगमा त्यसबाट कसलाई लाभ भएको छ ।"[१९] शहरी चिन्तनको स्तर झन खस्कँदो छ । भूत, प्रेत, बोक्सी, किचकन्नी, धामी, झाँक्री र झारफुक, बली आदि रुढिवादी परम्पराको शिकार भएका मानिसका झुण्ड गाउँमा जस्तै शहरमा पनि प्रशस्त छन् । तिनीहरूको मानसिक धरातल गिर्दो छ । तिनीहरूमा वास्तविकताको आँकलन गर्नु भन्दा डर र त्रासले डेरा जमाएको छ । न्यून तलब सुविधाका बावजुद पनि डेरा बहाल तिर्ने र डेराका भौतिक पूर्वाधार र आवश्यकताबाट बञ्चित डेरावालको बसाइको अस्तव्यस्तता आदिले मानवीय समस्या निम्त्याएको छ । मान्छेका कमजोरीमाथि प्रहार गर्ने काठमाडौंका घरपटी र बाध्यताका शिकार भएर जे जस्तो थिचोमिचो सहेर बस्ने डेरावालको यथार्थ चित्रण "यो परिवेश हिजोको" लामो कवितामा रहेको पाइन्छ ।

निष्कर्षमा कोइरालाले शहरी परिवेश र स्वयं कविले भोगेका कथा र शहरभित्र डेरा लिएर बस्ने डेरावालको स्थितिको अवलोकन गरेको पाइन्छ । अन्धविश्वासले गाँजेको शहरी परिवेशमा विश्वासको संकट देखाएर त्यस्तो डेराको खोजीमा भौतारिने सामाजिक परिवेशले कुनै पनि जडता र भ्रमबाट माथि उठन् नसकी काल्पनिक कुराहरू प्रतिको विश्वास पालिराखेका छन् । त्यस्ता वर्गका व्यक्तिहरूलाई चरित्रको रूपमा उभ्याई तिनीहरूको माध्यमबाट शहरभित्रको विकृत मानसिकताको अभिव्यक्ति यस लामो कवितामा पाइन्छ । धेरै भन्दा धेरै झर्रा नेपाली शब्दहरूको प्रयोगले गर्दा भाषा सरलतातिर उन्मुख रहेको पाइन्छ । चेतनप्रवाहपूर्ण नाटकीय एकालाप शैलीमा नवीन विम्ब र प्रतीकको प्रयोगले, मनोरम बनेको शिल्प विधान र श्रुतिमधुर कोमलकान्त पदावलीहरूको प्रयोग र आन्तरिक अनुप्रासीयताको वैशिष्ट्यले गर्दा तीव्र साङ्गीतिक चेत यस कवितामा प्रवाहित हुन पुगेको छ । यो उनको प्रयोगवादी लेखनको अमूर्तताबाट मूर्ततातर्फको आरोहणको रूपमा लेखिएको लामो कविता हो । यसमा प्रयोगका विभिन्न शैलीको समष्टि प्रयोग यस काव्यमा पाइन्छ । शहरी जीवनशैलीलाई

---

[१९] ऐजन पृ. ङ ।

प्रस्तुत गर्न उनले विभिन्न आद्य विम्ब र प्रतीकको साहारा लिएर आफ्नो भावना व्यक्त गर्न खोजेका छन् । ठाउँ-ठाउँमा भाषा र व्याकरणगत त्रुटि पाइए पनि यस कविताको मूल संरचनामा भावको गहनताले त्यसलाई थिचेको देखिन्छ । समग्र कविताको अध्ययन पश्चात् समष्टिमा अर्थिने यस कवितालाई सरलता र जटिलता बीचको काव्यको रूपमा लिन सकिन्छ । अतः 'यो परिवेश हिजोको' लामो कविता एउटा नितान्त नौलो विषयवस्तुलाई प्रस्तुत गर्दै शहरभित्रको डेरामा बसेर समग्र शहरी परिवेशको अध्ययन गर्न सक्षम काव्यको रूपमा लिन सकिन्छ । यो नै कोइरालाको विषयगत निपूर्णताको रूपमा लिन सकिन्छ ।

### ३.६.३ "नीलो मह" काव्यको अध्ययन

कवि मोहन कोइरालाको लामो कविता लेखनको दोस्रो चरणमा लेखिएको "नीलो मह" (२०४१) ले नेपाली काव्य परम्परामा एउटा नवीन प्रवृत्ति भित्र्याएको पाइन्छ । प्रस्तुत काव्यले लामो कविताको वहृत्‌रूप महाकाव्य समकक्षि लामो कवितवात्मक ढाँचा लिएको पाइन्छ । "यसै क्रममा उनको हिमाली प्राकृतिक सौन्दर्यचेत, जनजातीय आद्य आवेग तथा साँस्कृतिक सन्दर्भ एवम् सामाजिक, आर्थिक विसङ्गतिप्रति सचेत प्रयोगवादी काव्य सौन्दर्यको नमुनाका रूपमा "नीलो मह" काव्य (२०४१) देखा परेको छ । यस काव्यमा आख्यानसूत्रलाई सूक्ष्म स्तरमा अंगाली प्रकट भएका सात चुचुरा वा सर्ग (जम्मा पृष्ठ १७३) ले महाकाव्यात्मक छनकसमेत दिँदै लामो कविताको आयम र सामर्थ्य दुवैलाई विस्तारित गरेको पाइन्छ ।"[२०]

#### ३.६.३.१ संरचना पक्ष

यस काव्यको बाह्य संरचनापक्षलाई हेर्दा यसमा प्रयोग भएका सात चुचुरालाई सर्गको रूपमा मानेर अध्ययन गर्दा प्रत्येक चुचुरमा अनुच्छेदको संख्या केहीमा बढी र केहीमा एकदमै कम प्रयोग भएको पाइन्छ । यसमा लभगभग ४०० भन्दा केही बढी अनुच्छेद संख्या पाइन्छ । चुचुरै पिच्छे अनुच्छेद संख्या समानुपातिक छैनन् । यसमा

[२०] वासुदेव त्रिपाठी र अन्य, पूर्ववत्. पृ. २६७ ।

पाचौँ चुचुरामा लभगभग २०० जति अनुच्छेद संख्या रहेको छ भने छैठौँमा भने १२ जति प्रयोग भएको पाइन्छ । अरूमा क्रमशः पहिलोमा २७ दोस्रोमा ३४ तेस्रोमा ३८ चौथौमा ५१ र सातौँमा ३९ गरी मोटामोटी ४०१ जति अनुच्छेदक संख्या प्रयोग भएको पाइन्छ । अनुच्छेद पिच्छे कविताको लमाई र संकुचनले गर्दा अनुच्छेदका हरफहरू कुनैमा ७३ छन् भने कुनैमा एकदमै कम दुई हरफ सम्मको प्रयोग भएको पाइन्छ । हरफहरूमा पनि शब्दसंख्यामा कुनैमा १० शब्द र कुनैमा एकै शब्दको हरफ प्रयोग भएको पाइन्छ । पृष्ठ संख्याका दुष्टिले चुचुरै पिच्छे फरक फरक पृष्ठ संख्या भएको पाइन्छ । चुचुरो पाँचौंमा ७५ पृष्ठसम्म कविता विस्तार छ भने छैठौंमा जम्मा ४ पृष्ठ प्रयोग भएको पाइन्छ । अरू पृष्ठमा क्रमशः पहिलोमा-१६, दोस्रोमा-२०, तेस्रोमा-२२, चौथोमा-२३ र सातौमा-१३ गरी जम्ममा १७३ पृष्ठको लमाई यस काव्यले प्रस्तुत गरेको छ । यसरी यस लामो कविताको बाह्य संरचना प्रस्तुत हुन आउँछ । विषयगत गहनता, आख्यान, सापेक्षता र जीवनजगत्का घटनाप्रतिघटनाको यथार्थ चित्रणले महाकाव्यको स्वरूप यस लामो कविताले वरण गर्न पुगेको देखिन्छ ।

### ३.६.३.२ चरित्र तथा पात्रविधान

पात्र तथा चरित्रका दृष्टिबाट यस काव्यमा बहुल पात्रको प्रयोग भएको पाइन्छ । यस काव्यको प्रमुख पात्र सोमा हो । सोमाकै केन्द्रीयतामा अरू पात्र क्रमशः गोरे, वले, ढेवा, मितिनी आमा, प्रमुख रूपमा रहेका छन् । गौण पात्रको रूपमा सोमाकी आमा सारु, कर्णेल, कर्णेलका छोरीहरू र पसलमा आउने ग्राहक र कर्णेलका घरमा काम गर्ने मान्छे छन् । मानवेत्तर पात्रको रूपमा घोडा र कुकुर पनि प्रयोग गरिएको पाइन्छ । पात्र प्रयोगमा पनि कविले प्रयोगवादी शैलीलाई अपनाएको देखिन्छ । नेपालको पूर्वी हिमाली भेगकी शेर्पा जातकी केटीलाई प्रमुख रूपमा उभ्याएर उसको जीवनको शुरुवातदेखि दुःखद अन्तसम्मको कारुणिकता कोइरालाले प्रस्तुत गरेका छन् । गोरेलाई सोमाको सहयात्री प्रेमीको रूपमा प्रस्तुत गरेर सोमाको वियोगमा छट्पटिएर मृत्युवरण गर्ने एउटा साँचो र चोखो प्रेमीको नमुना देखाएका छन् । वले सोमाको काठमाडौं बौद्धको साथी हो । ऊ अछुत वर्गको प्रतिनिधित्व गर्ने पात्र हो । सोमाको

दुःखमा साथ दिने ईमान्दार गरिब वर्गको पात्र हो । पेशाले ऊ जुत्ता सिउने काम गर्छ र सोमाको अन्तिम अवस्थासम्म साथ दिई सोममालाई मृत्युपछि समाधिस्थ पनि गराउँछ । ऊ सोमालाई आफू अछुत भएको कारण प्यासले छट्पटाएको अवस्थामा पानीसम्म दिन अन्कनाउँछ । यसलाई उस्को अछुत सोमामा सर्ने सामाजिक रुढि मान्यताको शिकार भएको ऊ पात्र हो । मितिनी आमा पसलमा तरुनी केटी राखेर यौनजन्य कार्यमा संलग्न गराई व्यापार बढाउने धेय राखेर सोमालाई यस कार्यमा कर गर्ने र वेश्यावृत्तिमा आफू स्वयं संलग्न हुने चरित्रकी नारी हो । उसले सोमालाई यसैको निम्ति पसलमा राखेकी हुन्छे र सोमाबाट यस्तो कुरा नहुने भएपछि उसले कर्णेलको घरमा उसलाई काममा खटाई कर्णेलबाट बकस प्राप्त गरी सोमालाई नर्कमा होम्ने कार्यमा सफल हुने चरित्रको रूपमा यस काव्यमा प्रस्तुत हुने नारी चरित्र हो र 'ढेवा" हिमाली सामन्त वर्गको पात्र हो । ऊ नारीलाई भोग्याको रूपमा ग्रहण गर्छ र स्वास्नी जम्मा गर्नु उसको सौख छ भने गाउँका सोझा-साझा केटीहरूलाई दरवारमा भेटी चढाई आफ्नो व्यापार, व्यवसाय, ठेक्का आदि हातपार्न जस्तो सुकै हत्कण्डा पनि प्रयोग गर्न नचुक्ने क्रुर पात्रको रूपमा कविले प्रस्तुत गरेका छन् ।

कर्णेल एक राणा वर्गको पात्रको रूपमा रहेको छ । राणा शासन खतम भएपछि हिङ नभएपनि हिङ बाँधेको टालो हो भन्ने र आफ्नो जातीय घमण्ड देखाउने र अरू जातिलाई मान्छे नै नगन्ने पात्रको रूपमा रहेको छ । ऊ चारैतिर ठूलो पर्खालको बन्द घेराभित्र आफ्नो क्रुरता लाद्ने र सोमालाई निर्मम यातना दिई निकाल्ने कार्यमा संलग्न छ । कुकुरको हुल खडा गरी त्यसलाई मीठा-मीठा परिकार खुवाउने र त्यही घरमा काम गर्ने नोकरचाकरलाई भने कुकुरले खाने भन्दा तल्लो स्तरको खाना खुवाउने चरित्र प्रस्तुत गर्छ । कर्णेलका छोरीहरूले आफ्नो यौन उन्मादलाई रोक्न नसक्नु र सोमाको अगाडि नाङ्गीनु, इत्रिनु आदि कार्यले समलिङ्गी कार्य सोमाबाट गराउन खोज्ने भ्रष्ट चरित्रको रूपमा कविले प्रयोग गरेका छन् । बुढो कर्णेलसँग सम्पत्तिको लागि भित्रिनी भएर आउने दरबारीया सुसारे आदि नारी चरित्रदेखि मितिनी आमाको पसलमा आउने ग्राहक आदि पात्रले यस काव्यमा पात्रको बहुलता देखापर्छ । यो सहज नभई

प्रयोगशीलता हो । कोइरालाले हाम्रो समाजको चित्रणमा विभिन्न प्रवृत्तिका चरित्रहरूलाई एकै ठाउँमा उभ्याई समग्रतामा एक रूपता खोजेका छन् । यसमा प्रयोग भएका पात्रहरू विभिन्न वर्ग विशेषका प्रतिनिधित्व गर्ने प्रवृत्तिका छन् । यस्तो चरित्रको प्रयोगले उनको प्रयोगशील लेखनलाई झन निखार्न बल प्रदान गरेको पाइन्छ ।

### ३.६.३.३ परिवेश

प्रस्तुत लामो कविताको परिवेश नेपालको पूर्वी हिमाली शेर्पा जातिको साँस्कृतिक परिवेश देखि काठमाडौंको बौद्धसम्मको शहरी परिवेशको चित्रण छ । यसमा जनजातीय संस्कृति देखि शहरी सामन्त वर्गको यथार्थता शोषण, दमन, अन्याय, अत्याचार र ग्रामीण जनजीवनको स्वच्छन्दता, नेपालको हिमाली जनजातीय संस्कृति, बौद्ध धर्मका साँस्कृतिक पक्ष र शेर्पा जातिले भोग्नु परेको दुःख कष्टको चित्रण गर्दै हिमाली शेर्पा जातिले बाँच्नका लागि गरेका संघर्ष ढेवा र कर्णेल जस्ता सामन्तीहरूको थिचो-मिचो, अशिक्षा, भोक, रोग छुवाछुत आदि प्रथा र प्रवृत्तिहरूको एकमुष्ट चित्रण यस काव्यले प्रस्तुत गरको पाइन्छ । भौगोलिक विकटता, प्राकृतिक मनोरमता र धुपी र सल्ला आदि वनस्पतिको मोहकता देखि ल्होत्से, झोमोलुङ्मा, तमोर, पाखा, भिर, कुहीरो, खर्क चौरी आदि पारिवेशिक चित्र यस लामो कविताले समेटेको छ । जनजातीय साँस्कृतिक आञ्चलिकताको प्रयोग यस काव्यमा प्रस्तुत भएको पाइन्छ ।

### ३.६.३.४ उद्देश्य

प्रस्तुत 'नीलो मह' को उद्देश्य नेपाली जनजातिको वस्तुस्थितिलाई यथार्थवादी तरिकाले प्रस्तुत गर्नु रहेको छ । यस काव्यले नेपालको भौगोलिक विकटतादेखि त्यहाँ भएका अन्याय, अत्याचार, शोषण र दमन आदि कुरालाई अभिव्यक्त गर्दै हिमाली भेगको आम गरिबी, त्यहाँका जनताको दैनिकी, बौद्ध धर्मका सांस्कृतिक पक्षलाई समेटेर त्यस भेगका जनताले खेप्नु परेका दुःखकष्ट र सोमाले भोगेको जीवन मार्फत काठमाडौं शहरको प्रदुषित पक्षलाई यस काव्यले उजागर गर्नु रहेको छ । यस काव्यले भौगोलिक आञ्चलिकता र त्यहाँका जनजातिले जीवन धान्न गरेका प्रयास र शहरी परिवेशले गाउँलाई झन निर्दयी तरिकाले डसेर त्यहाँको स्वच्छता, प्राकृतिक मनोरमता

चुसेर नीलो बनाएको र यस्को प्रमाण ल्होत्से झोमोलुङ्मा आदि हिमाल साँछीको रुपमा रहेका छन् । यस काव्यले नेपाली समाजको विकृति र विसङ्गतिलाई उजागर गर्दै नेपालको विकट हिमाली जनजाति र समाजको तल्लो वर्गको मानिसको सामाजिक स्तरको प्रष्ट तस्वीर यस काव्यलले प्रस्तुत गरेको छ । नेपालको आम गरिवी अझै नहटेको, नेपालको दुर्गम क्षेत्रका जनताले अझै पनि दुखकष्ट बेहोर्नु परेको र अशिक्षा अज्ञानताले व्याप्त भएको नेपालको हिमाली क्षेत्रको क्रन्दन प्रस्तुत गर्नु यस काव्यको उद्देश्य रहेको छ ।

### ३.६.३.५ भाषाशैली

यस काव्यमा कविले प्रायोगिक किसिमको भाषाशैली प्रयोग गरेका छन् । नाटकीय एकालापशैली यस काव्यमा पाउन सकिन्छ । कथ्यलाई उनले चेतनप्रवाहपूर्ण तरिकाले यसमा अभिव्यक्त गरेको पाइन्छ । यस काव्यमा कविले अचेतनमनको फत्‌फताहटका साथै प्रायोगिक जटिलतालाई केही कम गर्दै सम्प्रेष्य खालको भाषाशैली यस काव्यमा पाउन सकिन्छ ।

### ३.६.३.६ दृष्टिबिन्दु

यस काव्यमा कविले बाह्य दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ । यस काव्यमा सोमाकै केन्द्रीयतामा कथ्य अगाडि बढे पनि कविले गोरे, बले, मितिनी आमा, ढेवा कर्णेल आदि पात्रको आन्तरिक जीवनको भावना र प्रतिक्रिया समेटेका छन् । त्यसैले कविले यसमा बाह्य सवदर्शी दृष्टिबिन्दु प्रयोग गरेको पाउन सकिन्छ ।

### ३.६.३.७ कथावस्तु

'नीलो मह' को कथावस्तु पूर्वी हिमाली भेगवाट शुरु हुन्छ । पूर्वी हिमाली भेगको शेर्पा जात भएको सोमाको जीवनको शुरुवातदेखि उसको मृत्यु सम्मको घट्ना यस काव्यले मूल  कथ्य बनाएर प्रस्तुत भएको पाइन्छ । सोमाको जीवन र उसले भोगेको दु:ख कष्ट र उसले खाएका हण्डरलाई नै यस काव्यले समेटेको पाइन्छ । सोमा मातृत्वविहीन टुहुरी केटी हो । उसको आमा सारु राडि-पाखि बेच्न गएर फर्केकी छैन् । सोमा सारुको खोजीमा निस्कन्छे । मातृत्वको तीब्र उत्कण्ठाले उसलाई सताउँछ ।

सोमालाई गोरेले सारुको खोजीमा सघाउँछ तर सारु जिउँदो या मेरेको कुनै खबर प्राप्त हुन सक्दैन । सोमा सारुको खोजी कार्यलाई जारी राख्दै काठमााडौँ जाने निधो गर्छे । गोरे सोमालाई पहिला काठमाडौं जानबाट रोक्छ तर सोमाको हटका कारण ऊ सोमाको काठमाडौं यात्रामा सहयोग गर्छ । सोमाको काठमाडौं यात्राका क्रममा राती ढेवाको घरमा बास बस्न पुग्छे । ढेवा त्यस भेगको क्रुर सामन्त पनि हो । भनिन्छ ढेवाको इसारामा हावा पनि रोकिन्छ । त्यस क्षेत्रमा यस्ता मान्छेको घरमा सोमा बास बस्न पुग्छे । ढेवा त्यस भेगको सामन्त मात्र नभएर नयाँ-नयाँ स्त्री भोग्ने र यौन सुख लिने प्रवृत्तिको सामन्ती पनि हो । यसैकारण उसले चार-चारओटी श्रीमती ल्याएको छ । सोमाको त्यस रात ढेवा जस्तो स्त्री पिपासु मान्छेको घरमा बास बसाइले ढेवाका श्रीमतीहरू चिन्तित हुन्छन् । उनीहरूले सोमालाई बास नबस्न आग्रह गर्छन तर सोमा त्यस रात अन्त जान असम्भव भएपछि ढेवाकै घरमा बास बस्न बाध्य हुन्छे । ढेवा राती घरमा आइपुग्छ र रक्सी खाएर सुत्छ । सोमालाई पछ्याउँदै अवेर राती गोरे ढेवाको घरमा आइपुग्छ । ढेवाको कुकुरले गोरेलाई ठाडै झम्टिन्छ । घरका अरू कामदार विउझन्छन् । ढेवा गोरेलाई चोरको आरोप लगाई कोर्रा हान्न लगाउँछ । राती कुकुर थुन्ने खोरमा थुन्छ । सोमा गोरेको यातना चुपचाप हेरी मात्र रहन्छे । मध्यरातमा सोमा गोरेलाई त्यस जंजीरबाट बाहिर निकालिदिन्छे । गोरे ढेवाको बलियो घोडा लिएर सोमालाई साथमा लिई त्यहाँबाट भाग्छ । सोमालाई केही पर पुऱ्याइ ऊ फर्कन्छ । सोमा बौद्ध भिक्षुहरूको साथ काठमाडौंको यात्रा तय गर्छे । सोमा काठमाडौं पुगेपछि उसको मितिनी आमाकोमा जान्छे । मितिनी आमाको बौद्धमा एउटा पसल हुन्छ । मितिनी आमा सोमालाई देखेर आफ्नो मितिनीको हालखवर सोध्छे । मितिनीको खोजखवर नभएको कुरा थाहा पाएपछि बनावटी शोक व्यक्तगर्छे । सोमाको रूपरंग देखेर मितिनी आमा आफ्नो व्यापार व्यवसाय बढाउने उद्देश्यले उसलाई आफ्नै पसलमा काममा लगाउने कुरा गर्छे । काठमाडौंको परिवेश विकृत भएकोले तरुनी केटी भएको पसलमा मात्रै ग्राहक जाने र ती केटीहरूसँग जिस्किने र यौनजन्य कार्य गर्ने एउटा परम्परा नै बसेको हुन्छ । यसैकारण मितिनी आमाले सोमालाई त्यस्तो कार्य

गराई आफू धनी बन्न उद्धत छे । सोमा त्यस्तो कार्य गर्न मान्दिन ऊ पसमा जुठा भाँडा माझ्ने चिया दिने पकाउने रक्सी ओसारपसार गर्ने कार्य गर्दछे । सोमाबाट त्यस्तो कार्य नगर्दा मितिनी आमाले उसलाई शारीरिक यातना पनि दिन्छे । ढेवा अकस्मात मितिनी आमाको पसलमा आइपुग्छ । ढेवा र मितिनी आमा रातभर कुराकानी गरेर सोमालाई कर्णेलको घरमा लैजान्छन् । मितिनी आमा सोमालाई सेर्पीनी पहिरनमा सिंगारी भर्खर हिमालबाट झरेको जस्तै बनाएर कर्णेलकोमा पुऱ्याउँछन् । कर्णेलबाट ढेवा र मितिनी आमाले केही बकस पाएछि ढेवा र मितिनी आमाको भित्री इच्छा पनि पूरा हुन्छ । सोमालाई कर्णेलको घरमा कुकुरको हेरचाह र सफा सुग्घर गर्ने कार्यमा खटाइन्छ । उसले कुकुरको विस्टा सफा गर्ने देखि कुकुरलाई खुवाउनु पर्ने कार्य गर्नु पर्छ । कर्णेलका थरीथरीका कुकुरले आफ्नै हैसियत देखाएका हुन्छन् । बेलायती कुकुरलाई कर्णेलको बैठक र बेडरूममा समेत पस्ने अधिकार हुन्छ भने भोटे कुकुर द्वार पाले बनेर बाहिरै बस्छ । कर्णेलका दुईवटा छोरी छन् जो बैंशले मातिएर उनीहरूको छाडा प्रवृत्ति सोमा सामु प्रस्तुत गर्छन् । नाङ्गै सोमाको अगाडि नुहाउनु र सोमासँग ईत्रिनु र शारीरिक स्पर्श गरेर आफ्नो यौन उत्कण्ठा तृप्त पार्न दुवै छोरीले खोज्छन् । सोमा यी सब घटनाबाट वाक्क भएर कर्णेलको घर छाड्न चाहन्छे । तर कर्णेलको घरबाट सजिलै मुक्ति नमिल्ने देखेपछि सोमाको काम गर्ने साथीको सल्लाह अनुसार पागल बनेर नाटक गर्छे । कुकुरका विष्टा सबैतिर छरिदिन्छे आफूले लगाएको लुगा समेत च्यातेर पागलपनको प्रमाण दिन्छे । सबै प्रमाण पुगेपछि खप्नु यातना खपेपछि सोमा कर्णेलको घरबाट छुट्कारा पाउँछे । सोमा कर्णेलको घरबाट सिधै मितिनी आमाकोमा जान्छे तर मितिनी आमा सोमालाई आफ्नो घरमा पस्न र बस्न पनि दिन्न । उसले अव कर्णेलले आफ्नो के हालत गर्ला ? सोमाले उसको सबै आशामा पानी मिलाई दिई भनेर सोमालाई गाली गर्छे । सोमा कतैबाट सहारा नपाएपछि बौद्धमा बस्ने र सोमा पसलमा हुँदा चिया खान आउने बलेकोमा जान्छे । बले ईमान्दार मान्छे पनि हो । ऊ सोमालाई सहयोग गर्न त तयार छ तर बौद्धमा उसले सोमालाई सहयोग गऱ्यो भने उसलाई सबैले हेप्छन्, पानीसम्म पनि दिँदैनन् भन्दा यो उसको भनाई

सहज छ तर सोमाको अवस्था देखेपछि ऊ पनि विह्वल हुन्छ । सोमा कर्णेलको यातनाले उसको शरीर कमजोर भएको हुन्छ । त्यसैले बले अफू अछुत भएकाले सोमालाई आफ्नो घरमा राख्न अन्कनाउँछ तर पनि मानवीय नाताले आफ्नो घरमा राखेर केही खाना खान दिन्छ । सोमा बलेसँग आफ्नै गाउँ जाने कुरा गर्छे । उसको गोरे उसैलाई पर्खिराखेको होला भन्छे तर बलेलाई गोरेको मृत्यु भइसकेको कुरा थाहा हुन्छ । तरपनि ऊ सोमाको संवेदनशीलतामाथि चोट पुऱ्याउँदैन । उसले सोमालाई लिएर उसको गाउँ पुऱ्याउने यात्रा गर्छ । बाटामा ढेवा जीवन र मरणको दोसाँधमा हुन्छ । चील आकाशमा घुमिरकहेका हुन्छन् । ढेवा एक बेवारिसे मृत्युवरण गर्ने अवस्थामा पुग्छ । वरीपरीका मान्छे ए ! यो ढेवा मरोस् विचरा ! भन्ने शब्द त्यसको अवस्था हेरि चिन्ने मान्छेहरूले भन्छन् । तर पनि जीवनको अन्तिम अवस्थामा पुगेकोले विचरा ! भन्न उनीहरूलाई करै लाग्छ । सोमा पनि आफ्नो जीवनको अन्तिम अवस्थामा पुगेकी हुन्छे । उसले आफ्नो समाधि गराउँदा त्यही थोत्रो डोकोमा राखेर गराउनु भन्छे । सोमा भोक र प्यासले छट्पटाएको बेला कतैबाट न एक गाँस अन्न पाउँछे न एक मुट्ठि पानी न बासै पाउँछे । बले कतैबाट पानी ल्याएर पिलाउँछ र सोमाको अन्तिम अवस्था आएको चालपाई उसले गोरेको मृत्यु भएको खबर सुनाउँछ त्यसैबेला सोमाको प्राण पखेरु पनि उड्छ ।

अतः यस काव्यमा प्रयोग भएको कथावस्तु यति नै हो । सोमाको कारुणिक अन्तमा पुगेर यस काव्यको कथावस्तु समाप्त भएको छ । मानवीयताको खोजी र मातृत्वको अपूर्ण इच्छा लिएर काठमाडौं पुगेकी सोमा काठमाडौं झन मानवीयता विहीन भएर सोमालाई आक्रमण गर्छ । सोमा मानवीयता भरिएकी चरित्र हो । उसले छुत अछुतको भेदभाव गर्दिन बलेको घरमा गई पानी खानु उसले सहज रूपमा लिएकी छ । उसको विचार उच्च छ । उसले संसारमा दुईवटा मात्र जति देखेकी छ एउटा पुरुष अर्को महिला भन्ने विचार राख्ने सोमा आफ्नो आमा सारुको खोजी गर्दा गर्दै नेपाल आमाको खोजी गर्न पुग्छे । तर उसले अन्याय, अत्याचार, शोषण मात्र भेट्टाउँछे । गरिबी, अशिक्षा, अज्ञानता आदि नेपालभरी व्याप्त रहेको पाउँछे । हुनतः उ

पनि अज्ञानी नै छे । उसको विचार भने उच्च छ । ऊ छुत-अुछतमा भेदभाव गर्दिन । धनी र गरीब बीचमा भएको खाडल र गाउँ, शहरबीचको जीवनशैली, ग्रामीण गरिबी र शहरबीचको दुरी कति फराकिलो छ भन्दै हिमाली संस्कृति, आञ्चलिकता, धार्मिक मान्यता, परम्परा तथा रीतिरिवाज, प्राकृतिक सौन्दर्यता र कठिनाई पनि यस काव्यमा कथ्यसँगै आएका छन् । सोमाकै केन्द्रीयतामा कथावस्तु रहेपनि कोइरालाले परिस्थितिलाई झल्काउन परिवेश अनुकुल पात्रको प्रयोग गरेको पाइन्छ ।

### ३.६.३.८ सामाजिकता

'नीलो मह' काव्यमा प्रयोग भएको सामाजिकताले दुई वर्गका समाजको चित्रण गरेको पाइन्छ । यसमा गरिब र शोषक सामन्तका सामाजिकस्तरलाई प्रयोगवादी दृष्टिबाट प्रस्तुत गरेको पाइन्छ । शेर्पा समाजका सामाजिक परिवेश र सोमाको गरिबी बलेको सामाजिक स्तरदेखि कर्णेलको सामान्ती परिवेश ढेवाको शोषण र मितिनी आमाको व्यापारिक समाज आदिको प्रशस्त सामाजिक अभिव्यक्ति यस काव्यमा पाएको देखिन्छ । समाजको अप्ठ्यारा गरिबीको कारुणिकता शोषकको अत्याचार छुवाछुत देखि बहुविवाह र नारीलाई भोग्याको रूपमा हेर्ने समाज र काठमाडौंका सामान्त वर्गका छोरीहरूको उच्छृङखल व्यवहारलाई समेट्दै विसङ्गत समाजको तस्वीर यस काव्यले वरण गर्न पुगेको देखिन्छ ।

### ३.६.३.९ आर्थिक विपन्नता

'नीलो मह' काव्यमा कथ्यले नै आर्थिक दुराअवस्थाको चित्रण गरेको छ । सोमाको गरिबी त्यही गरिबी र दुई छाक खानको निमित्त राडिपाखि बेच्न गएकी उस्की आमा बेपत्ता भएकी सोमा जीवन धान्न कर्णेलको घरमा काम गर्न बाध्य भएकी र मितिनी आमाको घरमा अर्काको जुठा चिया पिउने र कुकुरको विष्टा सोर्होर्ने अर्थिक विपन्नताको प्रस्तुती यस काव्यमा पाइन्छ । बलेको गरिबी र अन्तिम अवस्थामा एक गाँस खान नपाईँ मर्ने, बास नपाई खुल्ला आकाश मुनि रात विताउनु पर्ने अवस्थाको चित्रण यसमा देख्न सकिन्छ । जीवनभर ढाकर बोक्ने जाडोमा दन्तवाजा बजाउने

गरिबवर्ग, भोक, रोग र प्राकृतिक प्रकोपको सिकार भएर अकालमा मर्ने हिमाली जनजातिको आर्थिक कारुणिकताको प्रस्तुती यस काव्यमा रहेको पाइन्छ ।

### ३.६.३.१० सांस्कृतिक पक्ष

यस काव्यमा जनजातीय साँस्कृतिक पक्षको चित्रण भएको पाइन्छ । हिमाली काखमा रहेका शेर्पा जातिको साँस्कृतिक पक्ष, बौद्ध धर्मका सांस्कृतिक मान्यता भिक्षुहरूको धार्मिक कार्य र शेर्पा जातिले बुन्ने राडिपाखि, जातीय पहिरन, बौद्ध-स्तुप, गुम्बा र लामाहरूको मन्त्रोच्चारण देखि काठमाडौं बौद्धको विकृत साँस्कृतिक पक्षलाई पनि यस काव्यले समेटेको पाइन्छ भने शेर्पाहरूको मृत्युमा समाधिस्त गराउने प्रचलन आदि कुराले जातीय साँस्कृतिक पक्षलाई प्रस्तुत गरेको देखिन्छ ।

### ३.६.३.११ विसङ्गतिवादी जीवनदृष्टि

'नीलो मह'ले जीवनका विसङ्गत पक्षको चित्रणमा सोमा मार्फत उसले मातृत्वको खोजीमा पाएका हण्डर र मितिनी आमा जस्ता आमाले छोरीजस्ती सोमालाई देह व्यापारमा लगाउन खोज्नु, ढेवा जस्तो यौन पिपासुले सोमालाई छोरी भनेर कर्णेलको घरमा काममा खटाउनु, कर्णेलको घरमा काम गर्ने मान्छेहरूको जीवनस्तर उसको कुकुरको भन्दा नाजुक हुनु, जीवन र मरणको दोसाँधमा भएकी सोमालाई कसैले आश्रय र एकमुट्ठि अन्न पनि नदिनु, गोरेजस्ता प्रेमी प्रेम वियोगमा छट्पटाई मर्नु आदि कुराले यसमा विसङ्ग जीवनदृष्टि प्रशस्तै प्रयोग भएको देखिन्छ ।

### ३.६.३.१२ कारुणिकता

'नीलो मह' कारुणिक काव्य हो । शुरुदेखि नै कारुणिक परिवेशले यसमा करुण रस प्रधान भएको देखिन्छ । सोमाको प्रेम वियोग मातृत्वविहीनता र जसमा छट्पटाएकी सोमा जो हराएकी आमाको खोजीमा हिड्छे । काठमाडौंमा उसले खेपेका कठिनाई मितिनी आमाको व्यवहारले ऊ झन आक्रान्त बन्छे । कर्णेलको यातना र छुट्काराले आमाको खोजीमा निस्किएकी सोमा झन मातृत्व विहीन भएर आफ्नो घर फर्कन्छे । यहि क्रममा बलेबाट उसको प्रेमी गोरे मरेको कुरा र भोक लाग्दा कसैले एक

मुट्ठी अन्न र बास मग्दा कसैले वास नदिएको प्यास र रोगले जीर्ण भएकी सोमा आफ्नो प्रेमीको प्रेम वियोग र मातृत्व वियोगमा छट्पटिई मृत्युवरण गर्न पुगेको घटनाले यस काव्यलाई कारुणिक काव्यको रूपमा कोइरालाले प्रस्तुत गरेको पाइन्छ । यस काव्यको कारुणिकताले गरिब, शोषित, पीडित, वर्गका जनताको कारुणिकता दुःख कष्ट आदिको यथार्थ अभिव्यक्ति दिएको देखिन्छ ।

### ३.६.३.१३ मूल भाव

'नीलो मह' काव्यमा गरिबी अज्ञानताले व्याप्त हिमाली जनजीवनको कठिनाई प्रस्तुत गर्दै जनजातीय सांस्कृतिक पक्षको चित्रणमा यस काव्य मुखरित भएको पाइन्छ । सोमाले आमाको खोजीमा खेप्नु परेका हण्डरलाई कारुणिक पाराले यस काव्यमा अभिव्यक्ति पाएको छ । काठमाडौंका विकृत परिवेशले हिमाली स्वच्छता हराएको छ भन्दै कविले शोषक सामन्त वर्ग गाउँ र शहर जतापनि रहेका छन् भन्ने कुरा यस काव्यमा अभिव्यक्त गरेको पाइन्छ । जातीय वर्ग भेद अद्यावधि कायमै रहेको कुरालाई यस काव्यले उठाएको पाइन्छ । समाजमा तल्लो वर्गका मानिसले जीउनका लागि गरेका संघर्षमा कथित माथिल्लो वर्गको थिचोमिचोले तिनीहरूको स्वच्छता चुसिएर नीलो भएको कुरा यस काव्यमा अभिव्यक्त भएको पाइन्छ । यस काव्यमा प्रस्तुत भएका सातै चुचुराले हिमाली जनजीवनको करुणा र क्रन्दन समेटेर शोषित वर्गको दयनीयता प्रष्ट्याएको पाइन्छ । सोमाले भोगेको व्यथा उसले शहरमा पाएका हण्डरले मानवीयताको दयनीय स्थितिको चित्रण गर्छ । प्रेम, मायाको घृणित रूप मितिनी आमाबाट सोमाको मृत्युसम्म भएकोले यो काव्य कारुणिक जीवनकथा समेट्दै मानवीय मूल्यकोखोज यसमा पाइन्छ । यौन वासना उच्छृङ्खल आदि व्यवहारबाट प्रताडित सोमा आफ्नै गाउँको स्वच्छता राम्रो भन्दै फर्कनुलाई शहर र गाउँबीचको दुरीको तस्वीर प्रष्ट रूपमा यस काव्यमा प्रस्तुत भएको छ । आफ्नो अस्तित्त्वको लागि लेडेकी सोमाको विसङ्गत जीवन प्रस्ततु गर्दै समग्र शोषित पीडित गरिब नेपाली जनजातिको दुःख कष्टप्रस्तुत गर्नु यस काव्यको मूल भाव रहेको छ ।

## ३.७ मोहन कोइरालाको प्रकाशित फुटकर कविता र कृतिहरूको विवरण

### ३.७.१ कविताहरूको विवरणको सूची

| क्र.सं. | कविताको शीर्षक | प्रकाशन समय | स्रोत | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १. | उनीहरूले बुझिसके | २००७ भदौ कात्तिक | शारदा | १६ | ५-७ | | २०५-६ |
| २. | देशको परिचय | २००८ जेठ-असार | " | १७ | २-३ | | ४५-४६ |
| ३. | झिक्रा झिक्री | २००९ पुस | " | १९ | १ | | २०४-५ |
| ४. | जाँदाजाँदै सम्झेर | २०१० पुस-माघ | प्रगति | १ | ५ | | २-३ |
| ५. | म पहिलो आगन्तुक हुँ | २०११ भदौ-असोज | " | २ | ३ | | १-२ |
| ६. | म तिम्री छोरीलाई प्रेम गर्छु | २०११ भदौ-असोज | " | २ | ३ | | १-२ |
| ७. | उनलाई चिठ्ठी | २०११ भदौ-असोज | " | २ | ३ | | ५-६ |
| ८. | प्रसूता | २०११ कार्त्तिक-मंसीर | " | २ | ४ | | ८-११ |
| ९. | प्यारो प्यारो मेरो लोम | २०१२ वैशाख | शारदा | २० | ५ | | ११७ |
| १०. | शहीद | २०१२ वैशाख | " | २० | ५ | | ११८-१९ |
| ११. | आमा मलाई बाँच्न दे | २०१२ असार-साउन | प्रगति | ३ | २ | | १-५ |
| १२. | सिंहिनी लालसाको अग्निकुण्ड | २०१२ कार्तिक-मंसिर | " | ३ | ४ | | ७९-८१ |
| १३. | आधुनिक नेपालको क्लव ह्विस्की | २०१३ | इन्द्रेणी | १ | ५ | | २-६ |
| १४. | पहराको फूल | २०१३ | " | १ | ६ | | ८ |
| १५. | मेरो आलोक | २०१३ | " | १ | ८ | | १ |
| १६. | म सम्झन्छु | २०१३ | " | १ | ८ | | २-३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | कार्टुनको शहर | २०१३ | ” | १ | ८ | | ४-५ |
| १८. | घाइते युग | २०१७ भदौ-असोज | रूपरेखा | ४ | २ | | ७-९ |
| १९. | सडकमा हुस्से | २०१७ कार्तिक | शारदा | २५ | १ | | ५-६ |
| २०. | मिस रेमिङ्गटनकै | २०१७ | उकालो | २ | २ | | १५-१६ |
| २१. | सारङ्गी | २०१८ असार-साउन | रूपरेखा | २ | १ | | ९-११ |
| २२. | मेरो यो गाउँले क्षण | २०१९ साउन | ” | ३ | ३ | | ९-११ |
| २३. | मेरो व्यङ्ग्य चित्र | ” | ” | ३ | ८ | | ७-८ |
| २४. | एक रात | २०२० | ” | ३ | १२ | | ९१-९३ |
| २५. | चिन्तन | २०२० | ” | ३ | १२ | | ९४ |
| २६. | जिन्दगी एक फूल एक कल्पना | २०२० असार-भदौ | रचना | २ | ३ | | ११-१२ |
| २७. | मामा | २०२० भदौ | रूपरेखा | ४ | ४ | | ३३-३४ |
| २८. | एक लाश | २०२० कार्तिक | ” | ४ | ६ | | ५ |
| २९. | म विश्व | २०२० कार्तिक | ” | ४ | ६ | | ६ |
| ३०. | छायाँको व्यक्तित्त्व | २०२० कार्तिक | ” | ४ | ६ | | ६-७ |
| ३१. | म विना थन्कोको शालिक | २०२० कार्तिक | ” | ४ | ६ | | ७-८ |
| ३२. | तस्वीर | २०२० फागुन | रूपरेखा | ४ | १० | | १-३ |
| ३३. | फर्सीको जरा | २०२१ जेष्ठ | ” | ५ | १ | ३७ | १७-१९ |
| ३४. | भीमसेन थापाको अन्तिम दिन | २०२१ भदौ | ” | ५ | ४ | ४० | १७-२१ |
| ३५. | २०२१ | २०२१ भदौ | ” | ५ | ४ | ४० | २२ |
| ३६. | सुनकोशी | २०२१ मंसिर | नयाँकविता | | | १ | ४० |
| ३७. | मिस पेपर वेट | २०२१ कात्तिक-पुस | मुकुट | २ | २ | ६ | १८-१९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३८. | आँखाको हरफ | २०२१ माघ | रूपरेखा | ५ | ९ | ४५ | १७-१८ |
| ३९. | क्षितिजमा टाँगिएको तन्द्रा | २०२१ माघ | ” | ५ | ९ | ४५ | १८-१९ |
| ४०. | नर + नारी | २०२१ माघ | ” | ५ | ९ | ४५ | १९ |
| ४१. | रातको सर्दीमा नयाँ सडक | २०२१ | मुकुट | २ | ३ | ७ | ५६-५९ |
| ४२. | टुङ्गो नपाएको गीत | २०२२ वैशाख | सगुन | १ | १ | | १-२ |
| ४३. | सृष्टिको अचानोमा | २०२२ वैशाख | ” | १ | १ | | २-३ |
| ४४. | बालसूर्य | २०२२ बसन्त | कविता | २ | २ | | १३२ |
| ४५. | बेहोरामा थोप्लिने मसी | २०२२ जेठ | रूपरेखा | ६ | १ | ४९ | ६-८ |
| ४६. | कार्कीको अवशिष्ट पत्नी प्रेम | २०२२ बैशाख-असार | नयाँकविता | | | २ | २२-२६ |
| ४७. | जिन्दगीको पूर्णता | २०२२ पुस | मुकुट | ३ | १ | | ५५-५६ |
| ४८. | ...... बग्दछ रगत | २०२२ | ” | ३ | ४ | | २९ |
| ४९. | पापीत्म मै | २०२२ | | ३ | ६ | | ४८ |
| ५०. | सिम्फोनी रगतको नसा | २०२२ | रूपरेखा | ६ | ८ | ५६ | ९ |
| ५१. | हिमाली चरीको फूल | २०२३ वर्षा | कविता | २ | २ | | २५१-५३ |
| ५२. | हिमचुली रक्तिम छ | २०२३ बसन्त | ” | ३ | २ | | २४३-४४ |
| ५३. | तिम्रो गीत | २०२३ शरद | ” | २ | ४ | | ४७६-७७ |
| ५४. | समाधि | २०२३ | रहर | १ | २ | | ३७-४० |
| ५५. | पेपरवेटहरू च्यातेर आँखाभरि | २०२३-२४ | हिमाली | ४ | ३ | | १२६-२९ |
| ५६. | आफ्नै शून्यमा हिर्काएर | २०२४ | आरती | | | | ५-६ |
| ५७. | आँखाको महल | २०२४ | रचना | ४ | २ | १५ | ३-६ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५८. | मूढ पहाडबाट अर्लिएर | २०२५ जेठ | मधुपर्क | १ | १ | १ | ५९-६० |
| ५९. | कोशाको बीउ भएर | २०२५ असोज | " | १ | ५ | ५ | ४५ |
| ६०. | कोठा भरि वरफ खस्तछ | २०२५ भदौ | रूपरेखा | ९ | ४ | ८८ | ९-१० |
| ६१. | म देवता बन्न नसकेकोमा | २०२५ फागुन | मधुपर्क | १ | १० | | २ |
| ६२. | निद्राहरूको लिलाम | २०२५ असार-साउन | रचना | ४ | ३ | १६ | ३६ |
| ६३. | मलाई जुन मनपर्छ | २०२५ असार-साउन | " | ४ | ३ | १६ | ३७-३८ |
| ६४. | एउटा पाप | २०२५ असार-साउन | " | ४ | ६ | १९ | १४-१५ |
| ६५. | जिन्दगी हिसाबमा अङ्कगणितले | २०२५ | रत्नश्री | ५ | ४ | | |
| ६६. | भान पर्नु | २०२५ | प्रतिक्षा | १ | १ | १ | |
| ६७. | ऊ आएर के भन्ली | २०२५ | प्रगति | | | २० | |
| ६८. | यात्रा लास र बोकाको मासु | २०२५ | नयाँ कविता | १ | ३ | | |
| ६९. | आरुको छायाँ | २०२६ | रूपरेखा | ११ | १२ | १०८ | ९-१० |
| ७०. | उज्यालो र अँध्यारो | २०२६ | मधुपर्क | १ | १२ | | ७२ |
| ७१. | विदाको दिन | २०२६ | सिउँडी | | | १ | २७-२९ |
| ७२. | म के हुनु भनेको ? | २०२६ | सिउँडी | | | १ | २९ |
| ७३. | एक परिपाटी | २०२६ | त्रिफला | १ | १ | १ | ४९ |
| ७४. | एउटा कारिन्दाको पदोन्नती | २०२८ | स्वतन्त्रता | | | १ | ४४-४५ |
| ७५. | शहर | २०२८ | मुकुट | | | १६ | ३३-३४ |
| ७६. | ठण्डा बरफ | २०२८ असोज | सिउँडी | ६ | | | |
| ७७. | प्रदर्शनीको साँझ | २०२९ | मधुपर्क | १ | १ | | ७५-७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७८. | पुलमुनी पानी बग्दैन | २०२९ | रूपरेखा | १३ | ६ | १३५ | ५–७ |
| ७९. | कल्पित चौतारी | २०२९ | रूपरेखा | १३ | ९ | १३८ | १३ |
| ८०. | हावाको लहर एक मोडेलभित्र | २०२९ पुस | त्रिफला | | ५ | ५ | ६३ |
| ८१. | क्युरियो बटुकोमा पाटन | २०२९ चैत्र | मुकुट | ५ | २ | १९ | १८ |
| ८२. | जण्डिसको कुहिरोमा आधुनिक कविता | २०२९ माघ | मुकुट | ५ | १ | १८ | १८–१९ |
| ८३. | कोट आधा ओढेर | २०२९ | रूपरेखा | | | १४२ | ९ |
| ८४. | चौथो सन्दर्भ निलकाँडाको बोट | २०२९ | रसायन | ३ | ३ | | |
| ८५. | पानीको घेरा | २०२९ | गुनकेशरी (प्रवेश) | | | | |
| ८६. | मौसम विज्ञान | २०२९ | पूजा | | | | ४४ |
| ८७. | अब्स्ट्यक्ट छायाँ र जुनकिरी बोकेका पहाडहरू | २०२९ फागुन-वैशाख | स्वतन्त्रता कविता विशेषांक | १ | ३ | | ३४–३५ |
| ८८. | विम्बप्रति विम्ब | २०३० | विदेह नववर्ष | | | | ४९–५० |
| ८९. | भायोलिन बोकेको समुन्द्र | २०३० कात्तिक-मंसीर | गुञ्जन | १ | २ | | २९ |
| ९०. | फर्क यतिहरू | २०३० | पूजा | | | | |
| ९१. | एक टुक्रा फूलको | २०३० | दौंतरी | १ | १ | | |
| ९२. | ठूलो स्वरले सिंगारेको छ | २०३० | वेणी प्रवेषांक | | | | |
| ९३. | एक टुक्रा फूल | २०३० | मधुपर्क | ६ | ११ | | ३ |
| ९४. | भानुभक्त | २०३१ भदौ | रूपरेखा | १५ | ४ | १६० | २ |
| ९५. | खनिज हो मन | २०३१ साउन | मधुपर्क | ७ | ३ | | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९६. | सम्झनेहरू | २०३२ भदौ | रूपरेखा | १६ | ४ | १७२ | ५ |
| ९७. | च्याङ्वा हो च्याङ्वा | २०३३ पुस | रूपरेखा | १७ | ८ | १८८ | |
| ९८. | कवि देवकोटा प्रति | २०३३ | प्रज्ञा | ६ | १ | १९ | ९६-९७ |
| ९९. | टाढा र नजिकको रंगशालामा शंकर लामिछाने | २०३३ | रूपरेखा | १७ | ८ | १८८ | ४३ |
| १००. | क्रस लाइट | २०३३ | रहर | १ | १ | १३ | |
| १०१. | शुभराज्याभिषेक स्वागत | २०३१ | प्रज्ञा | ४ | ३ | १९ | १४६ |
| १०२. | शुभ जन्मोत्सव हृदङ्गमय गर्दा | २०३३ पुस | प्रज्ञा | ६ | १ | | १०८-९ |
| १०३. | भकुण्डोको डल्लोमा हिँड्दा | २०३४ | रत्नश्री | १४ | ६ | २१ | ११-१२ |
| १०४. | विकास मन्दिर | २०३४ | प्रज्ञा | ६ | ३ | २३ | १२२ |
| १०५. | एकछिन सडकतिर | २०३४ | प्रज्ञा | ७ | १ | | ९२-९४ |
| १०६. | छेउको टोल | २०३४ माघ-फागुन | रत्नश्री | १५ | ४ | | ११ |
| १०७. | जारीको कचहरी | २०३४ | रहर तेस्रो अंक | | | | ३० |
| १०८. | हाम्रा गाउँघर | २०३५ वैशाख | जनहित | ५ | २ | | |
| १०९. | रातो घामको पानीघाट | २०३५ | रूपरेखा | १८ | १२ | २०७ | ९ |
| ११०. | पसिना आउने स्थानहरूको प्रदर्शन | २०३५ वैशाख-असार | पसीना | १ | १ | | २६ |
| १११. | म आजको अखबार | २०३५ | रूपरेखा | १९ | ३ | २०७ | ९ |
| ११२. | एकता इतिहास | २०३६ | प्रज्ञा | ७ | ४ | २६ | ११५ |
| ११३. | सडकको आह्वान | २०३६ | भानु | १६ | २९ | | ४९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११४. | अब उठ्नुपर्छ प्रण र इच्छाका उद्वेगहरू | २०३६/३७ | मधुपर्क | १२ | ११ | १३६ | ७७ |
| ११५. | यसपालीको भानुभक्त जयन्ती सम्पन्न भयो | २०३८ श्रावण | रूपरेखा | २२ | ३ | २४३ | ९-११ |
| ११६. | शान्तिको उपासना | २०३८ | मधुपर्क | १४ | ६ | १५३ | ३२-३३ |
| ११७. | गल्लिनिरको पसल | २०३८ | रूपरेखा | | | २५० | १७ |
| ११८. | एक टुक्रा | २०३८ | पसीना | ६ | १६ | १६ | १ |
| ११९. | प्रवास बासबाट | २०३८ कार्तिक | पूजा आठौँ प्रकाशन | | | | १-२ |
| १२०. | आज माझी बाहिर निस्केको छैन | २०३९ वैशाख | मिर्मिरे | २९ | | | ७-८ |
| १२१. | पानीको संगीत | २०३९ फागुन | गरिमा | १ | ३ | | |
| १२२. | टोकन | २०३९ असार | रूपरेखा | २३ | २ | २५४ | १-२ |
| १२३. | अन्धकार नहाँक सारथीहरू | २०३९ असोज | रूपरेखा | २३ | ५ | २५६ | ९-१० |
| १२४. | आगो र पानीको सम्झौता | २०३९ माघ | रूपरेखा | २३ | ९ | २६१ | ४-५ |
| १२५. | आरम्भको अन्त छैन | २०३९ | प्रज्ञा बीसौँ विशेषांक | ९ | | | ६७-६९ |
| १२६. | यात्रा सडकमा आउँदैछ | २०३९ | प्रज्ञा बीसौँ विशेषांक | ९ | | | ६९-७१ |
| १२७. | जीवन बाँच्नु र बिडम्वनासँग | २०४० | रूपरेखा | | | २६७ | ७ |
| १२८. | जुनकिरी | २०४० | रूपरेखा | | | २७४ | २९ |
| १२९. | एउटा गीत नेपालको लागि | २०४० कार्तिक | गरिमा | १ | ११ | | |
| १३०. | विश्व क्षणिक छ म कोट लगाउँछु | २०४० फागुन | मिर्मिरे | | ४५ | ४५ | ६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३१. | बडा दशैंको आगमन | २०४० कार्तिक | मिर्मिरे | | ४३ | ४३ | ४३ |
| १३२. | स्याउ खस्तैन | २०४१ | समीक्षा | २५ | ४ | | ३ |
| १३३. | क्रिसमस बृक्ष | २०४१ कार्तिक | गरिमा | २ | ११ | २३ | ११-१२ |
| १३४. | दशैं आयो | २०४१ पुस | गरिमा | | २ | १ | ४ |
| १३५. | वन पथ | २०४१ पुस | मिर्मिरे | | ५० | ५० | १०३-४ |
| १३६. | आस्था सवारी भएको छ | २०४१ फागुन | मिर्मिरे | | ५१ | | १५-१६ |
| १३७. | प्राक्कथन | ” | मधुपर्क | १७ | १० | १८९ | ५०-५१ |
| १३८. | हिंड्न नसकेका बाटो थुप्रो छन् | ” | मधुपर्क | १७ | १० | १८९ | ५१-५२ |
| १३९. | मानिस | ” | मधुपर्क | १७ | १० | १८९ | ५१-५३ |
| १४०. | भाका र भावना | २०४१ असार | मधुपर्क | १७ | २ | | |
| १४१. | राजा चिरन्जीवि रहुन् | ” | कविता | | १२ | | ५ |
| १४२. | जिवन भरको किसान गोरु हो । | ” | राजधानी | २ | ३ | | ४ |
| १४३. | एउटा सिग्रेट | २०४१ माघ-चैत | कविता | १३ | | १३ | ३-४ |
| १४४. | भाग्यको महफिलमा | २०४२ असार | गरिमा | ३ | ७ | ३१ | |
| १४५. | मुसाको खोर | २०४२ साउन | उपमा | १ | १ | | |
| १४६. | मनलागेन | २०४२/४३ फागुन-वैशाख | बगर | ५ | | १२ | १ |
| १४७. | मिनीकार | २०४४ भदौ/असोज | रचना | २४ | ४ | | ६ |
| १४८. | प्रथम फागुनको वर्ष | २०४४ | छहरो | १८ | १ | | |
| १४९. | लौन मेरो आरधनालाई के भो ? | २०४५ | मधुपर्क | २१ | २ | २२९ | १२ |
| १५०. | हे ईश्वर तिमी को हौ ? | २०४५ माघ | मधुपर्क | २१ | ९ | २३९ | २३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५१. | डोको नफ्याँक्नुस् है बुबा ? | २०४६ | यद्यपि | २ | ३ | | ५४ |
| १५२. | अहिले साँढे नौ भएछ | २०४६ असार | मधुपर्क | २२ | २ | २४१ | २९ |
| १५३. | किक: किक: किक | २०४६ मंसीर | मधुपर्क | २२ | | | |
| १५४. | प्रत्येक क्षण नौलो लाग्यो | २०४७ पुष | मधुपर्क | २३ | ८ | २५९ | १७ |
| १५५. | यात्रा शुरु भइसकेको छ | २०४७ मसार | मधुपर्क | २३ | २ | २५३ | १९ |
| १५६. | पतझड | २०४६ फागुन | मधुपर्क | २२ | १० | २४९ | ८८ |
| १५७. | लोसरको गीत | २०४७ मंसिर | गरिमा | ८ | १२ | ९६ | |
| १५८. | रङ्गिन महल चकनाचुर भयो | २०४८ | बगर | ९ | | ३० | ८२ |
| १५९. | कोशी बाला | २०४८ | बगर | ९ | | ३० | ८३ |
| १६०. | यात्रा | २०४८ साउन | बगर | १० | | ३१ | २ |
| १६१. | चेपेलाई फिल्टर भित्र चेप्दा चेप्दा | २०४९ | रश्मि | | | | २२ |
| १६२. | जाडोको हिमालय | २०४९ हेमन्त/शिशिर | गोधुली | | | | |
| १६३. | नाम बुद्ध मेरो नाम होइन | २०५० पुस/माघ | मिर्मिरे | २२ | ५ | १०४ | १ |
| १६४. | अतृप्त कल्पनालाई भेट्न | २०५० जेठ | मधुपर्क | २६ | १ | २८७ | ६ |
| १६५. | आज कसैलाई बिदा गर्नुछ | २०५० पुस | मधुपर्क | २६ | ८ | २९५ | |
| १६६. | एक टुक्रा कविता | २०५१ भदौ | मिर्मिरे | २३ | ३ | १०८ | १ |
| १६७. | स्वतन्त्र सेनानीको मुक्ति | २०५१ भदौ | सुनगाभा | १ | १ | | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १६८. | क्यासेटको टिपोट | २०३६ | आकार | २ | ७ | | |
| १६९. | कल्पित चौतारी | | रूपरेखा | १३ | ९ | १३८ | |
| १७०. | हिउँको बाटो | | कलाकार | १ | १ | | २१ |
| १७१. | सोडा पसल | | तरुनी | १ | ५ | | ६६ |
| १७२. | यात्रा शुरु | | मधुपर्क | २३ | ८ | २५३ | |
| १७३. | प्रत्येक वर्ष | | मधुपर्क | २३ | ८ | २५९ | |
| १७४. | अनुमान दश बजेको हुनुपर्छ | २०५० | प्रज्ञा | | | | |
| १७५. | भर्खरको तीन पात | २०६३ असार | समकालीन साहित्य | | | | |
| १७६. | चो-को पर्वत | २०५९ असोज | गरिमा | ६ | ३ | | |
| १७७. | मरुको खट | २०५५ | गरिमा | २० | १० | २३८ | २-५ |
| १७८. | यो हो मेरो राजधानी काठमाडौं | २०६० | कविता, काठमाडौं | १७ | २ | १९४ | ५ |
| १७९. | | | | | | | १४६ |

## ३.७.२ काव्य र कृतिहरूको विवरणको सूची

| क्र.सं. | कविताको शीर्षक | प्रकाशन समय | स्रोत | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १. | सूर्यदान | २०२२ | रूपरेखा | ६ | १० | | ९-३६ |
| २. | लेक | २०२५ | रूपायन | ९ | | | |
| ३. | पलङ नं. २१ | २०२८ | रूपरेखा | | | | |
| ४. | नूनशिखरहरू | २०३१ | ने.रा.प्र.प्र. | १२ | २ | | ९-५९ |
| ५. | मोहन कोइरालाका कविता | २०३० | ने.रा.प्र.प्र. | १५ | | १६७ | ५-३८ |
| ६. | हिमचुली रक्तिम छ | २०३५ | ने.रा.प्र.प्र. | | | | |
| ७. | सारङ्गी बोकेको समुन्द्र | २०३४ | ने.रा.प्र.प्र. | | | | |
| ८. | नदी किनाराका माझी | २०३८ | हिमाली शिशु संस्थान | | | | |
| ९. | ऋतु निमन्त्रण र गरल पान | २०४० | ने.रा.प्र.प्र. | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | नीलो मह | २०४१ | ने.रा.प्र.प्र. | | | | |
| ११. | एउटा पपलरको पात र तीन लामा कविता संग्रह | २०४७ | ने.रा.प्र.प्र. | | | | |
| १२. | गजपथ (कविता/ काव्य) | २०५९ | साझा प्रकाशन | | | | |
| १३. | आज कसैलाई विदा गर्नुछ ( कविता संग्रह) | २०६० | कालचक्र नेपाल | | | | |

### परिच्छेद चार

# मोहन कोइरालाका कथाहरूको अध्ययन

## ४.१ कथाकार मोहन कोइराला

नेपाली साहित्यमा कविता विधामा विशेष ख्याति कमाएका कोइरालाले कथाहरू पनि लेखेका छन् । "मोहन कोइरालाले पहिलो कथा लेख्ने प्रयास गर्नु भयो तर आफूलाई ढंग मरु ठानी कथा लेख्ने अभिलाषालाई पर सारि उहाँ कविता लेख्ने काममा प्रवृत्त हुनु भयो ।"[१] तर कोइरालाको कथाकार व्यक्तित्व त्यत्तिकै सेलाएन बरु केही ढिलो उनको आफ्नो कथाकार व्यक्तित्व फेरी प्रकट भयो । वि.सं. २०२६ सालमा "उनको पहिलो कथा 'पानीको घाउ'"[२], सिउँडी पत्रिकामा प्रकाशित भए पछि उनका कथाहरू क्रमशः प्रकाशित भएको पाइन्छ । "कथा लेखनबाट मानवका यथार्थ भोगाइएको निकटता पाउने र यसमा आफूलाई सुखद अनुभूति हुने कुरामा कथाकार कोइरालाको विश्वास रहेको छ।"[३]

## ४.२ मोहन कोइरालाको कथा यात्रा

कथाकार मोहन कोइरालाले प्रारम्भिक चरणमा नै कथा लेख्ने प्रयास गरे पनि उनको यो प्रयास त्यही छाडि कविता लेखनमा प्रवृत्त भएको कुरा ईश्वर बरालको भनाईबाट प्रष्ट हुन आउँछ । तर २०२६ साल पछि उनी 'पानीको घाउ' कथा लिएर आधुनिक नेपाली कथा फाँटमा पदार्पण हुन पुग्दछन् । उनको लगभग एक दर्जन जति कथा प्रकाशित भएको पाइन्छ । तर कथा संग्रहको रूपमा हालसम्म उनको कथा संग्रह प्रकाशिहत भएको छैन । कोइरालाको कथा यात्रा २०२६ सालबाट शुरु भई फाटफुट रूपमा अगाडि बढेको पाइन्छ । प्रकाशित कथाहरूका दृष्टिले उनको कथा १२ वटा जति हुन आउँछ । उनको कथा यात्रालाई चरणगत भन्दा पनि प्रवृत्तिगत आधारमा

---

[१] ईश्वर बराल, पूर्ववत्, पृ छ।

[२] चुडामणि काफ्ले, पूर्ववत्, पृ. २१ ।

[३] ऐजन ।

अध्ययन गर्नु उपर्युक्त हुने भएकाले यस शोध पत्रमा शोध कार्यको शिलशिलामा प्राप्त हुन आएको कथाको आधारमा उनको कथाको अध्ययन गर्नुपर्ने हुन आउँछ ।

## ४.३ कथाकार मोहन कोइरालाको कथागत प्रवृत्ति

आधुनिक नेपाली कथाको प्रयोगवादी धारा २०२० साल पछि कथा लेखन कार्यमा प्रवृत्त भएका कोइरालाको कथाको विषयगत प्रवृत्तिलाई कथा पिच्छे फरक-फरक तरिकाले अभिव्यक्त गरेको पाइन्छ । दुर्बोध्य कविता लेखनबाट कथा लेखनमा फड्को मारेका कोइरालाले कथामा सरल र अभिधात्मक अर्थ सापेक्षता र रैखिक ढाँचामा उनले कथा लेखेको पाइन्छ । सरल र समसामयिक कथा लेख्ने कोइरालाको कथागत प्रवृत्तिलाई यहाँ चर्चा गरिएको छ ।

### ४.३.१ यथार्थवादी प्रवृत्ति

मोहन कोइरालाका सबै कथाहरू यथार्थवादी प्रवृत्तिका छन् । खासगरी २०२० साल पछि यथार्थवादी उत्तरार्द्ध चरणमा यथार्थ जीवनका भोगाई, घटना प्रतिघटना र समाजको स्पष्ट यथार्थ चित्रलाई कथामा यथार्थ रूपमा उतारेर नौलो रूपमा प्रस्तुत गर्नु, पात्रले भोगेका घटनालाई समाजसापेक्ष रूपमा दुरुस्त उतार्नु, निम्न वर्गका मानिसको सामाजिक स्तरलाई आंकन गर्दै मध्यम वर्गीय समाज देखि उच्च वर्गीय जीवनशैलीलाई यथार्थवादी शैलीले आफ्ना कथाहरूमा उचित स्थान दिएको भेटिन्छ ।

### ४.३.२ मनोविश्लेषणवादी प्रवृत्ति

कथाकार कोइरालाले आफ्ना कथामा पात्रको चरित्रको आन्तरिक तथा मानसिक विश्लेषणमा उनले निकै ध्यान दिएको पाइन्छ । 'पानीको घाउ', 'सकसक', 'रुमालको गन्ध', 'गोरेटोको खोजीमा मिना' आदि कथाहरूमा पात्रको आन्तरिक तहसम्म पुगेर उनीहरूको मानसिक धरातलको विश्लेषण गरेको पाइन्छ । 'पानीको घाउ', 'सकसक' र 'गोरेटोको खोजीमा मिना' कथामा यौनजन्य कार्यले ल्याएका परिणाम र त्यसबाट आहत भएका नारीहरूको मनोलोकको यथार्थ चित्रण पाइन्छ । 'सकसक'ले यौन कार्यको निम्ति पतिको एकाधिकारलाई सुरक्षित राख्न बाबुको आकृति छोरामा ठ्याक्कै

मिलेको कुराले अनिताको मानसिक विचलनलाई प्रकट गरेको पाइन्छ भने 'गोरेटोको खोजीमा मिना' कथामा डाक्टरले मिनासँग नारी यौनजन्य अंगहरूको निरीक्षण गर्दै उपचार भन्दा पनि आन्तरिक कुराहरूलाई खोतल्ने र प्रेमप्रसँग चलाई पेसेन्टप्रतिको आकर्षणबाट यौनशक्ति जागृत भएको डाक्टरको मानसिक आवेगको चित्रण गरेको पाइन्छ ।

### ४.३.३ शहरी परिवेशको चित्रण

कथाकार कोइरालाको कथाको मुख्य कार्यपिठीका शहरी परिवेश रहेको पाइन्छ । शहरी जटिलता, शहरी समाज, साँस्कृति र शहरी जीवनशैलीको अभिव्यक्ति उनका कथाले प्रस्तुत गरेको पाइन्छ । शहरभित्रको संगत-असंगत पक्ष र शहरी मध्यम वर्गको चित्रण विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्तिहरूको जीवनवृत्ति र शहरी प्रेम प्रणय आदि कुरा उनका कथाले समेटेको पाइन्छ ।

### ४.३.४ नारी चरित्रलाई प्रमुखता दिने

कोइरालाका कथामा नारी पात्रको भूमिका प्रमुख रूपमा रहेको पाइन्छ । 'पानीको घाउ'मा सविता, 'गोरेटोको खोजीमा मिना'मा मिना 'सकसक'मा अनिता र 'मानिस कदम र आवाज'मा म नारीपात्रको प्रयोग र अन्य कथामा पनि नारीलाई विशेष स्थान दिई उनीहरूको सबल र दुर्बल पक्षको चित्रण गरेको पाइन्छ ।

### ४.३.५ सरल भाषा प्रयोग

कोइरालाका कथाहरूमा सरल भाषा प्रयोग पाइन्छ । कवितामा जस्तो दुर्बोध्य भाषा उनका कथामा प्रयोग भएको पाइँदैन । कतै-कतै भाषिक अशुद्धता रहेपनि कथाको स्वरूपमा त्यसले खासै असर गरेको पाइँदैन । उनका कथामा प्रायः सम्प्रेष्य भाषाको प्रयोग कोइरालाले गरेको पाइन्छ ।

### ४.३.६ कम पात्रहरूको प्रयोग

कोइरालाले आफ्ना कथाहरूमा प्रायः कम पात्र प्रयोग गरेको पाइन्छ । उनका कथामा पत्र बहुलता देखिँदैन । एउटै पात्रको केन्द्रीयतामा कथा अगाडि बढेको

पाइन्छ । पात्रको प्रयोगमा कथानक अनुसार कुनै कुनैमा प्रसङ्ग बस आएका पात्रबाहेक प्रायः एक दुई चत्रिको भूमिका मुख्यय रूपमा उनका कथाहरूमा भेट्न सकिन्छ ।

## ४.४ मोहन कोइरालाका कथाहरको विश्लेषण

मोहन कोइरालाका कथाहरूको विश्लेषण शोधकर्ताले प्रकाशित कथाहरूमध्ये प्राप्त हुन आएका कथाहरूलाई आधार बनाएर तिनीहरूको संक्षिप्त विश्लेषण गरेको छ । सो प्रयोजनका लागि आधुनिककथा विश्लेषणका सिद्धान्तहरूलाई आधारको रूपमा लिई क्रमशः कोइरालाका कथाहरूको विश्लेषण गरिएको छ ।

### ४.४.१ पानीको घाउ कथाको विश्लेषण

'पानीको घाउ' मोहन कोइरालाको पहिलो प्रकाशिहत कथा हो । यस कथामा कथाकारले बाह्य तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग गरेका छन् भने कथानक ढाँचा रैखिक रहेको छ भने रूपविन्यास संवृत रहेको पाइन्छ ।

यस कथाकी नायिका सविता हो । सविताको श्रीमान पतिराम र सविता बीचको वैवाहिक जीवनको भोगाइ र सवितामा वैवाहिक जीवनपछि उसको इच्छा आकांक्षा कसरी पानीमा हानेको ढुङ्गोजस्तै तरङ्गीत भएर पानीको घाउको आकार लिन्छ । त्यस्तै वैवाहिक जीवन पछि सविता पनि पतिको लागि बच्चा जन्माउने र उसको हरेक इच्छा चाहना पूर्ति गर्ने साधनको रूपमा नारीले रहनु पर्ने बाध्यता हाम्रो समाजमा रहेको पाइन्छ । सविताको मानसिक धरातल र उसले जीउने जिन्दगी तरकारीमा नून नलागेको जस्तो खल्लो भएको छ । सविता आफ्ना साथीहरूलाई वैवाहिक जीवनको बारेमा बुझ्दा पहिलो विवाह प्रतिको चासो र विवाह पछि नारीले पुरुषको खेलौनाको रूपमा रहनुपर्ने, पुरुषको वासना यौन आवेगको पूर्ति गर्ने साधन बन्नुपर्ने अदिबाट आहत भएकी सविता आफ्ना साथीहरूलाई विवाह प्रतिको उत्साहपूर्ण सोधाई तिनीहरू गए पछि भन्छे । पुरुषले नदावेका केटीहरू र आफू चै पुरुषले दावेको सन्तोषी केटीको रूपमा प्रथम शैलीमा कथाकारले भनेका छन् । यसरी हाम्रो समाजमा नारीलाई भोग्याको रूपमा ग्रहण गर्ने संस्कारलाई सविता मार्फत कथाकारले प्रकट

गरेको पाइन्छ । सवितको पीडा पानीमा हानेको ढुङ्गाले बनाएको तरङ्ग जो एकछिन पछि विलुप्त हुन्छ । जसलाई कसैले घाउ भन्दैन तर डोबहरू बटुलो-बटुलो भएरलहरी राखेका हुन्छन् । त्यस्तै सवितामा पनि उसको मुटुमा यस्तै पानीको घाउ छ जो बाहिरबाट देखिँदैन तर भित्र भित्रै मडारी राखेको हुन्छ । अभिधात्मक अर्थत सापेक्षमा लेखिएको यस कथामा सारवस्तुको रूपमा नारीको भावना कुण्ठित हुँदा र पुरुषको खेलौनाको रूपमा रहँदा उसका चाहना र आकांक्षा पानीमा हानिएको ढुङ्गाले बनाएको तरङ्ग जस्तै मनका तरङ्गमा मानसिक घाउ बन्न जान्छन् भन्ने रहेको पाइन्छ ।

### ४.४.२ 'सकसक' कथाको विश्लेषण

'सकसक' कथा रूपरेखामा २०२९ साल वर्ष १० पूर्णाङ्क १०६ मा प्रकाशित कथा हो । यस कथामा कथाकारले बाह्य तृतीय पुरुष दृष्टि विन्दुको प्रयोग गरेका छन् । यस कथामा स्रंवृत रूपविन्यासको प्रयोग गरेको पाइन्छ । यस कथाकी नायिका अनिता हो । अनिताको दाम्पत्य जीवनमा आएका घटना र त्यसकै परिणामबाट उब्जिएका मानसिक विचलनलाई कथाकारले कुशलतापूर्वक अभिव्यक्त गरेको पाइन्छ । लोग्ने स्वास्नी बीचको सम्बन्धलाई हाम्रो समाजको सामाजिक स्तरबाट कसरी व्याख्या गरिएको छ र त्यसले नारीहरूको भावनामा कसरी खेलबाड गरेर नारीमा अविश्वास सृजना गरेको छ । त्यसलाई यस कथामा प्रस्तुत गरेको पाइन्छ ।

अनिता अलि चखुले चरित्रकी नायिका हो । उसको श्रीमान अमात्य र अनिता बीचको सम्बन्ध सूत्रलाई बलियो बनाउने माध्यम उसको छोरा छ । छोरा गौण पात्रको रूपमा रहेपनि वरिपरिका छिमेकीले छोरा जन्मेपछि छोराको आकृति ठ्याक्कै बाबुसँग मिल्ने र नाक ठ्याक्कै बाबुको जस्तै छ भन्ने कुराबाट अनिता आफ्नो श्रीमानको सति□वमा रहेको प्रमाण समाजले प्राप्त गरेपनि अनिता आफ्नो छोराको आकृति उसकै बाबुसँग मिल्नुपर्छ भन्ने मान्यता राख्दिन । उसको लागि यो सबकुरा वाहियात लाग्छ । उसका वरिपरिका छिमेक र मान्छेको आकृति उसको छोरामा मिल्दा आफ्नो छोरा सानुको अनुहारमा पल्लो घरको डेरावाल घरैको भान्से बाहुन र लोग्नेको रूप

देख्छे । यसरी छोराको अनुहार उसैको बाबुसँग मिल्नुपर्छ भनेर पुरुषले नारी माथि गर्ने अत्याचार र अविश्वास बच्चा जन्मिएपछि भनिने कुरालाई आधार मानेर अनितामा सकसक पैदा भएको देखिन्छ । अभिधात्मक अर्थ सापेक्ष भएको यस कथाको सारवस्तु लोग्ने र स्वास्नी बीचको सम्बन्ध उसको सन्तानको आकृतिसँगमात्र हुँदैन दुवैको विश्वासमा रहेको हुन्छ । दुवैको विश्वास हटेपछि मनभित्रको सकसक बाहेक केही रहँदैन भन्ने रहेको देखिन्छ । कथा रैखिक ढाँचामा लेखिएको छ भने यसको रुचिक्षेत्र श्रीमान र श्रीमती बीचको सम्बन्ध केलाउनु र परम्परागत सोचको पुनर्व्याख्या गर्नु रहेको छ । रीतिक्षेत्र मनोवैज्ञानिक यथार्थवादी रहेको पाइन्छ ।

### ४.४.३ 'स्वामिलालको डेरा' कथाको विश्लेषण

'स्वामिलालको डेरा' कथामा कथाकारले शहरी निम्नवर्गीय पात्रको जीवनशैलीलाई प्रस्तुत गरेको पाइन्छ । यस कथामा बाह्य तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेको पाइन्छ । कथानक ढाँचा रैखिक रहेको देखिन्छ । रूपविन्यास संवृत छ । शहरी निम्न वर्गका मान्छेको जीवनवृत्ति आंकन गर्नु, डेरा र गहृस्त भए पनि त्यसको खासै महत्त्व नबुझ्नु वकालत र लेखनदास पेशाभित्रको अदालती कामकारवाहीलाई रुचि क्षेत्र बनाएर स्वामिलाको यथार्थ जीवन भोगाईलाई यस कथाले अभिव्यक्ति गरेको पाइन्छ । यस कथाको रीतिक्षेत्र यथार्थवादी हो भने निस्क्रिय अस्तित्त्वको खोज पनि यस कथामा पाइन्छ ।

स्वामिलाल यस कथाको प्रमुख पात्र हो । उसको काठमाडौंमा डेरा भएपनि सन्देहमा पर्छ । उसले लेखनदास पेसा अंगालेको छ । अदालत र टुँडिखेल वरपरका क्षेत्रलाई कार्यपिठीका बनाएको यस कथामा स्वामिलालको निस्क्रिय जीवन भोगाई र निम्न आए भएर बाँच्ने काठमाडौंका डेरावालहरूको चित्रण स्वामिलाल मार्फत कथाकारले अभिव्यक्त गरेको पाइन्छ । अदालती काम कारवाही झगडिया र लेखनदास बीचको सम्बन्ध तारिख आदि कुरा स्वामिलालको दिन चर्या बन्न गएको छ । उसमा भविष्यको कुनै कल्पना छैन । उसले कुनै सपना साँचेको छैन । स्वामिलालको जीवनमा

कुनै परिवर्तन आएको छैन । हिजो आज र भोली उदाउने सूर्य उस्तै भए झैँ उसको जीवन पनि त्यस्तै छ । अस्तित्त्वको खोजमा निरर्थक बन्न जान्छ उसको खोज कुनै कुरामा पनि दृढ हुन उ सक्दैन । उसको अस्तित्त्व नै उसले भोगेको जीवन हो । ऊ कसैसित केही भन्दैन र आफू प्रति पनि कुनै गुनासो राख्दैन । कहिले स्वामिलाल सोच्छ आफ्नो खुट्टाको नसा काटेर लङ्गडो भएर मागेर खाउँ । तर उसको बचाइ साँगुरो गल्लिबाट गुज्रिएको छ । यो सहर उसलाई फोहोरी लाग्छ । उसको श्रीमती र डेरा भएको कुरामा सन्देहमा पर्छ । श्रीमतीकहाँ ऊ पाहुनाको रूपमा उपस्थित हुन्छ । ऊ बाघचालको गोटीजस्तै बन्न पुग्छ । उसको जीउमा वेरिने छाला बाखाकै जस्तो लाग्छ । उसको आम्दानी नभएको बेलामा उसले आफ्नो डेरा सम्भन्छ र श्रीमतीको आवश्यकता महसुस गर्न पुग्दा अभावमा जगेडा राखेको जस्तो उसको दाम्पत्य जीवन अभावमै प्रेम प्रकट गर्नु र खुसी हुनु स्वमिलालको दिनचर्या बन्न पुगेको देखिन्छ ।

यसरी स्वामिलालको डेरामा कथाकारले आर्थिक रूपले कमजोर वर्ग जो-आफ्नो भविष्यको आशा र विश्वासमा सन्देह गर्दै आफ्नो जीवन र गृहस्त आनन्दलाई सन्देह मूलक तरिकाले हेर्नुपर्ने बाध्यता र रहरबीच जीवन धान्ने वर्गको चरित्रलाई मनोविश्लेषणवादी तरिकाले विश्लेषण गरेर शहरी मान्छेको बचाइ एउटा सिमित रेखा भन्दा माथि छैन भन्ने कुरा अभिव्यक्त भएको पाइन्छ । स्वामिलाल चारैतिर बाघचालको रेखाभित्र बन्दीभएको बाखाजस्तै हामी पनि बन्दी भएका छौँ भन्ने सारवस्तुलाई यस कथाले अभिव्यक्त गरेको पाइन्छ । अभिधात्मक अर्थ सापेक्ष यस कथामा रहेको पाइन्छ ।

### ४.४.४ 'सुपारी पसल' कथाको विश्लेषण

'सुपारी पसल' कथामा कथाकारले एउटा व्यापारीको जीवनकथालाई समेटेको पाइन्छ । यस कथामा कथाकारले परिधिय प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् । कथानक ढाँचा रैखिक रहेको छ भने रूपविन्यास संवृत रहेको पाइन्छ । यस कथाको रुचि क्षेत्र जे जसरी भए पनि श्रीमती ल्याउने र श्रीमतीको धोका र अविश्वासको

सिकार भएको पुरुषवर्गको पीडा र व्यापरीहरूले ग्राहकको निर्दयीता अवलोकन गर्नु रहेको देखिन्छ भने रीतिक्षेत्र यथार्थवादी रहेको छ ।

'सुपारी पसलमा' म पात्रले गोविन्द साहुको चरित्रको बारेमा विश्लेषण गरेको पाइन्छ । गोविन्द साहु एउटा किराना व्यापरी हो । उसको पहिलेकी श्रीमती मरेपछि दुई तीन ओटी स्वास्नी ल्यायो तर कुनै पनि उसको साथमा टिक्न सकेनन् । दुई चार दिन पसलमा बसेपछि पसलको पैसा र अन्य सामान लिएर भाग्ने खालका उसका श्रीमती देखि आजित भएपनि श्रीमती चाहिने अलि फुँडो खालको गोविन्द साहुको चरित्र रहेको कुरा म पात्रले भन्छ । उसको एक्लो जिन्दगीमा पूर्णरूपमा साथ दिने स्वास्नी उसले अहिलेसम्म पाएको छैन । गोविन्द साहुको बोलीमा जादु छ । उसको पसलमा गएर कोही मान्छे त्यसै फर्केका छैनन् । उसको मिठो बोली र चिप्लो कुराले ग्राहकको मन जितेको छ । म पात्र सुकेको माछा किन्न जाँदा माछामा किरा परेको हुन्छ । माछा फर्काउन जाँदा गोविन्द साहुको मिठो कुरामा भुलेर त्यही माछा बोकाएर पठाउन सक्ने गोविन्द साहु श्रीमतीलाई भने जीवनभर साथमा राख्न नसक्नु, श्रीमतीको हप्काई दप्काई खानु आदि कुराले ऊ कमजोर नै रहेको देखिन्छ । गोविन्द साहुले कान्छी श्रीमती ल्याएपछि उसको हैसियत गिरेको छ । ऊ स्वास्नीले बसभन्दा बस्ने र उठ भन्दा उठ्ने गर्दछ । उसले कान्छी ल्याएपछि कान्छी पनि पहिला झैं पसलमा बस्ने र गोविन्द साहू भात पकाउने गर्छ । तर पनि साहूले पसल छोडेर अन्त कतै गएको छैन । उसकी स्वास्नी उसलाई देब्रे भनेर सम्बोधन गर्दा पनि ऊ मौन नै रहन्छ । उसकी श्रीमती प्रतिको विश्वास टुटेकाले यसले पनि फेरी लट्टिपट्टि पारेर भागि भने भन्ने कुरामा सधैं शंकामा रहन्छ । ऊ श्रीमति प्रतिको विश्वासको संकटले आफ्नो इच्छा र चाहना दवाउँदै श्रीमतीको निगरानीमा दिन बिताउँछ ।

अतः यस कथामा गोविन्द साहूले स्वास्नीबाट पाएको धोका छलकपटले आफ्नो जीवनयात्रा सन्देहपूर्ण तरिकाले बिताउने र व्यापारीले ग्राहकलाई मीठो बोलेका भरमा ग्राहक हाँसीखुसी ठगिनु पर्ने यथार्थतालाई अभिधात्मक रूपमा कथाकारले प्रष्ट पारेका छन् । यस कथाको सारवस्तु स्वास्नीको धोका घात-प्रतिघातले कसरी लोग्ने मान्छे

प्रताडित भएका छन् । यसलाई प्रष्ट पार्नु रहेको देखिन्छ । म मात्रको आफ्नै किसिमक कठिनाई र गोविन्द साहुको आफ्नै जीवन कुनै न कुनै रूपमा सुकेको माछामा परेको किरा जस्तै भएको छ । ग्राहकलाई पसलेले आफ्ना सामान बेचाउन अनेक विशेषताको पोको फुकाएर निरीह ग्राहकलाई भिडाउने प्रवृत्ति आदि कुरालाई यस कथाले समेटेको पाइन्छ ।

### ४.४.५ 'तटस्थता' कथाको विश्लेषण

'तटस्थता' कथामा कथाकारले एउटा यात्रीको यात्रा वृतान्त प्रस्तुत गरेको पाइन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कथामा कथाकारले रुचि क्षेत्रको रूपमा जे जस्तो कठिनाई भए पनि जीवनमा यात्रा निरन्तर चलिरहन्छ भन्ने रहेको देखिन्छ । यस कथाको रीतिक्षेत्र भने आत्मपरक यथार्थवाद रहेको पाइन्छ । कथानक ढाँचा निम्न रैखिक छ भने रूपविन्यास संवृत रहेको छ ।

यस कथामा कथाकारले म पात्रको यात्रा वृतान्तलाई लिएका छन् । म पात्र रेलको डिब्बामा बसेर आफ्नो गन्तव्यतिर लाग्ने एउटा यात्री हो । असंलग्न भएर उसको रेलयात्रा अगाडि बढ्छ । रेलमा ऊ जस्तै अरू यात्रुहरू हुन्छन् । सबैको आ-आफ्नै गन्तव्य र लक्ष्यमा पुग्न हतार-हतार हुन्छ । भिड खचाखच हुँदै विभिन्न प्रवृत्रिका मानिससँग भेट हुनु र स्टेशन पिच्छे मान्छेको उत्रिने र चढ्ने क्रमले नयाँ-नयाँ अनुहार आफ्नो विदाईको शिलशिलामा आउनेलाई स्वागत र जानेलाई हातहल्लाई रहेका हुन्छन् । ट्रेनलाई म पात्र बकुल्ला सिमि जस्तो र सिक्रि जोडिएको जस्तो देख्छ । म पात्र आफ्नो यात्रालाई निर्थक रहेको पाउँछ । यस्तै यात्रा हजारौं वर्षदेखि मानिसले गरिराखेका हुन्छन् । तर जीवनको एउटा बचाइको क्रम भन्दा बढ्ता केही हुन सकेन । म पात्र आफ्नो स्थान र जिन्दगीको यात्रा ट्रेनभन्दा निरर्थक ठान्छ । ट्रेन आफू खचाखच भएर एकछिन पनि खाली नहुनु मानिस आफू सम्पूर्ण रूपमा रित्तो हुनुले ट्रेनभन्दा मानिसको निरुद्देश्यता देखिन्छ । कथाकारले यस कथामा पञ्चशिलका सिद्धान्तप्रति नै व्यङ्ग्य गर्न पुगेको देखिन्छ । सहायता, सहचार्य र गतिशिलता जीवनमा हुनुपर्छ ।

असंलग्नता र तटस्थताले मान्छेलाई एक्लो र निरर्थक बनाउँछ भन्ने तर्फ यस कथाले इंगित गर्न खोजेको देखिन्छ ।

यस कथामा कथाकारले अभिधात्मक अर्थसापेक्षतावरण गरेको पाइन्छ भने सारवस्तु जीवनको यात्रामा मानिस जहिले आफू तटस्थ भएर बस्छ । चाहेकुनै गतिशिलता र यात्राको कुनै परिवेश किन नहोस् जीवन एक्लै बाँच्नु पर्ने बाध्यता मानिसमा रहेको हुन्छ भन्ने कुरालाई इंगित गरेको पाइन्छ ।

### ४.४.६ 'रुमालको गन्ध' कथाको विश्लेषण

'रुमालको गन्ध' कथामा कथाकारले शहरी व्यस्तता र त्यसबाट निस्किएका मानसिक संकटलाई म पात्रको मानसिक विचलनले प्रस्तुत गरेको पाइन्छ । प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको यस कथामा कथाकारले रुचि क्षेत्रको रूपमा मान्छे भित्रका चाहना आकांक्षा विपरित अर्कै कुरामा मन नलागी-नलागी ग्रहण गर्नुपर्ने बाध्यता र वर्तमान मान्छेको सोच्ने र बुझ्ने क्षमता दिनप्रतिदिन नष्ट हुँदै गइरहेको कुरालाई प्रष्ट पार्नु रहेको देखिन्छ । रीतिक्षेत्र भने आत्मपरक यथार्थवाद रहेको देखिन्छ । रूप विन्यास संवृत छ भने कथानक ढाँचा निम्न रैखिक रहेको पाइन्छ ।

यस कथामा म पात्रको मानसिक विचलनले उसले नचाहेरै पनि गर्मीमा तातो चिया खानु परेको यथार्थ र कुनै मानिस भेट गर्न निस्किएको तर आफैं कतै हराएर भेटेको मानिस मुगालीलाई भेटि सकेपछि उद्देश्यविहीन भएर फर्केको आदि घटनालाई कथाले समेटेको पाइन्छ । म पात्र गर्मी र तिर्खाले कुनै पसल, होटलमा चिसो पेय पदार्थ लिन लाग्दा तातो चिया खानु पर्ने बाध्यता र नखाएको सोडाको पैसातिर्नु पर्ने कुरामा खाए नखाएकोमा सन्देहमा पर्छ । आजको मान्छेको सोच्ने शक्ति क्षिण भएको तथ्यलाई म पात्रको माध्यमबाट उजागर गरेको पाइन्छ । मुगाली भेट्न निस्किएको म पात्र सहरका होटल पसल चाहर्नु र सोडाको खोजी गर्नु त्यही पनि उसले पाउन नसक्नुले निरर्थक खोजको क्रममा उसले आफ्नो समय व्यतित गर्छ । त्यस्तै व्यस्तता र थकाई बीच उसको गोजीको रूमालबाट उसले आफ्नो श्रीमतीको स्पर्श प्राप्त गर्छ ।

श्रीमतीको पर्यायवाचीको रूपमा उसले रूमाल पाएको छ । रूमाल हुँदा ऊ खुसी हुन्छ । सबकुरा विर्सिएर आफ्नो श्रीमतीको स्पर्शको चिज रुमाल र जसको गन्धले आफूलाई कोलाहलबाट विलुप्त गराउँदै एकान्तमा श्रीमतीको सहचार्यको कल्पनामा डुब्छ ।

यस कथामा अभिधात्मक अर्थसापेक्षता वरण गरेको पाइन्छ। कथाको सारवस्तुमा शहरी मान्छेको उद्देश्य शुन्यता र प्रयोजनपरक कार्यको पहिचानको संकट र मान्छेको निरूद्देश्यताले ल्याएको मानसिक सकंट र कुनै चिजको चाहमा नचाहेकै वस्तुमा रूमलिरहनु पर्ने वाध्यता तर्फ आजको मान्छे ढल्किएको छ भन्ने रहेको देखिन्छ ।

### ४.४.७ 'डाक्टर बज्र' कथाको विश्लेषण

'डाक्टर बज्र' कथामा कथाकारले डाक्टरी पेशामा सलंग्न भएको एउटा ब्यक्तिको जिन्दगीको ब्यस्तता र त्यसबाट आहत भएको उसको परिवारको स्थितिको चित्रण गरेको पाइन्छ । वाह्य तृतीय पुरूष दृष्टि विन्दुमा लेखिएको यस कथामा कथानक ढाँचा रैखिक रहेको छ भने रूपविन्यास संवृत रहेको छ । यस कथाको रूचिक्षेत्र डाक्टरी पेसा र त्यससँग सम्वन्धित घटना र डाक्टरले आफ्नो निजी जिन्दगीको कठिनाईलाई प्रस्तुत गर्नु रहेको देखिन्छ । रीति क्षेत्र भने यथार्थवादी रहेको पाइन्छ ।

डाक्टर वज्र डाक्टर भएपछि उस्को व्यस्तताले उ पीडित वन्न पुगेको छ । उसले आफ्नो परिवारलाई समय दिन सकेको छैन । पैसा र रोगी उसका मित्र वनेका छन् । उसले आफ्नो पेशाबाट पर्याप्त धन आर्जन गऱ्यो । उसले आफ्नै क्लिनिक पनि खोल्यो तर उस्को मानसिक छट्पटाहट अझ वढ्न गयो । साधारण नेपाली भन्दा उच्च स्तरको जीवन जिउने डाक्टर पर्याप्त भौतिक सुविधा भएपनि उसको जीवन दु:ख पूर्ण तरिकाले वितेको छ । रोगीहरूको आकृति र औषधि पसलको कमिशनले उसलाई सम्पन्न त बनायो तर परिवारको साथ मिनाको ममत्व र श्रीमती लिलुको प्रेम पर्यप्त पाउन सकेन । डाक्टर बज्रको निजी जिन्दगी हराएको छ । छोरी मिना यस देशको

हावापानी खराव छ यहाँका प्रत्येक मान्छे रोगी छन भन्दै उ यो देश छोडेर अन्तै कुनै राम्रो देशमा जाने कुरा गर्छे । लिलुको प्रतिक्रिया भने फरक छ उसले डाक्टरलाई ड्रिङ्क खन्याएर आफू चुरोट खान लाग्छे डाक्टर भने थकानमै वडवडाउँछ ।

यसरी यसकथामा कथाकारले डाक्टरी पेसा एउटा महत्त्वपूर्ण पेशा भएपनि स्वयं डाक्टर आफ्नो जिन्दगी एउटा रोगीको जस्तै भएर विताउनु पर्ने र परिवारप्रतिको उस्को दायित्व भौतिक रूपमा सवल भएपनि आत्मिक रूपमा कमजोर रहेको पाइन्छ । कथा अभिधात्मक अर्थसापेक्षतामा लेखिएको छ भने यसकथाको सारवस्तु डाक्टरी पेशामा व्यस्तता र मानवीयताले गर्दा डाक्टरहरू आफ्नो जिन्दगी अरूको निम्ति लगाँउदै आफ्नो चाहाना र इच्छा कुण्ठित गराउन पुग्छन परिवार र नाता उनीहरूको लागि क्षणिक हुन्छ भन्ने रहेको पाइन्छ ।

### ४.४.८ गोरेटोको खोजीमा मीना कथाको विश्लेषण

'गोरेटको खोजीमा मीना' कथामा कथाकारले वैंसालु केटीको आकर्षणले पुरुषहरूममा कस्तो प्रभाव पार्दछ । मीनाको रूप र यौवनमा भुतुक्क हुने युवा जमात र डाक्टरले मीनाप्रति गरेको व्यवहारले मीना भित्रको हलचललाई प्रस्तुत गरेको पाइन्छ । यस कथामा कथाकारले वाह्य तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरेका छन् भने यस कथाको कथानक ढाँचा रैखिक रहेको पाइन्छ । यस कथामा कथाकारले संवृत्त रूपविन्यास प्रयोग गरेका छन् । यस कथाको रुचि क्षेत्र यौवनी केटीप्रति पुरुष वर्गले राख्ने प्रेम प्रणयका कुरा र विभिन्न वहानामा कुरा गर्ने प्रणय र वासनाको राग ओकल्ने प्रवृत्तिलाई अभिव्यक्त गर्नु रहेको देखिन्छ । रीतिक्षेत्र भने यथार्थवादी रहेको पाइन्छ ।

मीना यस कथाको प्रमुख चरित्र हो । उसको घर र डाक्टरको क्लिनिक नजिकै रहेको हुन्छ । डाक्टर मीनाको रूपमा मोहित भएर कारणवश जचाउँन आएकी मीनालाई डाक्टर औपचारिक चेक ट्रिटमेन्टभन्दा अनौपचारिक ट्रिटमेन्ट गर्छ । मीना अविवाहित केटी हो र डाक्टर पनि भर्खर पढाइ सकाएर आफ्नो पेशामा संलग्न भएको छ । डाक्टरले मीनासँग आफ्नो मन वहलाउन खोज्छ । मीनालाई पनि आफ्नो उमेर र

डाक्टरको कुराले उसलाई गर्वको अनुभूति हुन्छ । उसलाई आफू रोगी बनेर डाक्टरको उपचारको चाहना नजानिदो तरिकाले उसको मनभित्र उब्जिन्छ । मीनाको अगाडि प्रेमी केटाहरूको लाम हुन्छ तर उसको आँखामा डाक्टरकै प्रतिविम्ब भल्किरहेको हुन्छ । मीना डाक्टरको प्रेमको विषमा मन्द गतिमा लठिन्छे । त्यही विषमा उसले मिठो सपना बुनेकी छे । त्यो विष उसको शरीर भर फैलन्छ । डाक्टरसँगको सहचार्यले मीनामा मानसिक छट्पटाहट पैदा भएको छ । उस्ले आफ्नो गोरेटोको खोजीमा एक्लै कोठामा सोच्न पुग्छे । जीवनसाथीको खोज उसको गोरेटो हो । त्यही पहिल्याउन डाक्टर देखि अरू युवा जमातबीच उपर्युक्त गोरेटोको खोजीमा एकान्तमा लडि बुडि गर्छे ।

गोरेटोको खोजीमा मीना कथामा आफ्नो जीवनको गोरेटो पहिल्याउने क्रममा मीनामा आएको छट्पटाहट डाक्टरको प्रेम आदि कुराले उसमा भएका मानसिक विचलनले पारेको प्रभावलाई प्रष्ट रूपमा कथामा अभिव्यक्त गरेको पाइन्छ । आफ्नो भविष्यको निश्चित गोरेटो सबैले खोज्छन् तर मीनाको गोरेटो भने प्रेम जीवनसाथीको खोजमा डाक्टरसँगको सम्बन्धले रोगी भएकी मीना गोरेटो खोजी गर्न बाध्य भएको कुरा कथाकारले समेटेका छन् । यस कथामा कथाकारले अभिधात्मक अर्थसापेक्ष प्रयोग गरेका छन् भने कथाको सारवस्तु मानिसले चाहेर या नचाहेर पनि आफ्नो गोरेटो पहिल्याउनु पर्छ भन्ने भाव व्यक्त भएको पाइन्छ ।

### ४.४.९ मानिस, कदम र आवाज कथाको विश्लेषण

'मानिस कदम र आवाज' कथामा कथाकारले प्रेमलाई विषयवस्तु बनाएर आफूले गरेको भूतकालिक प्रेम वर्तमान छोरामा कसरी अवतरण भएको छ । समयको गतिशीलताले प्रेमको स्थान र माध्यममा आएका परिवर्तन, आमाले छोराको प्रेम आफूले गरेको प्रेमसँग दाज्ने कुरालाई परावर्तीत रूपमा कथाकारले लेखेको पाइन्छ । यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने कथानक ढाँचा रैखिक (निम्न) रहेको पाइन्छ । यस कथाको रुचि क्षेत्र भूत र वर्तमान बीचको प्रेमको सुक्ष्म विश्लेषण गर्नु रहेको छ । रीति क्षेत्र यस कथामा यथार्थवादी रहेको छ ।

यसकथामा म पात्रले आफ्नो छोरोको प्रेम एउटी केटीसँग कसरी मोहित भएको छ । छोराको प्रेमले आफ्नो अतितमा उसको बाबुले गरेको प्रेम कार्य ठ्याक्कै त्यही रूपमा छोराले गरेको छ । आफ्नो अतितको प्रेममा उसको बाबुले पठाएका चिट्ठी र आफूले पठाएका चिट्ठी उसकी आमाले हेर्ने गरेको घट्ना आज वर्तमानमा पनि दोहोरी रहेको पाउँछ । छोराको प्रेमीकाले गरेका व्यवहार आफू प्रेमीका हुँदा त्यस्तो विधि नगरेको छोराको प्रेमिकाले नकचरोपन देखाएकी छ । ऊ छोराको प्रेम देखेर भन्छे नयाँ-नयाँ प्रेम उत्ताउलिएको हुन्छ । उनीहरूको व्यवहार देखेर आफू लाजले कोठामा पस्नुपर्ने बाध्यता उसले महसुस गरेकी छ । आमाले छोराको प्रेम देखेर आफ्नो प्रेमको अतितावलोकन गरेर प्रेमको भूत चढेपछि मान्छे अन्धो हुन्छ । प्रेममा त्यहीं दासता हुनु त्यही ऐंठनले मेरो छोरा घोरिएको छ । पहिला बाबु पनि त्यही बासना र ऐंठनमा घेरिएको थियो । म पनि त्यही ऐंठनमा घोरिएकी थिएँ । बाबुको प्रेमको भूत छोरामा नक्कलकै रूपमा आमाले देख्छे । मानिस उही, कदम उही आवाज खाली समयले केही फेरवदल ल्याएता पनि आफ्नो छोराको प्रेमको भूतलाई आमाले हेरिरहन्छे ।

यसरी यसकथामा कथाकारले प्रेमको अतितावलोकन गरेर प्रेम पुस्ता-पुस्तामा कसरी अवतरण भएको छ त्यसलाई प्रस्ट पारेका छन् । कथामा आमाले आफूले गरेको प्रेम केटीले अलि उत्ताउलो भएर गरेको जस्तो लागे पनि समयको परिवर्तनलाई भने आत्मसात गरेको पाइन्छ । मानिस कदम र आवाज छोराको वावुकै नक्कल छ । उसले गरेको प्रेम बाबुबाटै सिकेको जस्तो ठान्ने आमाले छोराको प्रेमलाई नजिकबाट नियालेको पाइन्छ । यस कथामा कथाकारले अभिधात्मक अर्थसापेक्षता प्रयोग गरेको पाइन्छ भने रूपविन्यास संवृत्त प्रकारको रहेको छ ।

### ४.५ कथाकार मोहन कोइरालाको स्थान

आधुनिक नेपालीकथाको उत्तरार्द्ध चरण (२०२०) पछि कथा लेख्न थालेका कोइराला कविको रूपमा ख्याति प्राप्त भएपनि कथामा भने उनको उचित मूल्याङ्कन हुन सकेको छैन । यस शोधकर्ताले शोधपत्रको शिलसिलामा कोइरालाको प्राप्त हुन

आएका नौं वटा कथाको विश्लेषण गरी र प्रवृत्तिहरूको संक्षिप्त चर्चबाट उनको कथाकार व्यक्तित्त्व झल्किन्छ । आधुनिक नेपाली कथामा कोइराला आफूभन्दा अग्रज कथाकारबाट प्रेरणा प्राप्त गरी कथालेखनमा प्रवृत्त भएको पाइन्छ ।

गुरूप्रसाद मैनालीले शुरु गरेको आधुनिक कथाको कालखण्डमा कथा लेखन कार्य अगाडि बढ्यो । विश्वेश्वर प्रसाद कोइरालाको मनोवैज्ञानिक यथार्थवाद र सामाजिक यथार्थवाद मोहन कोइरालाका कथामा भेट्न सकिन्छ । मूलतः कोइरालाले समसामयिक कथाकारहरूको कथागत प्रवृत्ति र नवचेतना उनका कथामा भेट्न सकिन्छ । कथाकार कोइरालासँगै कथा लेखनमा सक्रिय रहेका पारिजात, परशुप्रधान, भाउपन्थि, ध्रुव सापकोटा, मायाँ ठकुरी आदि कथाकारहरूको शैली शिल्पबाट अनुप्राणित हुँदै नवयुगको चेतना समसामयिकता, जीवनका विविध पक्षको चित्रण गर्ने खालका कथाले कोइराला यी कथाकारहरूको सापेक्षतामा निकट रहेको पाइन्छ । कोइरालाका कथासंग्रहको रूपममा कुनै कृति प्रकाशित नहुनु र नेपाली कथा विधामा कुनै सममालोचकले उनको कथाकारिताको बारेमा टिप्पणी नगर्नुबाट यस शोधकर्ताले संकलन गरेका कथा र त्यसको विश्लेषणको आधारमा नेपाली कथा साहित्यमा उनको योगदान शहरी जीवनका विविध पक्षको चित्रण गर्दै समकालीन कथाकारकै हाराहारीमा उनको कथाकारिता रहेको देखिन्छ । आधुनिक कथाको क्षेत्रमा मोहन कोइरालाको स्थान थोरै कथा लेखेपनि उनले जीवनका विविध पक्षलाई ती कथाहरूले समेटेको पाइन्छ । उनका कथामा युगका स्वर समयको पीडाको अभिव्यक्ति पाइन्छ । मान्छेभित्रका अप्ठ्यारा साँगोपाँगो र यसले ल्याएका परिणामको अभिव्यक्ति उनका कथामा पाइन्छ । उनको कथाकारिताले समकालीन कथाकारको दाँजोमा एउटा दरो उपस्थिति जनाएको पाइन्छ । मोहन कोइरालाको स्थान आधुनिक कथा विधामा समसामयिक, युगका कथाकारहरूको बीचमा एउटा विषय र शैलीगत आधारमा भिन्न देखिन्छ । उनको कथाहरूमा पाइने कथावस्तु र विचारले नवचेतना निर्माण गर्न सक्षम भएको छ । यो उनको स्थान र उनले कथामा दिएको योगदान दुवै रहन गएको छ ।

## ४.६ मोहन कोइरालाका कथाहरूको विवरणको सूची

| क.सं. | शीर्षक | प्रकाशन समय | स्रोत | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १. | पानीको घाउ | २०२६ | सिउँडी | २ | | | १७–२१ |
| २. | सकसक | २०२६ | रूपरेखा | १० | १० | १०६ | ४३–४७ |
| ३. | डा. बज्र | २०२८ | मधुपर्क | ४ | ५ | | १५–२० |
| ४. | गोरेटोको खोजीमा मीना | २०२८ | मधुपर्क | ४ | ८ | | २९–३२ |
| ५. | भेट्न नसकिएको अनुहारमा | | मिर्मिरे | | | ३९ | |
| ६. | तटस्थता | २०३० | मधुपर्क | ५ | कथा अङ्क | १२ | १०२–७ |
| ७. | सुपारी पसल | २०४१ | मिर्मिरे | | | ४७ | २९–३३ |
| ८. | रुमालको गन्ध | २०२७ | सिउँडी | ४ | | | २४–३० |
| ९. | सह अतिथि | | मिर्मिरे | | | ५४ | |
| १०. | मानिस, कदम र आवाज | २०२७ | रूपरेखा | ११ | ८ | ११६ | ९–१४ |
| ११. | स्वामिलालको डेरा | २०२८ | कलाकार | १ | ३ | | १७–२१ |

**परिच्छेद पाँच**

## ५.१ नाटककार मोहन कोइराला मोहन कोइरालाका एकाङ्कीहरूको अध्ययन

मोहन कोइरालाले नेपाली साहित्यका विविध विधामा कलम चलाएका छन् । यसै क्रममा उनले कविता, कथा, गद्य समीक्षात्मक विधापछि कलम चलाएको अर्को विधा एकाङ्की नाटक हो । उनी नाटकमा सामाजिक यथार्थ झल्काउने खालका एकाङ्की लेखेर नाट्य लेखन क्षेत्रमा पदार्पण हुन्छन् । मूलतः ४० को दशकपछि उनले एकाङ्की लेखनमा सक्रिय रहेका कोइरालाको हालसम्म 'ग्रीन बिस्कुट', 'झिङ्गे दाउ', 'जीवित भागवत' एकाङ्की प्रकाशित भएको पाइन्छ । यसै प्रकाशित भएका र यस शोधकर्ताको प्राप्त गर्न सकेको उनको 'ग्रीन बिस्कुट' र 'झिङ्गे दाउ' एकाङ्कीको आधारमा उनको नाट्यकारिताको साधारण अध्ययन गरिएको छ ।

### ५.२ मोहन कोइरालाको नाट्यकारिता

मोहन कोइराला कविताको क्षेत्रमा सिद्धहस्त कवि हुन् । उनले कविता बाहेक कथा र नाटक पनि लेखेका छन् । मोहन कोइरालाले "दुईवटा नाटक पनि लेख्नु भएको छ ।"[१] कोइरालाको एकाङ्की 'झिङ्गे दाउ', 'जीवित भागवत', 'ग्रीन विस्कुट' प्रकाशित भएको पाइन्छ । उनको नाट्यलेखन २०४५ सालमा प्रकाशित रूपमा देखा पर्‍यो । समग्रमा कोइरालाले जम्मा चार वटा नाट्य कृति लेखेको पाइन्छ । उनको नाट्यकारितालाई अध्ययन गर्दा समकालीन नाटककारहरू जति नाट्य कृति भने कोइरालाले दिन सकेका छैनन् । उनको साहित्य लेखनको कान्छो विधाको रूपमा नाटक लेखनलाई लिन सकिन्छ । नाटक भन्दा अगाडि उनले कविता, कथा समालोचनात्मक गद्य लेखन लेखि सकेपछि नाट्य लेखनमा प्रवृत्त भएको पाइन्छ ।

[१] तुलसीप्रसाद गौतम, पूर्ववत्, पृ. १३ ।

नेपाली साहित्यमा उनले नाट्य क्षेत्रमा थोरै नाटक र एकाङ्की दिए पनि विषयवस्तुमा भने नौलो स्वरूप आफ्नो नाटक र एकाङ्कीमा उतारेको पाइन्छ । आफ्ना पूर्ववर्ती कविता र कथा लेखन भन्दा विषयवस्तु र कथानकमा भिन्न शैली र विचार उनका एकाङ्कीमा पाइन्छ । समाजभित्रका यथार्थ वस्तुस्थितिको चित्रणमा उनका एकाङ्की सफल भएको पाइन्छ । उनको एकाङ्कीले आजको मान्छेको विवशता र जटिलतालाई अभिव्यक्त गरेको देखिन्छ ।

## ५.३ मोहन कोइरालाको नाट्य प्रवृत्ति

मोहन कोइरालाका प्राप्त हुन आएका एकाङ्कीका आधारमा उनको नाट्य प्रवृत्तिको आधार तय गर्नुपर्ने हुन्छ ।

५.३.१ यथार्थवादी प्रवृत्ति– कोइरालाका एकाङ्कीहरूमा यथार्थ वस्तुस्थितिको चित्रण पाइन्छ । समाजभित्रका घटनालाई उनका 'झिङ्गे दाउ' र 'ग्रीन-बिस्कुट'ले यथार्थवादी तरिकाले उतारेको पाइन्छ ।

५.३.२ शहरी परिवेशको चित्रण– कोइरालाका एकाङ्कीममा शहरी परिवेशको चित्रण पाइन्छ । उनका नाट्यएकाङ्कीमा शहरभित्रको अभाव, कुण्ठा गरिबी र बेरोजगार वर्गको चित्रण उनका एकाङ्कीमा पाइन्छ ।

५.३.३ कम पात्र प्रयोग - कोइरालाले आफ्नो एकाङ्कीहरूममा कम भन्दा कम पात्रको प्रयोग गरेको पाइन्छ । उनले एकाङ्कीमा नारी र पुरुष दुवैलाई समान रूपले प्रयोग गरेका छन् । उनको पात्र प्रयोग तीन भन्दा बढी छैनन् मूख्य भूमिका तीन पात्रमै सिमित गराएका छन् ।

५.३.४ पात्र अनुकूल भाषा शैली - कोइरालाले एकाङ्कीमा पात्र अनुकूलको भाषाशैली प्रयोग गरेका छन् । पात्रको स्तर अनुसारको भाषा प्रयोग उनका एकाङ्कीहरूममा पाइन्छ ।

५.३.५ सरलसंवाद - कोइरालाले एकाङ्कीमा सरल संवाद प्रयोग गरेका छन् । उनको संवाद छोटो भएकाले मञ्चन गर्न योग्य रूपमा रहेको पाइन्छ ।

५.३.६ द्वन्द्व पक्ष- कोइरालाका एकाङ्कीमा द्वन्द्व पक्ष त्यति सवल छैन । उनको द्वन्द्व मन्चमा भन्दा पर्दा पछाडि नै रहेको देखिन्छ । सांकेतिक द्वन्द्व उनका एकाङ्कीमा पाइन्छ ।

५.३.७ प्रतीकात्मक शीर्षक चयन- कोइरालाले आफ्ना एकाङ्कीमा प्रतीकात्मक शीर्षक चयन गरेर समसामयिक राजनीतिक व्यवस्थाप्रति व्यङ्ग्य गरेको पाइन्छ ।

## ५.४ मोहन कोइरालाका एकाङ्कीहरूको अध्ययन

मोहन कोइरालाका दुई एकाङ्कीहरू 'झिङ्गे दाउ' र 'ग्रीन-बिस्कुट'को साधारण अध्ययन यस शीर्षकमा गरिएको छ । उनको दुई एकाङ्की शोधकर्ताले प्राप्त गर्न सकेको तर उनका अन्य नाटक र एकाङ्की लेखेको चर्चामा आए पनि उपलब्ध हुन नसकेकाले यीनै दुई नाट्य एकाङ्कीलाई आधार बनाएर अध्ययन गरिएको छ ।

### ५.४.१ 'झिङ्गे दाउ' एकाङ्की अध्ययन

'झिङ्गे दाउ' एउटै मात्र अङ्क भएको नाट्य एकाङ्की हो । एउटै मात्र दृश्यमा सामान्य परिवेशमा यसको कार्यव्यापार घटित छ । नाटककारले परिवेशको वर्णन गर्दा काठमाडौंको असन टोलको एउटा घरको कोठामा अपरान्हपछिको घटनालाई लिएका छन् । समयको अन्वितिका दृष्टिले यो एकाङ्की प्रभावकारी बनेको छ ।

'झिङ्गे दाउ'मा पात्र प्रयोग सीमित छ । जम्मा तीन जना पात्रहरूको प्रयोग एकाङ्कीकारले गरेका छन् । जसमा नरमान, इमानसिंह र इमानसिंहको आमा सलिना यस एकाङ्कीका पात्र रहेका छन् ।

यस एकाङ्कीका पात्र नरमान र इमानसिंह शहरी बेकारी युवा हुन् । उनीहरूले आफ्नो समय तास र झिङ्गे दाउ खेलेर विताएका छन् । कुनैपनि काममा संलग्न नरहेका र कामको खोजी गर्दा पनि नपाएका तत्कालीन काठमाडौंको युवा वर्गको

बढ्दो बेकारीपन यस एकाङ्कीमा प्रसतुत भएको पाइन्छ । शहरी निम्न वर्गीय युवा वर्ग जसको पहुँच छैन ती वर्गका युवा आफ्नो अमूल्य समय तास र झिङ्गे दाउ खेलेर बिताउनुपर्ने बाध्यता र जसबाट उत्पन्न हुने नैराश्यतालाई कोइरालाले देखाएका छन् । एक पुस्ता र अर्को पुस्ताको संस्कार र सोचाइमा आएको परिवर्तनलाई सलिनाले गरेका कुराबाट इमानसिंहमा पैदा भएको धार्मिक नैराश्यताले वर्तमान समाजको युवा पुस्ताको मानसिकता प्रतिविम्बित भएको छ । भनसुन र ठुलावडाको चाकडी नगरी जागिर नपाउने अवस्थालाई यस एकाङ्कीले प्रष्ट्याएको छ । असनको एउटा घरको कोठामा दुईजना पात्र नरमान र इमानसिंह बीचको झिङ्गे दाउ खेलबाट यस एकाङ्कीको कार्यव्यापार शुरु हुन्छ । झिङ्गा बसेको पैसा खाने खेलले ती दुईजना पात्रको भाग्यवादी सोचले तिनीहरूले वर्वाद गरेको समय रोजगारविहीन भएको कारणले हो । जागिर खान दरर्खास्त दिंदा कुनै ठूलावडाको हात नपर्नुलाई झिङ्गाको प्रतिकात्मक रूपमा तिनीहरूले लिएका छन् । झिङ्गे दाउले यी दुवै पात्रमा नराम्रो प्रभाव पारेको छ । दुवैको भाग्यमा झिङ्गा नवस्नुले उनीहरूको भविष्यको अनिश्चितता प्रकट भएको छ । उनीहरू आफ्नो भाग्यको फैसला पनि झिङ्गाबसे राम्रो र नवसे नराम्रो भन्ने सोचबाट ग्रस्त छन् । सलिनाको धार्मिक उपदेश यस एकाङ्कीमा झन भाग्यवादी प्रवृत्तिको रहेको छ । सलिना भगवानको आराधना र भगवानको आचरण छोराहरूलाई सिकाउँछे पढेर मात्र बुद्धि बढ्दैन कृष्ण चरित, राम चरित र महाभारत राम्रोसँग खानुपर्छ भानुभक्तको रामायणको गुण सिक्नुपर्छ भन्दै आफ्ना छोरालाई उपदेश दिन्छे । उसले वर्तमान अंग्रेजी शिक्षा प्रति नै रोश प्रकट गरेर पौराणिक मिथकको आचरण आजका मान्छेले गर्नुपर्छ भनेर आफ्नो भगवानप्रतिको आस्था प्रकट गरेकी छ । इमानसिंहलाई आफ्नो आमाको कुरा प्रति त्यति चासो छैन उ भन्छ “सरस्वतीको मूर्तिमा गएर बुद्धि पाइन्छ । यस कुरालाई नरमान “गरिवले शिक्षा भनेर पुग्दैन उस्ले छोराछोरी पढाउन र राम्रो विद्याअभ्यास गर्न कति कुराको आवश्यकता पर्छ ।” भन्ने कुरा नरमानबाट प्रष्ट भएको छ । यसरी शहरी बेरोजगार युवाहरूको समय तिनीहरूले गरेका कार्यव्यापारले

यस एकाङ्कीमा समस्या सृजना गरेको छ । समस्याको उपर्युक्त समाधान नहुँदै एकाङ्की टुङ्गिन्छ ।

यस एकाङ्कीमा संवाद सरल छ । पात्र अनुकुलको संवादले एकाङ्की प्रभावोत्पादक बनेको पाइन्छ । नरमान र इमानसिंह बीचको संवाद सरल छ उनीहरूको संवादले पात्र अनुकूलको अभिव्यक्ति दिएका छन् भने सलिनाको संवादले आफ्नो वर्गका धार्मिक भिरुहरूको प्रतिनिधित्व गर्छ ।

द्वन्द्व पक्ष यस एकाङ्कीमा त्यति सशक्त देखिंदैन तैपनि यसमा सलिना, नरमान र इमानसिंहको वैचारिक द्वन्द्व भने छ । अर्को तर्फ पहुँचवाला र निम्न वर्गको द्वन्द्व सूक्ष्म रूपमा सांकेतिक भएपनि कर्मवाद र भाग्यवादको द्वन्द्व भने रहेको देखिन्छ तर यो प्रष्ट रूपमा नभई सांकेतिक रूपमा रहेको छ ।

अतः यस एकाङ्कीले शहरभित्रको एउटा घटनालाई समस्याको रूपमा उभ्याई त्यसबाट समग्र युवावर्गको बेकारीपनलाई लक्षित गरेको पाइन्छ । निम्न वर्गको सामाजिक वेकारीपनलाई यस एकाङ्कीमा लक्षित गरेको पाइन्छ । निम्नवर्गको सामाजिक स्तर तिनीहरूले भोगेको समय र स्वयं त्यसवर्गका मान्छे आफ्नै कारणले पछाडि पर्नु परेको यथार्थ यस एकाङ्की मार्फत कोइरालाले प्रष्ट्याएका छन् । उनको समाजभित्रको वस्तु यथार्थलाई यथार्थवादी तरिकाले चित्रण गर्ने शैलीले यो एकाङ्की झिङ्गे दाउ समस्या नाटक जस्तो वनेको पाइन्छ । मान्छेभित्रको चारित्रिक दुर्वलता नरमान र इमानसिंहको कार्यव्यापारले देखाए पनि तिनीहरूलाई सुधार्ने कडि भने कमजोर माध्यम अपनाएका छन् । सलिनाको पौराणिक गनथन र चाकडि प्रथामा लाग्नुपर्ने कुरा वर्तमान समयमा नसुहाउने हो तर कोइरालाले त्यस्तै कमजोर माध्यमलाई अपनाई सामाजिक विद्रोहलाई ओझेलमा पारेको देखिन्छ । एकाङ्की यथास्थितिवादी भएपनि समाजभित्रको घटनालाई जस्ताको तस्तै उतार्नु कोइरालाको निपूर्णता भने यस एकाङ्कीमा झल्किएको पाइन्छ । शीर्षकलाई प्रतिकात्मक रूपमा उभ्याई वर्तमान समयको अभिव्यक्ति दिंदै त्यसको सफल चित्रण भने कोइरालाले गरेको पाइन्छ ।

### ५.४.२ ग्रीन–बिस्कुट एकाङ्कीको अध्ययन

ग्रीन-बिस्कुट एउटै मात्र अङ्क भएको एकाङ्की हो । एउटै मात्र दृश्यममा सामान्य परिवेशमा यसको कार्यव्यापार घटित छ । परिवेशको वर्णनमा घरभित्रको एउटा कोठाम यस एकाङ्कीको कार्यव्यापार सिमित रहेको छ । मध्यान्न पछिको समय यस एकाङ्कीमा संकेत गरिएको छ । समयको अन्वितिका दृष्टिले पनि यो एकाङ्की प्रभावकारी बनेको छ ।

यस एकाङ्कीमा पात्रको रूपमा मुख्य रूपमा रमेश शर्मा, बासुदेव रमिरा रहेका छन् भने गौण पात्रको रूपमा पिन्चु र रमिता रहेका छन् । रमेश र मिरा श्रीमान श्रीमति हुन् भने बासुदेव रमेश र मिरा दुवैको साथि हो । रमिता रमेशको घरमा काम गर्ने केटी हो भने पिन्चु रमेशको छोरा हो । यसरी यसमा पात्रसंख्या सिमित रहेको पाइन्छ ।

यस एकाङ्कीमा रमेश शर्मा निम्नवर्गीय कर्मचारी हो । उसले आफ्नो कमाइबाट आफ्नो परिवार पाल्ने चरित्रको रूपमा रहेको छ । बासुदेव एउटा देश विदेश घुमेर रुपियाँ पैसा जम्मा गरेर ग्रीन डलर र गोल्डेन विस्कुट आदि थुपार्ने चरित्रको रूपमा रहेको छ । बासुदेव आफ्नो घरमा सबै भौतिक सुख सुविधा सम्पन्न भएको व्यक्ति हो । रमेश शर्माको आफ्नो आर्थिक हैसियत त्यति राम्रो छैन । उसले आफ्नी श्रीमती मिराको भौतिक सुविधा त्यति राम्ररी पुऱ्याउन सकेको हुँदैन । घरमा टि.भि. भिडियो आदिको व्यवस्था गर्न नसक्नुले उसको आर्थिक स्थिति झल्किन्छ । बासुदेवले भने विभिन्न माध्यम र तौरतरिकाले आफ्नो हैसियत उच्च राख्न सक्ने चरित्रको रूपमा चित्रित रहेको पात्र हो । यस एकाङ्कीमा कोइरालाले तत्कालीन व्यवस्थामा जसले जति कमायो उसको उति उच्च मूल्याङ्कन हुने कुरालाई इंगित गरेको पाइन्छ । मिरा आफ्नो आर्थिक कारण र कलेजको मिल्ने साथी घरमा आउँदा फिल्म हेर्ने बहानामा भेट्न नआउनु उसप्रति ईर्ष्या गर्नु, मिराको लघुताभास देखिन्छ । वासुदेव आफ्नो हैसियत मुताविकको कुराले घरमा काम गर्ने केटीलाई बोर्डिङ स्कुलमा हाल्नुपर्ने र पिन्चुलाई

चाहिए जति कुराको पूर्ति गर्नुपर्छ भन्ने उच्चताभास देखाउनुले यसमा दुई वर्गका मानिस बीचको हैसियतको टकराव देखिन्छ । कोइराला यस एकाङ्कीमा जे जसरी धन कमाएपनि नेपालका संचार माध्यमले झन प्रोत्साहन गरेको तस्करी गर्नेको वोलवाला रहेकोले साधारण सरकारी जागिर खाने कर्मचारी आफ्नो तलब र सुविधाबाट आफ्नो जीविका चलाउनु बाहेक अरू कुनै भौतिक सुख सुविधाको उपलब्धिमा कठिनाइ भएको अवस्था रमेश शर्माको स्थितिले झल्काउँछ । अतः यसको कथानक छोटो भएपनि यसले नेपालको वर्तमान राज्यव्यवस्थाको कमजोरी र नारी भित्रको विलासी आकांक्षा र फिल्मले पारेको प्रभावले मिरामा फिल्मी हिरोको कमजोरी उस्को वास्तविक जीवनको हिरो रमेशको कमजोरी तर्फ संकेत गरेको देखिन्छ भने वासुदेवको कुराबाट निकै रिसाएकी मिराको क्रोधले उसको मानसिक स्थितिको क्षतिपूर्ति व्यक्त गरेको छ ।

यस एकाङ्कीमा द्वन्द्व पक्ष सवल रूपमा रहेको छ । रमेशनाथ र वासुदेवबीचको द्वन्द्व प्रकट रूपमा नदेखिए पनि मिरा र वासुदेव वीचको द्वन्द्व यस एकाङ्कीमा ठाउँ-ठाउँमा भेट्न सकिन्छ । द्वन्द्वका हिसावले यस एकाङ्कीमा मिराको मानसिक विचलन वासुदेव आएपछि उसले गरेको व्यवहारले बासुदेवप्रतिको उसको धारणा र स्वयं वासुदेवले भनेका कुराबाट मिराको आक्रोशले व्यक्त गरेका भनाईबाट द्वन्द्व चरमचुलिमा पुगेको पाइन्छ ।

संवाद पक्ष यस एकाङ्कीमा सरल रूपमा अभिव्यक्त भएको पाइन्छ । चरित्र अनुकुलको बोलीचाली नाटककारले यसमा प्रयोग गरेका छन् । यथार्थवादी वस्तुस्थिति झल्काउन उनले सरल भाषाशैलीलाई प्रयोग गरेको पाइन्छ । कोइरालाको संवाद सरल स्पष्ट र समसामयिक रहेको छ ।

उद्देश्य र शीर्षकका हिसाबाट यस एकाङ्कीमा प्रतीकात्मक शीर्षकबाट तत्कालीन समयमा धनी बन्नलाई गरिने कार्य र त्यस कार्यलाई सामाजिक वातावरण संचार मध्यम आदिले खेलेको भूमिका झन फलदायी भएको कुरा एकाङ्कीकारले अभिव्यक्त गरेको पाइन्छ । ग्रीन-बिस्कुटलाई संकटकालीन खाजाको रूपमा सुरुमा चित्रण गर्दै

विस्कुटको चर्चाको क्रममा ग्रीन डलर, गोल्डेन विस्कुट हुँदै ती चिज कमाउँदा कुन-कुन क्षेत्रले के-कस्तो भूमिका खेल्ने संचार जगत् आदिले त्यस्ता व्यक्तिका विरोध गर्दा-गर्दै पनि कसरी समर्थन गर्न पुग्छन् । समाजमा यस्तो विस्कुट कमाउने मान्छेको हैसियतलाई कसरी मूल्याङ्कन गरिन्छ । आदिकुराका साथ-साथै देशी-विदेशी चलखेल तस्करी गरी पैसा कमाउन प्रशसनको सहयोग चाहिनेतिर पनि संकेत गरेको पाइन्छ । वासुदेवले ग्रीन डलर र गोल्डेन सुन कमाउन रमेश शर्माको सरकारी ओहदा आदिप्रति गरेको चाखले (रमेश शर्मामा) एक प्रकारको डर पैदा गरेको देखाउँदै इमान्दारीता रमेश शर्माबाट झल्काएको देखिन्छ । मिराको घोचपेच र विलासी जीवन विताउने चाहना कुण्ठित बनाउँदै रमेश शर्माको आफ्नो स्वच्छता बचाउन लगाई एकाङ्की सकिएको छ । यसमा शीर्षक प्रतीकात्मक प्रयोग गरेर वर्तमान व्यवस्थामा तस्कर र भ्रष्टाचारीको सामाजिक स्तर उचालिएको र इमानदार राष्ट्रसेवक कर्मचारीको मनोबल घटेको वस्तुस्थितिको चित्रण  गर्नु यस एकाङ्कीको उद्देश्य रहेको पाइन्छ ।

## ५.५ कोइराला नाट्य एकाङ्कीको विवरणको सूची

| क.सं. | शीर्षक | प्रकाशन वर्ष | स्रोत | वर्ष | अङ्क | पूर्णाङ्क | पृष्ठ |
|---|---|---|---|---|---|---|---|
| १ | ग्रीन विस्कुट | २०४५ | शृंखला | १० | १ | १८ | ४-१४ |
| २ | झिङ्गे दाउ | २०४५ भदौ | मधुपर्क | २१ | ४ | | २४-२९ |
| ३ | जीवित भागवत | २०४५ असार-साउन | | | | १५ | ६६ |

परिच्छेद छ

# मोहन कोइरालाका समीक्षाहरूको अध्ययन

## ६.१ गद्य समीक्षक मोहन कोइराला

मोहन कोइरालाले कविता, कथा, नाट्य एकाङ्की बाहेक समीक्षा पनि लेखेको पाइन्छ । उनले साहित्यका सबै जसो विधामा कलम चलाउने क्रममा उनले गद्य विधाका समीक्षा लेख, निबन्ध, सम्पादकीय र प्रकाशकीय लेख लेखेको पाइन्छ । कोइरालाका यस्ता लेख, समीक्षामा समालोचकीय छाप परेको देखिन्छ । अतः यस परिच्छेदमा कोइरालाको समीक्षात्मक लेख, प्रकाशकीय लेख, निबन्ध र सम्पादकीय लेखको संक्षिप्त अध्ययन गरी उनका गद्य सम्बन्धी लेखहरूको विवरण प्रस्तुत गरिएको छ ।

## ६.२ मोहन कोइरालाको समीक्षात्मक लेखको अध्ययन

मोहन कोइरालाको समीक्षात्मक लेख प्रज्ञा-प्रतिष्ठानमा सदस्यको रूपमा कार्यरत रहँदा प्रत्येक सदस्यले आ-आफ्नो क्षेत्रसँग सम्बन्धित भएर लिखित रूपमा दिइएको प्रवचनको रूपमा आएको पाइन्छ । यसै क्रममा प्रज्ञाबाट प्रकाशित भएका पत्रिकाहरूमा उनको समीक्षात्मक लेखहरू प्रकाशित भएका छन् । 'कविता बारे केही चर्चा' (२०३५) उनको समीक्षात्मक लेखहरू समेटिएको कृति हो । यस कृतिमा उनको विभिन्न समयमा प्रकाशित भएका समीक्षात्मक लेखहरू समेटिएका छन् । यसै कृतिका आधारमा उनको समीक्षात्मक लेखनको अध्ययन गर्नुपर्ने हुन्छ ।

कोइरालाले आफ्नो समीक्षात्मक लेखमा नेपाली कविता विधासँग सम्बन्धित लेख रचना प्रकाशित गराएको पाइन्छ । मूलतः यस समीक्षात्मक कृतिमा नेपाली कविताको इतिहासदेखि वर्तमानसम्मका प्राचीन र आधुनिक कविताहरूको चर्चा गरेको पाइन्छ । 'कविताबारे केही चर्चा' भन्ने कृतिमा संग्रहित लेखहरूले उनको खोज तथा अन्वेषणमूलक समालोचनात्मक विधिलाई आत्मसात गरेको देखिन्छ । कविता बारे केही चर्चा भित्र समेटिएका लेखहरूमा क्रमशः कवितामा स्वका प्रकारान्तर स्वरहरू, पुराना

'नेपाली कविता एक अध्ययन', 'करुण रसका केही नेपाली कविता', 'नेपाली गद्य कविताको प्रारम्भ', 'कवितामा चर्चित भएका भौगोलिक स्थलहरू', 'नेपाली कवितामा केही हाँस्य प्रयोग खण्ड १ र २', 'नेपाली कविताको विश्व-सन्दर्भ' आदि गरी आठ ओटा समीक्षातमक लेखहरू रहेका छन् । उनको अन्य पत्रपत्रिकाहरूमा पनि समीक्षात्मक लेखहरू फुटकर रूपमा प्रकाशित भएको पाइन्छ । तर, यस शोधपत्रमा कविताबारे केही चर्चामा भएका लेखहरूको संक्षिप्त परिचयात्मक अध्ययन गरिएको छ ।

मोहन कोइरालाको यस कृतिमा "कविताको सिद्धान्त, कविताको मान्यता, कवितामा आधुनिकता, पाश्चात्य प्रभाव, प्रयोगशीलतासँग सम्बन्धित लेखहरू रहेको पाइन्छ ।"[1] यस कृतिमा कोइरालाले कवितामा प्रयोग भएका अन्तर वस्तुलाई आत्मपरक रूपमा समीक्षा गरेको पाइन्छ । यस कृतिभित्रका समीक्षात्मक लेखहरूको संक्षिप्त अध्ययन क्रमशः प्रस्तुत गरिने छ ।

### ६.२.१ कवितामा स्वका प्रकारान्तर स्वरहरूको अध्ययनः

कोइरालाले यस समीक्षात्मक लेखमा आत्मरस प्रधान गद्य स्वरूपको विश्लेषण गरेको पाइन्छ । यस्ता प्रवृत्ति  भएका कविता प्राथमिक कालदेखि आधुनिक गद्य कवितामा पनि विस्तार भएको कुरा उल्लेख गरेका छन् । यस लेखमा कोइरालाले कवितामा थप एउटा 'स्व' रस हुन्छ भन्ने कुरालाई हिजो आजका गद्य कवितामा स्वानुभूतिले ओतप्रोत भएका कविताको भावनाले पुष्टि गरेको कुरालाई कोइरालाले अभिव्यक्त गरेको देखिन्छ । स्वरसका कवितालाई व्याकरण, भाषा, छन्द आदिमा भन्दा भावमा स्व अनुभूति प्रष्ट रूपमा आजका नयाँ कविताले समेटेको चर्चा कोइरालाले गरेको पाइन्छ । कोइरालाले नेपाली हावा, पानी, माटो आदि प्राकृतिक सम्पादा स्व. अनुभूतिले प्रकट रूपमा अभिव्यक्त हुने हुनाले गद्य कवितामा प्रभाव पार्ने यस्ता कुरालाई लक्ष्मीप्रसाद देवकोटाको 'पागल' र 'साँढे' कविताले पुष्टि गरेको कुरा उल्लेख

---

[1] लक्ष्मण प्रसाद गौतम, पूर्ववत्, पृ. १८ ।

गरेको पाइन्छ । देवकोटाले परम्परागत छन्द भङ्ग गरी स्वकल्पनाको प्रयोगले गद्य स्वरूपको मिठासपूर्ण अभिव्यक्ति छन्दमा भन्दा गद्यमा महत्त्वपूर्ण भएको चर्चा गर्न खोजेको देखिन्छ ।

अतः स्व अनुभूति र स्वरस भएका गद्य कविताले मानवसंवेदना समेट्ने हुनाले कवितामा स्वरसको महत्त्वपूर्ण स्थान हुन्छ भन्दै कोइरालाले यस लेखमा विभिन्न विषयवस्तुको चर्चा गर्दै आफूले लेखिएका गद्य प्रयोगशील कविताको औचित्य सावित गर्न खोजेको आभास पाउन सकिन्छ ।

### ६.२.२ पुराना नेपाली कविताको एक अध्ययन

यस लेखमा कोइरालाले नेपाल एकीकरण अभियानसँगै आएको वीररसकालीन कवितामा प्रयोग भएका विषयवस्तुलाई समेटेको पाइन्छ । उनले प्राथमिककालीन कविताको चर्चा गर्दै ती कविताहरूमा प्रयोग भएका नेपाली चलन चल्तिका सरसामान विभिन्न प्रकारका, फूल, हातहतियार, प्रकाश,भाँडाकुँडा आदिको चर्चा गरेका छन् । उनले प्राथमिककालीन नेपाली भाषाको कस्तो स्वरूप रहेको थियो । यसको पनि संक्षिप्त चर्चा गरेको पाइन्छ । सुवानन्द दास, उदयानन्द अर्यालले प्रयोग गरेका भाषाको स्वरूपको चर्चा गर्दै प्राथमिककालीन कविताको नमूना प्रसतुत गरेका छन् । भानुभक्तले नेपाली भाषामा स्तरीयता र मौलिकपन थपेको करा कोइरालाले अभिव्यक्त गरेको देखिन्छ । यसै लेखमा कोइराला प्राथमिक कालमा नेपाली भाषामा विदेशी भाषाको प्रभावको सुक्ष्म अवालेकन पनि गरेका छन् । प्राथमिक नेपाली पद्यमा प्रयोग हुने विभिन्न नेपाली चलन चल्तिका सरसामान फूल आदिले राष्ट्रिय सम्मान पाएको चर्चा कोइरालाले यस लेखमा गरेको पाइन्छ । कोइराला ती पुराना कविताको माध्यमबाट हामीले हाम्रो इतिहास र राष्ट्रिय गौरबबाट आजको आधुनिक गद्य कविता गौरवान्वित भएको र यस कुराले देश निर्माणमा ठोस योगदान पुग्ने कुराको अभिव्यक्ति कोइरालाले यस लेखमा दिएको पाइन्छ ।

### ६.२.३ करुण रसका केही नेपाली कविताको अध्ययनः

यस लेखमा कोइरालाले रसका शास्त्रीय मान्यताको व्याख्या गर्दै करुण रसका कारक तत्त्वको चर्चा गरेका छन् । प्राथमिक कालीन कविताका पद्यमा करुण रस अभिव्यक्ति भएको कुरा उल्लेख उनले गरेको पाइन्छ । करुण रसका प्राथमिक र माध्यमिककालीन पद्यको नमूना प्रस्तुत गर्दै त्यस्ता करुण भावको विश्लेषण गर्दै ऐतिहसिक समालोचनात्मक पद्धतिको स्वरूप प्रस्तुत गरेको देखिन्छ । कोइरालाले लिएका पद्धहरूमा होमनाथ, हरिहर लामिछाने, गोपीनाथ लोहनी र अन्य प्राथमिक र माध्यमिककालीन कविहरूको कविताहरूको विश्लेषण गर्दै ती कवितामा करुण भाव कसरी प्रवाहित भएको छ त्यसको चर्चा गरेको पाइन्छ । यसै लेखमा उनले बालकृष्ण समले प्रयोग गरेको करुण भावको पद्य लिंदै विभिन्न कविहरूले कसरी करुण भाव व्यक्त गरेका छन् त्यसको विश्लेषण उनले गरेको पाइन्छ । गुनासो र दुःखका गाथा मिश्रित करुण रस नेपाली कवितामा आएको चर्चा गर्दै नेपाली समाजको करुण भाव जगाउने सामाजिक धार्मिक र पौराणिक मिथकले समाजमा करुण रस निस्पति भएको चर्चा यस लेखमा कोइरालाले समेटेको पाइन्छ ।

### ६.२.४ नेपाली गद्य कविताको प्रारम्भ

यस लेखमा कोइरालाले गद्य कविता लेखनको शुरुवातको चर्चा गरेको पाइन्छ । उनले गोपाल प्रसाद रिमाललाई गद्य कविताको प्रारम्भकर्ताको रूपमा प्रसतुत गरेका छन् । यस लेखमा विभिन्न समालोचकको धारणालाई समेट्दै १९९० सालको भूकम्पले पुराना संरचना भत्किए पनि नयाँ निर्माणको प्रारम्भ भए जस्तै नेपाली कविता र अन्य विधामा नयाँ-नयाँपन आएको चर्चा गरेको पाइन्छ । १९९० साल पछि नेपाली साहित्य रकलामा पर्न आएका बाह्य प्रभावले नयाँ छन्द, नयाँ शैली, नयाँ स्वरूपको प्रयोग हुन लागेको कुरा कोइराला व्यक्त गर्न पुग्छन् । गद्य कविताको प्रारम्भ भए पछि देवकोटा, भिक्षु आदि कविहरू गद्य कविता लेखनमा सक्रिय भए, उनीहरूले यस गद्य कविताको स्वरूपलाई झन बढी परिमार्जन गरेको कुरा कोइरालाले उल्लेख गरेको पाइन्छ । पद्य

कविताले समेट्न नसकेको भाव गद्य कविताले व्यक्त गरेको र यस क्षेत्रमा गोपालप्रसाद रिमाल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भवानी भिक्षु आदिको योगदानले नेपाली गद्य कविता शसक्त रूपमा अगाडि बढेको चर्चा यस लेखमा कोइरालाले गरेको पाइन्छ । नयाँ कविहरू ती अग्रज कविहरूको योगदानले प्रभावित भएको चर्चा व्यक्त गर्न पुग्छन् । नयाँ कविहरूमा भूपि, मदन रेग्मी, द्वारिका श्रेष्ठ, पारिजात, वैरागी काइँला आदि कविहरू अग्रज कविहरूको शिल्प, शैली भाषाबाट प्रभावितव हुँदै नयाँ शिल्प शैली, विम्ब आदिको प्रयोग र विस्तारमा लागेको तर्क यस लेखमा कोइरालाले व्यक्त गर्न पुगेको पाइन्छ ।

### **६.२.५ कवितामा चर्चित भएका भौगोलिक स्थलहरूको अध्ययनः**

यस लेखमा कोइराला पुराना नेपाली कवितामा प्रयोग भएका भौगोलिक स्थल र नयाँ कवितामा प्रयोग भएका भौगोलिक स्थलको चर्चा गर्दै ती स्थलहरूको महत्त्वको बारेमा उल्लेख गरेको पाइन्छ । प्राथमिककालीन कवितामा प्रयोग भएका भौगोलिक स्थलको बारेमा उल्लेख गर्दै कविहरूले कुन-कुन रूपमा त्यस्ता स्थललाई कविताको विषयवस्तु बनाए त्यसको चर्चा कोइरालाले यस लेखमा गरेका छन् । कवितामा बाँचेका त्यसकालका भौगोलिक स्थल हाल कतिपय प्रशासनिक इकाईमा विभाजन भए भने कतिपय कविका पद्यमा मात्र सीमित भएको कुरा उनले उल्लेख गर्न पुगेका छन् । उनले त्यस्ता स्थलहरू स्वदेशी र विदेशी दुवै प्रकारका रहेको चर्चा गरेको पाइन्छ । स्वदेशीमा स्वदेशभित्रका तत्कालीन बाइसी र चौबिसी राज्यको वस्तुस्थिति चर्चा गरेका कविता पर्दछन् भन्ने कुराको उल्लेख पाइन्छ । यस्ता कविता बीरकालीन कविताभित्र पर्न जाने खालको रहेको पाइन्छ । कोइरालाले नेपाली लोक लयमा प्रयोग भएका भौगोलिक स्थलहरूको पनि चर्चा गरेका छन् । उनले लोकमानसमा प्रचलित धार्मिक सांस्कृतिक स्थल नदी सांस्कृतिक महत्त्वका क्षेत्र देखि विश्व महत्त्वका घटनालाई पनि समेटेको पाइन्छ । कोइरालाले यस लेखमा भीमनिधि तिवारी, वाशुशशी, भूपिका कविताको उद्धरण प्रस्तुत गर्दै नेपाली कवितामा प्रयोग भएका भौगोलिक स्थलको महत्त्व यस लेखमा प्रस्तुत गरेको पाइन्छ ।

### ६.२.६ नेपाली कवितामा केही हास्य प्रयोग अध्ययनः

यस लेखमा कोइरालाले हाँसोका कारण र त्यसका प्रकारहरूको वर्णन गरेको पाइन्छ । उनले पुराना र नयाँ कवितामा हास्य प्रयोगको स्वरूपको चर्चा गरेको पाइन्छ । यस लेखलाई कोइरालाले दुई खण्डमा विभाजन गरी कवितामा हाँस्य रस पक्षको विश्लेषण गरेको पाइन्छ । यसलेखको खण्ड एकमा विभिन्न कविका कविताको उद्धरण सहित चर्चा गरेका छन् । कोइरालाले विधारण्य केशरी, इन्दिरस, भानुभक्त, लेखनाथ, धरणीधर कोइराला, महानन्द सापकोटा, सिद्धिचरण श्रेष्ठ र लक्ष्मीप्रसाद देवकोटा आदि कविको कविताको उद्धरण दिएर उनीहरूले प्रयोग गरेको हास्य प्रयोगको संक्षिप्त विश्लेषण गरेको पाइन्छ । हास्य रसको प्रयोग कवि पिच्छे फरक-फरक रूपमा रहेको कुरा प्रस्तुत गरेर प्राथमिक कालदेखि आधुनिक कविको हाँसोको प्रस्तुतीकरण फरक हुँदै वैचारिक र क्रान्तिकारी हाँसोको चर्चा गरेको पाइन्छ । यसै लेखको दोस्रो खण्डमा देवकोटा पछिका आधुनिक कविले हाँसोलाई कुन रूपमा प्रयोग गरेका छन् त्यसको समीक्षा गरेका छन् । यस खण्डमा कोइरालाले, भवानी भिक्षु, सिद्धिचरण श्रेष्ठ, केदारमान व्यथित, माधवप्रसाद घिमिरे, गोपालप्रसाद रिमाल, भूपि शेरचन वैरागी काइँला, कृष्ण भक्त श्रेष्ठ, कुन्दन शर्मा, पारिजात आदिका कविताहरूको उद्धरण र उनीहरूका कवितामा हाँसोको प्रायोगिक विशेषताको विश्लेषण गरेको पाइन्छ । आधुनिक नयाँ कवितामा हाँसोको वैचारिक पक्षले अहिलेका पुराना कवि भन्दा फरक रूपमा हाँसोको पक्ष अभिव्यक्त भएको कुरा तर्फ संकेत गरेको पाइन्छ । आधुनिक गद्य कवितामा विश्वजनिन हाँसोको पुट भेट्न सकिने तर्क प्रस्तुत लेखमा कोइरालाले समीक्षागरेको देखिन्छ । नयाँ कविताले सामाजिक, राजनीतिक, धार्मिक आदि कुराको व्यङ्ग्यात्मक चेतको हाँसोको पक्षलाई समालोचकहरूले त्यति चर्चा नगरेको कुराको अभिव्यक्ति कोइरालाले यस लेखमा दिएको पाइन्छ ।

### ६.२.७ नेपाली कविताको विश्व सन्दर्भको अध्ययन

यस लेखमा कोइरालाले नेपाल एकीकरण अभियानसँगै नेपाल विश्वको मानचित्रमा परिचित हुन पुगेको कुरा व्यक्त गरेको पाइन्छ । नेपाली कविताको प्रारम्भिक स्वरूप वीरगाथाबाट बनेको र नेपाल एकीकरणमा त्यस समयका कविहरूले

वीर रस प्रवाहित गरी कवितामा स्वदेश प्रतिको माया दर्साएको कुराको चर्चा गरेका छन् । नेपाली भूगोलबाट बाहिर प्राथमिककालमा चीन, भारत, बेलायतसँग नेपालको सम्बन्ध थियो । पहिलो विश्वयुद्ध पछि नेपाली युवा बेलायती सेनामा भर्ना भएर विभिन्न देशमा युद्ध गर्न पुगेको चर्चा गर्दै नेपाली कवितामा विश्वको वस्तुस्थिति युद्धकाअनुभव आदि सवाइ गाथाका रूपमा आएको चर्चा व्यक्त गरेका छन् । जंगबहादुरको बेलायत यात्रा, चन्द्र समशेरको बेलायत भ्रमण आदिले नेपाली कविताले गाथाचक्रको स्वरूप ती देशको वस्तुस्थितिको वर्णन प्राथमिक र माध्यमिककालीन कवितामा पर्न गएको कुराको संकेत गरेको पाइन्छ । नेपालीहरू विभिन्न देशहरूमा शिक्षा रोजगारी आदि कार्यमा संलग्न भएकोले तिनीहरूले भोगेका सुनाएका र लेखेका अनुभव नेपाली कवितामा अभिव्यक्त भएको उल्लेख यस लेखमा गरेका छन् । विश्व राजनीतिमा आएको परिवर्तन शस्त्र अस्त्रको होडबाजी आदि कुराले कवितामा कसरी अभिव्यक्त भएको छ त्यसको उद्धरण सहित प्रस्तुत गरेको पाइन्छ । कोइरालाले यस लेखमा प्राथमिककालीन पद्य र आधुनिक कविताका उद्धरण प्रस्तुत गर्दै, भानुभक्त, लक्ष्मी प्रसाद देवकोटा, बालकृष्ण सम, विजय मल्ल, गोविन्दबहादुर गोठाले वैरागी काइँला आदिका कवितामा विश्व सन्दर्भ कसरी प्रवाहित भएको छ त्यसको उल्लेख गरेको पाइन्छ । कोइरालाले पुराना र नयाँ कवितामा समयको परिवर्तनसँगै कवितामा विश्वजनिन घटनाले नेपाली कवितामा यथेष्ट स्थान पाएका छन् भन्ने तर्कलाई समीक्षात्मक रूपमा अवलोकन गरेको पाइन्छ ।

### ६.२.८ निष्कर्ष

कोइरालाले कविता बारे केही चर्चामा कविता विधाका विभिन्न पक्ष र स्वरूपको चर्चा गर्दै नेपाली कविताको इतिहास देखि वर्तमान सम्मको अवलोकन गरेको देखिन्छ । कविताभित्र प्रयोग भएका भाव र यसको अन्तरवस्तुको स्थुलपक्षलाई समीक्षाको मुख्य विषयको रूपमा लिएर यस्को आत्मपरक समीक्षा यस कृतिमा गरेको पाइन्छ । उनले यस कृतिबाट समालोचकीय चिन्तन र कविता विश्लेषणको क्षेत्रगत दायरालाई फरक पार्ने कोशिस गरेको देखिन्छ । यो उनको चिन्तनले पाठकले नसोचेका

कविताभित्रको अन्तरवस्तुको महत्त्व कति हुँदोरहेछ त्यसको समीक्षात्मक टिप्पणी यस समीक्षात्मक कृतिमा दिएको पाइन्छ । कविताबारे केही चर्चा नेपाली समालोचक र समीक्षकहरूका लागि प्रेरणा परक कृतिको रूपमा रहन जाने देखिन्छ । तर उनको समीक्षाको अध्ययन विश्लेषण हालसम्म नहुनुले कविको रूपमा मात्रै कोइरालालाई उभ्याउने प्रकृयाले उनको समीक्षा र समालोचकीय दृष्टि भने ओझेलमा परेको देखिन्छ ।

### ६.३ मोहन कोइरालाका लेख, निबन्धको संक्षिप्त अध्ययन

मोहन कोइरालाले आफ्ना कृतिहरूको भूमिका, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरू, कविता सम्पादन गर्दा लेखिएका प्रकाशकीय लेख आदि लेखहरूले उनको लेखकीय व्यक्तित्वको परिचय दिन्छ ।

आफ्ना कृतिहरूको प्रकाशनमा उनले प्रकाशकीय लेख लेखेर त्यस्ता कृति भित्रको जटिलता दुर्बोध्यतालाई निराकरण गर्न खोजिएको देखिन्छ । प्रकाशकीय लेखहरूमा 'नदी किनाराका माझी' मा 'कविताका पाठकसँग' 'हिमचुली रक्तिम छ', मा 'दुई शब्द', 'ऋृतु निमन्त्रण र गालपान' मा 'दुई शब्द' आदि लेखहरूममा आफ्ना कृति भित्रको अन्तरवस्तुलाई अभिव्यक्त गरेको पाइन्छ । उनले आफ्नो लेखनीय जटिलता र आफ्ना कविताको दुर्बोध्यतालाई बुझ्न सक्ने बनाउन कोइारालाले प्रकाशकीय लेख मार्फत सक्दो प्रयास गरेको पाइन्छ । कविताका पाठकसँगमा पनि उनले प्रत्येक लामा कविताको मूलभावलाई समेटी संक्षिप्त रूपमा त्यसको विश्लेषणमा गरेको देखिन्छ । 'ऋृतु निमन्त्रण र गालपान'मा पनि उनले ती दुई कविताको बारेमा लामो चर्चा गरेको देखिन्छ । उनले अन्य आफ्ना कृतिहरू प्रकाशित गर्दा लेखिएका लेखहरूमा त्यस कृति भित्रको अन्तर वस्तुका साथै गद्य कविताको महत्त्व दर्साएको पाइन्छ ।

कोइरालाका लेखहरू व्यक्तिपरक पनि छन् । उनले विभिन्न साहित्यकारहरूको संझना र राजनीतिक घटना क्रमलाई पनि आफ्नो लेखको विषयवस्तुमा समेटेको पाइन्छ । यस्ता लेखहरूमा "सडक कविताले गरिमा थपिएको छ" भन्ने लेखमा उनले

२०३६ सालको सडक कविता क्रान्तिलाई महत्त्वपूर्ण रूपमा लिएको देखिन्छ । विभिन्न व्यक्ति परस्त लेखमा भूपि शेरचन, भवानी भिक्षु, विश्वेश्वरप्रसाद कोइराला, कवि कृष्ण प्रधान आदि व्यक्तिहरूको स्मृति र सम्झनामा तिनीहरूले पुऱ्याएको साहित्यिक योगदानको चर्चा गर्दे उनीहरूको मूल्याङ्कन गरेको पाइन्छ ।

कोइरालाका निबन्धात्मक विशेषता भएका लेखहरूमा "पोखरामा भएको कवि सम्मेलन" "मेरो काव्यात्मक धारणा" आदि पर्न आउँछ । "पोखरामा भएको कवि सम्मेलन भन्ने निबन्ध उनको विशेष उल्लेखनीय रहेको पाइन्छ । यस निबन्धमा उनले पोखेली साहित्यिक वातावरणको चर्चा गर्दे कविहरूको जमघटको चर्चा गर्न पुगेका छन् । पोखराको बसाइमा साहित्यिक माहौल राजा-रानीको सवारी आदि कुराको उल्लेख गर्दै पोखराको यात्रामा कोइरालाले अनुभूत गरेको घट्नाको आत्मपरक ढंगले यस निबन्धमा अभिवयक्त गरेको देखिन्छ । 'मेरो काव्यात्मक धारणा' भिन्ने लेखमा कोइरालाले आफ्नो चिन्तनको दायरा फराकिलो बनाएको पाइन्छ । यसमा कोइरालाले कवितालाई कुनै धारणा वा सिद्धान्तमा बाँध्न सकिंदैन भन्ने कुरा अभिव्यक्ति गरेका छन् । देश, काल र परिवेशले काव्यमा नयाँ-नयाँ प्रवृत्ति भित्रिन्छ भन्दै विभिन्न संस्कृति, हावापानी रहन-सहनले कवितामा प्रभाव पार्छ भन्ने कुरा व्यक्त गरेको पाइन्छ । उनले कविताको सिद्धान्त भन्दा कविहरूको स्वअनुभूतिको चर्चा यस लेखमा गरेको देखिन्छ ।

अतः कोइरालाले आफ्ना लेख निबन्धमा आत्मपरक अनुभूति दिएको देखिन्छ । उनको यस अनुभूतिमा द्रष्टा र चिन्तक व्यक्तित्त्वको झलक पाउन सकिन्छ । उनको लेखाइ केही जटिल भएपनि उनका लेखहरूले समय सापेक्ष विचार बोकेको पाइन्छ ।

### ६.४ मोहन कोइरालाका सम्पादकीय दृष्टिको अध्ययन

मोहन कोइराला प्रज्ञा प्रतिष्ठानमा सदस्यको रूपमा रहेको बेला विभिन्न कविता कृतिको सम्पादन गरेका छन् । यस्ता कविता कृतिहरूमा आधुनिक गद्य कविता देखि राष्ट्रिय भाषाका कविताको सम्पादनसम्म गर्न पुगेको देखिन्छ । उनले विभिन्न

साहित्यिक कार्यक्रमको आयोजना गरेर त्यस कार्यक्रमहरूको पुस्तक प्रकाशन गराएका छन् । उनले सम्पादन गरेका कृतिहरूमा 'आजका नेपाली कवि' (२०५०) 'राष्ट्रिय भाषाका कविताहरू' (२०५०) 'नेपाली काव्यसंगोष्ठी' (२०४९) 'धरणीधर स्मृति ग्रन्थ' (२०४९) आदि कृति सम्पादन र प्रकाशन गराएको पाइन्छ । उनको सम्पादकीय लेखमा आजका नेपाली कवितामा आधुनिक नव कविताको क्षेत्रमा कलम चलाउने कविहरूको चर्चा गरेको पाइन्छ । उनले कविता सम्बन्धित विभिन्न आन्दोलन र वादबाट आएका कविहरूको विशेष चर्चा गर्दै गद्य कवितालाई आजको युगको महत्त्वपूर्ण उपलब्धीको रूपमा चित्रण गरेका छन् । "राष्ट्रिय भाषाका कविताहरू" मा नेपालका हिमाल, पहाड र तराई क्षेत्रमा बसोबास गर्ने विभिन्न भाषा भाषी बोल्ने जनजातिको कविता समेटेको पाइन्छ । उनले नेपालभित्र बोलिने राष्ट्रिय भाषालाई राष्ट्रको अमूल्य सम्पत्तिको रूपमा रहेको कुरा सम्पादकीय कलमबाट पुष्टि गरेको पाइन्छ । कोइरालाले नेपाली काव्य संगोष्ठिको आयोजना गराइ त्यसको पुस्तक प्रकाशन गराएमा छन् । काव्य भित्रको वादविवाद गराइ अन्यौल भएका विषयममा प्रतिवेदन पेश र त्यसको टिप्पणी गराइ सर्वसम्मत मत निकाल्ने व्यवस्था उक्त आयोजनाले केही हद सम्म पुर्ति गरेको पाइन्छ । धरणीधर स्मृति ग्रन्थको सम्पादन गरी कवि धरणीधरले नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरेको पाइन्छ ।

अतः मोहन कोइरालाको सम्पादकीय कलम पनि शसक्त रहेको देखिन्छ । उनले प्रज्ञामा रहँदा अन्य कृतिहरूको पनि सम्पादन गरेर सम्पादकीय दायित्व कुशलतापूर्वक वहन गरेको पाइन्छ । उनको सम्पादकीय कलम तट्स्थ भएर बसेको छ । कसैप्रति द्वैष र अरूलाई नगिराई सम्पादकीय धर्म उनले निभाएको पाउन सकिन्छ ।

### ६.५ मोहन कोइरालाका गद्य समीक्षा, लेख र सम्पादित कृतिहरूको सूची

| | शीर्षक | प्रकाशन वर्ष | स्रोत | वर्ष | अङ्क | पूर्णाङ्क | पृ |
|---|---|---|---|---|---|---|---|
| १. | दुई शब्द | २०३५ | हिमचुली रक्तिम छ | | | | १–२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | सडक कविताले गरिमा थपिदिएको छ | २०३६ | भानु | १६ | २९ | | १५४–५६ |
| ३. | सात सालपछि आधुनिक कविता | २०४० | रूपरेखा | २५ | १ | २६५ | ३७–४० |
| ४. | पोखरा शिविरको कवि सम्मेलन | २०४२ | मिर्मिरे | | | ५६ | ५३–५७ |
| ५. | कविताका केही चर्चाहरू | २०३४ | सारङ्गी बोकेको समुन्द्र | | | | क–ङ |
| ६. | कविताका पाठकहरूसँग | २०३८ | नदी किनाराका माझी | | | | क–छ |
| ७. | दुई शब्द | २०४० | ऋतु निमन्त्रण र गरलपान | | | | क–छ |
| ८. | अभिव्यक्तिका दुई शब्द | २०४० | बलेंसी | | | | क–ग |
| ९. | हिटलर र यहुदीका नारी पात्रहरूसँग एकक्षण | २०४१ | राष्ट्रिय पुनर्जागरण | ४ | ७ | | ४७–४८ |
| १०. | मेरो काव्यात्मक केही धारणा | २०२० | रूपरेखा | ४ | ६ | ३० | ३–४ |
| ११. | भूपि लघुचित्र | २०४६ | उन्नयन | २ | ४ | | ८६–८९ |
| १२. | मौन पहाडको विहड भित्र कवि कृष्ण प्रधान | २०४९ | मौन पहाड | | | | ग–ङ |
| १३. | छायावादी कवि भिक्षु | २०४९ | उन्नयन | | १० | | २३८–४० |
| १४. | बी.पी अनेक व्यक्तित्व | २०४१ | सुरुचि | २ | ७ | | १२–१३ |
| १५. | रजत जयन्तीको बधाई | २०४१ | रूपरेखा | | | २७७ | ८१–८४ |
| १६. | आधुनिक साहित्यको मुख्य स्रोत | | रूपरेखा | १८ | ८ | २०० | ३१–३२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १७. | नयाँ कविता (विचार विशेषांक) | २०३४ | भानु | ४ | २९ | | |
| १८. | जटिल र दुरुहको सिङ्गो आरोप म मान्दिन | २०६२ | मधुपर्क | ३८ | ७ | ४३८ | |
| १९. | फर्सीको जरा पढ्दा नपढ्दा | | गरिमा | | | | |
| २०. | धरणीधर स्मृति ग्रन्थ (सम्पादन) | २०४९ | ने.रा.प्र.प्र. | | | | |
| २१. | राष्ट्रिय भाषाका कवतिाहरू (सम्पादन) | २०५० | ने.रा.प्र.प्र. | | | | |
| २२. | आजका नेपाली कविता (सम्पादन) | २०५० | ने.रा.प्र.प्र. | | | | |
| २३. | कविताबारे केही चर्चा (समीक्षा) | २०३५ | ने.रा.प्र.प्र. | | | | |

## परिच्छेद सात

# निष्कर्ष र उपसंहार

### ७.१ निष्कर्ष

वि.सं. २००३ सालदेखि लेख्न थालेका मोहन कोइरालाका कविताहरू २००७ सालदेखि मात्र प्रकाशित रूपमा देखापर्‍यो । कोइरालाले कविता, कथा, नाट्य एकाङ्की र गद्य समीक्षा जस्ता साहित्यका सबै जसो विधामा कलम चलाएका छन् । उनको मुख्य ख्याती कवितामा नै रहेका देखिन्छ । तर उनका अन्य विधागत लेखनले उनको बहुमुखि व्यक्तित्त्वको स्पष्ट छाप भने छोडेको पाइन्छ ।

वि.सं. २००३ सालदेखि २०६३ सालसम्म उनको काव्ययात्राको समय ६० वर्षको देखिन्छ । छ दशक लामो समयसम्म अटुट रूपमा साहित्य साधनामा संलग्न रहेकोले मोहन कोइरालाको साहित्यप्रतिको लगाव र निष्ठाको परिचय पाइन्छ ।

"मोहन कोइरालाको कवि कर्म रोमोन्सबाद (स्वच्छन्दतावाद) बाट प्रारम्भ भएको हो ।" प्रारम्भीक चरणमा उनले स्वच्छन्दतावादी प्रवृत्ति भएका कविताहरू लेखे । २०१७ सालपछि घाइते युगबाट प्रयोगवादी धाराको सुरुवात गरेका कोइरालाले आधुनिक गद्य कविताको क्षेत्रमा एकछत्र राज्य गरे । उनले गद्य कविताको आयाम र स्वरूपमा परिवर्तन ल्याई मूर्त र अमूर्त दुवै प्रकृतिका कविता लेखेका छन् । कोइरालाका कविता लामा र छोटा दुवै स्वरूपको पाइन्छ । लामा कवितामा आख्यान सापेक्ष र आख्यान निरपेक्ष दुवै स्वरूपको देखिन्छ । यस शोधपत्रमा कोइरालाको कविताको विवरण प्रस्तुत गर्दै उनका छोटा, मझौला र लामा कविताका साधारण अध्ययन गरि ती कविता कृतिको विश्लेषण गरिएको छ ।

कवि मोहन कोइरालाको सारङ्गी कवितामा सम्पूर्ण कवि कलाकारको यथार्थ जीवनको भोगाइको चर्चा गर्दै नेपाली जनताको वास्तविक जीवन दृष्टिको अवलोकन गरेको पाइन्छ । उनले यसमा प्रयोगवादी जीवनदृष्टिको उत्कृष्ट नमूना 'सारङ्गी' कविता प्रयोग भएको देखिन्छ । 'यो परिवेश हिजोको'मा कोइरालाले शहरी परिवेशमा कविले

अन्धविश्वासले गाँजेको शहरी परिवेशमा विश्वासको संकट देखाएका छन् । यसमा उनले अमूर्त लेखनबाट मूर्त लेखनको आरोहण गरेका छन् । "यो परिवेश हिजोको" लामो कविता नौलो विषयवस्तुलाई प्रस्तुत गर्दै शहरभित्रको डेरामा बसेर समग्र शहरी परिवेशको अध्ययन गरिएको छ । 'नीलो मह' काव्यले नेपाली काव्य परम्परामा नवीन प्रवृत्ति भित्र्याएको छ । यस काव्यले लामो कविताको वृहत रूप महाकाव्य समकक्षी लामो कवितात्मक ढाँचा लिएको पाइन्छ । यस काव्यमा हिमाली जनजातीय संस्कृति प्रस्तुत गर्दै शोषण, अन्याय, अत्याचारको सजिव चित्रण यस काव्यमा प्रस्तुत भएको पाइन्छ । गरिवी, अशिक्षा, मातृत्व र प्रेमको तड्पन आदिलाई समेट्दै शहरी विसङ्गत समाज र छाडा प्रवृत्तिले गाउँका स्वच्छ सफा चरित्र सोसिएर नीलो भएको यस काव्यले प्रसतुत गरेको पाइन्छ । अतः कोइरालाका कविताहरूमा प्रयोगवादी अमूर्त र मूर्त दुवै कविता र काव्यले छोटा र लामो कविताको स्वरूप प्रसतुत गर्दै विषयवस्तुगत नवीनतालाई समेटको पाइन्छ । उनका कविताहरूमा यथार्थवादी, विसङ्गतिवादी जीवन दृष्टिका साथै राष्ट्रियता र स्वतन्त्रताको भावना अभिव्यक्त भएको पाइन्छ । उनका कविताहरूमा शहरी परिवेशको चित्रण मूल विषय वनेको छ । शहरी जटिलता यसले ल्याएको समस्याको चित्रण उनका कविताहरूले समेटेको पाइन्छ ।

मोहन कोइरालाका कथाहरूमा समसामयिक विषयलाई कथाको विषयवस्तु बनाएको पाइन्छ । कोइरालाले कथामा चरित्रको आन्तरिक तथा मानसिक विश्लेषण गरेका छन् । कोइरालाका कथाहरूममा शहरी परिवेशको चित्रण मुख्य रूपमा रहेको छ । कम पात्र प्रयोग उनका कथाहरूमा पाउन सकिन्छ । उनका कथाहरूमा नारी चरित्रलाई प्राथमिकता दिंदै शहरी समाजको यथार्थवादी चित्रण उनका कथाहरूले प्रसतुत गरेका छन् । निम्नमध्यमवर्गीय शहरी जनताको चित्रण गर्दै विसङ्गतिमूलक जीवनदृष्टि उनका कथाले प्रस्तुत गर्न खोजेको देखिन्छ । अतः उनका कथाले समाजभित्रको अव्यवस्था र विसङ्गत अस्तित्त्व बोध भएका कथा लेखन उनको रहेको देखिन्छ । कोइराला आधुनिक कथाको उत्तरार्द्ध चरणमा देखापरेका कथाकार हुन् ।

उनले एक दर्जन जति कथा प्रकाशन गराई आफूलाई कथाकारको रूपमा उभ्याएका छन् ।

मोहन कोइरालाको कलम नाट्य एकाङ्की लेखनमापनि सक्रिय रहेको छ । उनका प्राप्त हुन आएका नाट्य एकाङ्कीको अध्ययन गर्दा समसामयिक नाट्यएकाङ्कीकारहरूकै प्रवृत्ति उनका नाट्य एकाङ्कीले प्रस्तुत गरेको पाइन्छ । 'ग्रीन-बिस्कुट' र 'भिंगे दाउ' एकाङ्कीको अध्ययन गर्दा शहरभित्रका विभिन्न अवस्था र परिवेश उनका एकाङ्कीमा आएका छन् । उनले एकाङ्कीमा प्रतिकात्मक शीर्षक चयन गरेर सुक्षम विष्यावस्तुलाई गहन रूपले उतारेका छन् । उनका एकाङ्कीहरू बढि यथार्थवादी प्रवृत्तिका रहेका छन् । समसामयिक राजनीतिक व्यवस्था र त्यसको विकृति विसङ्गतिको चित्रण उनका एकाङ्कीले प्रस्तुत गरेको पाइन्छ । पात्रहरूको मानसिक अवस्थाको चित्रण गर्दै तिनीहरूको कार्यव्यापार शसक्त रूपमा एकाङ्कीमा कोइरालाले उतारेको पाइन्छ ।

मोहन कोइरालाका गद्य समीक्षाहरूले नेपाली आलोचना क्षेत्रमा एउटा विशेषता राखेको पाइन्छ । समीक्षा सम्बन्धि उनका कृति "कविताबारे केही चर्चा" भन्ने समीक्षात्मक लेखहरूको संगालोले नेपाली कविताको इतिहास देखि वर्तमानसम्मको स्वरूपको चर्चा गरेका छन् । उनका समीक्षात्मक लेखहरूमा आधुनिक गद्य कविताको स्वरूप नेपाली कवितामा प्रयोग भएका अन्तरवस्तु र त्यसको महत्त्व आदिको चर्चा गरेको पाइन्छ । कोइरालाले विभिन्न पत्रपत्रिकामा प्रकाशित फुटकर लेखनिबन्धहरूमा आत्मपरक अनुभूति दिएको पाइन्छ । कोइरालाले विभिन्न कृतिको सम्पादन गरेका छन् । त्यस्ता कृतिहरूमा सम्पादकीय लेखेर सम्पादकीय दायित्व कुशलतापूर्वक वहन गरेका छन् । उनको सम्पादकीय कलम तटस्थ भएर बसेको छ । आधुनिक गद्य कविताको लेखनको महत्त्व उनले आफ्ना सम्पादकीय लेखमा लेखेको पाइन्छ । उनका अन्य फुटकर लेखरचनाहरूमा शुभकामना बधाई र विभिन्न व्यक्तिहरूको संभनामा संस्मरणात्मक लेखले उनको गद्य लेखन सशक्त रहेको पाइन्छ ।

## ७.२ उपसंहार

मोहन कोइराला (१९८३-२०६३) नेपाली साहित्य जगत्का नवप्रयोग कर्ता हुन् । उनले साहित्यका कविता, कथा, नाट्य एकाङ्की र गद्य समीक्षा जस्ता सबैजसो विधामा कुशलतापूर्वक कलम चलाएका छन् । उनको मुख्य ख्याति कविता नै हो । कवितामा प्रयोगवादी धाराको आरम्भकर्ता कोइरालाले कवितालाई कुनै पनि सिद्धान्त र परिधिमा नवाँधी कवितामा स्वअनुभूति प्रकट गरेका छन् । उनले कविताको संरचना पक्षमा पनि आफ्नै छुट्टै शैली र संरचनाको प्रयोग गरेको पाइन्छ । स्वच्छन्दतावादी धाराबाट प्रभावित भएर कविता लेख्न थालेका कोइरालाले पछि आफ्नै शैलीले आधुनिक गद्य कविताको पाश्चात्यधारामा प्रचलित मान्यतालाई नेपालीकरण गरे । उनले विभिन्न विषय र प्रवृत्तिका लामो कविता लेखेर नेपाली काव्यजगतलाई धनी बनाए । कोइरालाले कथा लेखेर कविताको दुर्बोध्यता कथामा उतारेका छैनन् । उनका कथाहरूमा स्पष्ट सरल भाषाशैली प्रयोग गरेका छन् । उनका कथाहरूले आख्यानको महत्त्वलाई समेट्दै समसामयिक यथार्थवादी अभिव्यक्ति दिएका छन् । एकाङ्कीमा उनको नाटकीय शिप पनि झल्किएको पाइन्छ । उनले एकाङ्की मार्फत सामाजिक विषयवस्तुलाई एकाङ्कीमा समेट्दै समाजभित्रको अन्तरवस्तुको चित्रण गरेको पाइन्छ । गद्य समीक्षा जस्तो समालोचकीय दृष्टि उनका लेख र समीक्षा जस्तो विधाले प्रष्ट पारेको छ । उनका लेखहरू प्रायः कविता विधासँग सम्बन्धित छन् । कविताको स्वरूप र त्यसको अन्तरवस्तुको चर्चा गर्दै खोजमूलक समालोचकीय दायित्व वहन उनका गद्य समीक्षाले समेटेको पाइन्छ । कोइरालाले अन्य फुटकर लेखमा राजनीतिक आन्दोलनसँग सम्बन्धित कविता आन्दोलनको बारेमा टिप्पणी गर्दै आफ्नो प्रजातन्त्रप्रतिको प्रतिवद्धता जनाएको पाइन्छ । उनका फुटकर लेखहरूमा साहित्यिक व्यक्तिहरूको संस्मरण गरेर तिनीहरूको योगदानको मूल्याङ्कन गरेको पाइन्छ ।

अतः कोइराला २०६३ सालसम्म आफ्नो साहित्य साधनामा तल्लिन रहेका व्यक्ति हुन् । उनको २०६३ साल फागुन १० गते मस्तिष्कघातको कारणले यस संसारबाट विदा लिए । उनको साहित्यिक कृति नेपाली साहित्य क्षेत्रमा युग-युग बाँचि

रहने छ । स्पष्ट वक्ता कोइराला आफ्नो जीवनभर कसै प्रति अनुदार नभई सरल जीवनशैली लिएर प्रायोगिक जटिल भाषाले नेपाली जीवनशैली, यथार्थता सामाजिक विसङ्गत पक्षको चित्रण कोइरालाले आफ्ना कृतिहरूमा गरे । उनको साहित्यिक कर्मथलो नेपाली समाज रह्यो । यसै थलोलाई नयाँ रूप र संरचनामा कोइरालाले पाठक सामु प्रस्तुत गरे । उनको समग्र साहित्यको मूल्याङ्कन भने हुन सकेको छैन । तर, यस शोधकर्ताद्वारा कोइरालाको कविता, कथा, एकाङ्की विभिन्न गद्य लेखको साधारण अध्ययन गरी उनको विधागत लेखनको विश्लेषण गर्दै उनको समग्र काव्ययात्राको परिचय प्रस्तुत गरी उनको विधागत मूल्याङ्कन गरेको छ ।

# सन्दर्भसामग्रीसूची


कटुवाल, प्रचण्ड (२०६३), **समालोचक रामलाल अधिकारी**, त्रि.वि. कीर्तिपुर अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग ।

काफ्ले, चूडामणि (२०४२), **कवि मोहन कोइरालाको जीवनी, व्यक्तित्व र प्रारम्भिक कविताको अध्ययन**, त्रि.वि. कीर्तिपुर अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग ।

कुँवर, उत्तम (२०३९), **अनुभव र अनुभूति,** काठमाडौँ : रूपायन प्रेस ।

................, (२०५०), **स्रष्टा र साहित्य,** काठमाडौं : साझा प्रकाशन ।

कोइराला, कुमारप्रसाद (२०५८), **नेपाली आख्यानको अध्ययन**, विराटनगर : वाणी प्रकाशन ।

कोइराला, मोहन (२०२५), **लेक**, काठमाडौं : रूपायन प्रकाशन ।

................, (२०३०), **मोहन कोइरालाका कविता,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

................, (२०३५), **कविताबारे केही चर्चा**, काठमाडौं : ने.रा.प्र.प्र.।

................, (२०३८), **नदी किनाराका माझी**, काठमाडौ. : हिमाली शिशु संस्थान ।

................, (२०४०), **ऋतु नियन्त्रण र गरलपान,** काठमाडौं : ने.रा.प्र.प्र. ।

................, (२०४१), **नीलो मह,** काठमाडौं : ने.रा.प्र.प्र.।

................, (२०४७), **एउटा पपलरको पात,** काठमाडौं : ने.रा.प्र.प्र.।

................, (२०४९), (सम्पा.), **धरणीधर स्मृति ग्रन्थ,** काठमाडौं : ने.रा.प्र.प्र. ।

................, (२०५०), (सम्पा.), **आजका नेपाली कविता**, काठमाडौं : ने.रा.प्र.प्र. ।

................, (२०५०),(सम्पा.), **राष्ट्रिय भाषाका कविताहरू,** काठमाडौं : ने.रा.प्र.प्र. ।

................, (२०५९), **गजपथ,** ललितपुर : साझा प्रकाशन ।

................, (२०६०), **आज कसैलाई बिदा गर्नु छ,** काठमाडौं : कालचक्र नेपाल ।

गौतम, तलुसीप्रसाद (२०५४), **मोहन कोइराला केही कविताको वस्तुपरक अध्ययन,** त्रि.वि. कीर्तिपुर अप्रकाशिहत स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग ।

गौतम, नारायणप्रसाद (२०६१), **नेपाली खण्डकाव्यः सिद्धान्त र विवेचना,** काठमाडौं : दीक्षान्त पुस्तक भण्डार ।

घिमिरे, माधवप्रसाद (२०३९), **पच्चीस वर्षका खण्डकाव्य,** काठमाडौं : ने.रा.प्र.प्र. ।

जोशी, कुमारबहादुर (२०४०), **कविता चर्चा**, ललितपुर : साझा प्रकाशन ।

................., (२०५५) **कवि कोइराला र उनको गङ्गाप्रवास,** काठमाडौ. सरस्वती प्रकाशन ।

जोशी, ताराप्रसाद (२०३०), (सम्पा.), **नेपाली कविता संग्रह भाग–१,** काठमाडौं : मोहनप्रसाद, ढोकाटोल ।

.............., (२०३८), (सम्पा.), **नेपाली कविता संग्रह भाग–२,** काठमाडौं : मोहनप्रसाद, ढोकाटोल ।

त्रिपाठी, वासुदेव र अन्य (२०२८) (सम्पा.), **आधुनिक नेपाली कविता**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

.............., (२०३२), **सिंहावलोकन,** ललितपुर : साझा प्रकाशन ।

...................., (२०४६) (सम्पा.), **नेपाली कविता (भाग–४),** ललितपुर : साझा प्रकाशन ।

पौड्याल, कृष्ण विलास (२०५७), **नेपाली साहित्यको ऐतिहासिक परिचय,** काठमाडौं : नवीन प्रकाशन ।

बराल, ईश्वर (२०३०) (सम्पा.), **मोहन कोइरालाका कविता,** काठमाडौं : ने.रा.प्र.प्र. ।

बन्धु, चूडामणि (२०३४) (सम्पा.) **मोहन कोइरालाका कविता,** काठमाडौं : ने.रा.प्र.प्र. ।

................., (२०५२), **साझा एकाङ्की,** काठमाडौं : ने.रा.प्र.प्र. ।

भूसाल, गुणाकर (२०५८), **इन्द्रिणी** (सङ्गालो) काठमाडौंः क्षितिज प्रकाशन ।

रिसाल, राममणि (२०३१), **नेपाली काव्य र कवि**, ललितपुर : साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद (२०३८), **मनोवैज्ञानिक अनुसन्धानात्मक समालोचना**, काठमाडौँ : ने.रा.प्र.प्र. ।

श्रेष्ठ, दयाराम (२०५९), **साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ**, काठमाडौँ : त्रिकोण प्रकाशन ।

................, (२०६०) (सम्पा.) **नेपाली कथा भाग–४,** ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, रमेश (२०४९), **नेपाली कविताका प्रवृत्ति,** ललितपुर : साझा प्रकाशन ।

सुवेदी, अभि (२०३९) (सम्पा.), **पच्चीस वर्षका कविता,** काठमाडौँ : ने.रा.प्र.प्र. ।

**पत्रिकासूची**

उपाध्याय, देवेन्द्रराज (२०३६), “कवि मोहन कोइराला र रङ्गहीन नेपाली समाज”, **रूपेरखा**, पूर्णाङ्क २१९, साउन ।

कोइराला, मोहन (२०१८ “सारङ्गी”, **रूपरेखा,** वर्ष २ अङ्क १ ।

________, (२०२०) “मेरो काव्यात्मक केही धारणा”, **रूपरेखा,** वर्ष ४ अङ्क ६, पूर्णाङ्क ३० ।

________, (२०२६) “पानीको घाउ”, **सिउँडी,** वर्ष २ ।

________, (२०२६) “सक सक”, **रूपरेखा,** वर्ष १०, अङ्क १०, पूर्णाङ्क १०६ ।

________, (२०२७) “रुमालको गन्ध”, **सिउँडी,** वर्ष ४ ।

________, (२०२७) “मानिस कदम र आवाज”, **रूपरेखा,** वर्ष ११, अङ्क ८, पूर्णाङ्क ११६ ।

________, (२०२८) “स्वामिलालको डेरा”, **कलाकार,** वर्ष १, अङ्क ३ ।

________, (२०२८) “डा बज्र”, **मधुपर्क,** वर्ष ४, अङ्क ५ ।

________, (२०२८) “गोरेटोको  खोजीमा मीना”, **मधुपर्क,** वर्ष ४, अङ्क ८ ।

________, (२०३०) “तटस्थता”, **मधुपर्क,** वर्ष ५, कथा अङ्क ।

________, (२०४१) “सुपारी पसल”, **मिर्मिरे,** पूर्णाङ्क ४७ ।

________, (२०४२) “पोखरा शिविरको कवि सम्मेलन”, **मिर्मिरे,** पूर्णाङ्क ५६ ।

________, (२०४५) “ग्रीन बिस्कुट”, **शृंखला,** वर्ष १०, अङ्क १, पूर्णाङ्क १८ ।

________, (२०४५) “झिङ्गे दाउ”, **मधुपर्क,** वर्ष २१, अङ्क ४ ।

________, (२०६२) “जटिल र दुरुहको सिङ्गो आरोप म मान्दिन”, **मधुपर्क,** वर्ष ३८, अङ्क ७, पूर्णाङ्क ४३८ ।

गौतम, लक्ष्मणप्रसाद (२०६४), “मोहन कोइराला : काव्ययात्रा”, प्रवृत्ति र योगदान, **मधुपर्क**, वर्ष ३९, अङ्क १२, पूर्णाङ्क ४५५ ।

त्रिपाठी, वासुदेव (२०३४), “रूपरेखा र मोहन कोइराला”, **रुपरेखा**, वर्ष १२, अङ्क ८ ।

देवकोटा, कुमुद (२०२९), “मोहन कोइराला र आधुनिक कवि नचिन्दा”, **रूपरेखा,** पूर्णाङ्क १३६, भदौ ।

पराजुली, ठाकुर (२०२७), “नेपाली कविताको आधुनिक दिशा र प्रवृत्ति”, **रूपरेखा**, वर्ष ११, अङ्क १, पूर्णाङ्क १०९ ।

भट्ट, आनन्ददेव (२०२०), “मोहन कोइरालाज्यूको सारङ्गी”, **रुपरेखा,** पूर्णाङ्क ३४, फाल्गुन ।

भट्टराई, तुलसीप्रसाद (२०६४), “नीलो गहिरो दहझैं कवि मोहन कोइराला”, **मधुपर्क,** वर्ष ३९, अङ्क  १२, पूर्णाङ्क ४५५ ।

यात्री, वासुरिमाल (२०२६), “मोहन कोइरालाको कवि र कविताहरू”, **सिउँडी,** पूर्णाङ्क ३ ।

शमशेर, जगदीश (२०२१), “आधुनिक नेपाली कविता”, **रूपरेखा**, वर्ष  ४, अङ्क  १२ ।

शर्मा, ताना, (२०२०), “आधुनिक नेपाली कविता”, **रूपरेखा,** वर्ष  ४, अङ्क ३ ।